जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com




वर्ष २७ • अंक २२७ • २०८२ साल माघ १ गते बिहीबार (15 January, Thursday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

## टिपर आतंकः एकको मृत्यु, एक घाइते

टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधाममा टिपर आतंक बढेको छ। ठूलो र भारी चारपाङ्ग्रे सवारीसाधनका लागि समय समय निर्धारण नगरिदाँ जुनसुकै समयमा टिपरसहितको गाडीले जनकपुरधाम उपमहानगरभित्रको जनजीवन आक्रान्त पारेको छ । जनकपुरधाम उपमहानगरपालिका र धनुषा प्रहरीले बेवास्ता गर्दा पैदल यात्रीहरु जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् ।



जनकपुरधाम उपमहानगरपालिकाले टिपर, ट्रक, बस, ट्रैक्टरसहितका ठूला चारपाङ्ग्रेसहितका सवारीसाधनका लागि समय निर्धारण नगर्दा बिहानदेखि बेलुकासम्म भीडभाड रहने जनकपुरधाम बजारभित्रै चर्को आवाजमा ध्वनी बजाउँदै गाडी गुडाउँदा दिनहुँ दुर्घटना बढ्दै गएको छ।

जनकपुरधाममा बुधबार एकै दिन विभिन्न स्थानमा भएको टिपर आतंकका कारण एकजनाको मृत्यु भएको छ भने एकजना घाइते भएका छन् ।

जनकपुरधामस्थित रामानन्द चोकमा टिपरले ठक्कर दिँदा साइकलमा सवार रहेकी एकजना महिला गम्भीर घाइते भएकी छन् ।

सो घटना भएको केही बेरमै जनकपुरधामस्थित शुभ चोकमा टिपरको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको छ ।

ना ८ ख ८२५७ नम्बरको टिपरले पछाडिबाट ठक्करबाट ज ७ प २८३७ नम्बरको मोटरसाइकल चालक करिब ६५ वर्षीय राजकिशोर यादवको घटनास्थलमै मृत्यु भएको जनाइएको छ । घटनापछि स्थानीयहरूले टिप्परमा तोडफोड गरेका छन् । जलाउन खोजेपछि धनुषा प्रहरीले सुरक्षित साथ त्यहाँबाट निकालेको थियो ।

मृतकको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुरधाममा राखिएको छ ।

प्रदेश २-००३१ क ०७७५ नम्बरको टिपरको ठक्करबाट मिथिला विहारी नगरपालिका - ७ स्थित तारापट्टीकी २७ वर्षीया नितु साह गम्भीर घाइते भएकी छन् । उनलाई थप उपचारको लागि काठमाण्डु पठाइएको धनुषाका प्रहरी प्रवक्ता डीएसपी गणेशबहादुर बमले जानकारी दिए ।

टिपर र टिपर चालक नियन्त्रणमा राखेर अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

विभिन्न ठाउँमा प्रहरीको गस्ती भए पनि ओभरलोड गरेर तीव्र गतिमा बीच व्यस्त बजारमा चल्ने गरे पनि ठूला सवारीसाधनका लागि समय निर्धारण तथा रुट निर्धारण नगर्दा दिनहुँ आम सर्वसाधारण जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् ।

### कांग्रेस विभाजन

## पार्टी आधिकारिकताको विवाद निर्वाचन आयोगमा पुग्यो

टुडे समाचारदाता

काठमाण्डु । नेपाली कांग्रेस औपचारिक रुपमा विभाजन भएको छ । पार्टी संस्थापन पक्षले विशेष महाधिवेशनका अगुवा रहेका महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्म र फर्मुला मन्सुरलाई निष्कासनसहितको कारबाही गरेपछि बुधबार औचापरिक रुपमा पार्टी विभाजन भएको छ ।



पार्टी विभाजनपछि शुरु भएको आधिकारिकताको विवाद निर्वाचन आयोगमा पुगेको छ । आयोगले शेरबहादुर देउवा नेतृत्वको केन्द्रीय कार्यसमितिलाई आधिकारिकता दिने वा विशेष महाधिवेशन पक्षधरको नयाँ नेतृत्वबाट चयन भएका कार्यसमितिलाई आधिकारिकता दिने भन्नेमा विवाद केन्द्रित हुन पुगेको छ ।

माघे संक्रान्तिको सार्वजनिक बिदाको बेलामा पनि निर्वाचन आयोगले आफ्नो कामकारबाही गर्ने भएपछि कांग्रेस विभाजनबारे विवाद छिट्टै टुंगिने आयोगकी सहायक प्रवक्ता सीता पुन श्रीसले जानकारी दिइन् ।

कांग्रेसका महामन्त्रीद्वय गगन कुमार थापा र विश्वप्रकाश शर्मासहित ६० प्रतिशतभन्दा बढी प्रतिनिधि सहभागी विशेष महाधिवेशन पक्षधरले मंगलबार निर्वाचन आयोगमा आफ्नो पत्र बुझाइसकेका छन् । उनीहरूले विशेष महाधिवेनबाट नेतृत्व चयनको प्रक्रिया अघि बढाइसकेको बारे पत्र समेत आयोगमा बुझाइसकेका छन् ।

यसका साथै सभापति शेरबहादुर देउवा पक्षधरको केन्द्रीय कार्यसमिति बैठकले बुधबार महामन्त्रीद्वय थापा र शर्मासहित सहमहामन्त्री फरमुल्लाह मन्सुरलाई कारबाही गरेको पत्र पनि बुधबार आयोगमा पठाएको छ ।

आयोगले कांग्रेसका दुवै पक्षबाट पत्र प्राप्त भएको पुष्टि गरेको छ । राजनीतिक दलसम्बन्धी विवादमा आयोगको बैठक बसेर निर्णय लिने भएको छ ।

निर्वाचन आयोगमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त सहित तीन जना आयुक्त छन् । उक्त टोलीको बैठकबाट कांग्रेसको विवाद समाधान हुने छ ।

स्रोतका अनुसार कार्यवाहक प्रमुख निर्वाचन आयुक्त कांग्रेस विवादमा छिट्टै निर्णयमा पुग्ने तयारीमा देखिएका छन् ।

'माघ ६ गते प्रत्यक्षतर्फको मनोनयन दर्ता गर्नुपर्नेछ । त्यसैले उहाँ विवाद लम्ब्याउने पक्षमा हुनुहुन्न,' आयोग स्रोतले दाबी गर्दै भने, 'कानुनी क्षेत्रमा ४५ वर्षको अनुभव भएको व्यक्तिले दलको विधान र कानुन हेरेर निर्णय गर्न लामो समय लगाउनुहुन्न ।'

स्रोतले जनाए अनुसार कांग्रेसको आधिकारिकता विवाद केही दिनभित्रै टुंगो लाग्नेछ । यो विवाद कायम रहँदा प्रत्यक्षतर्फको मनोनयन प्रभावित हुनसक्छ । दलहरूले उम्मेदवार छान्ने प्रक्रियामा पनि असर पर्छ । त्यसैले आयोगले तत्कालै निर्णय गर्ने सम्भावना छ ।

यता पार्टी सभापति शेरबहादुर देउवा पक्ष र विशेष महाधिवेशन पक्षबीच दुई दिनसम्म चलेको रस्साकस्सी छलफल निष्कर्षविहीन भएपछि महामन्त्रीद्वय थापा र शर्मासहितकालाई पाँच वर्षका लागि पार्टीबाट निष्कासनसहितको कारबाही गरेको छ । विशेष महाधिवेशनलाई नै ओझेलमा पार्न खोजेको भन्दै विशेष महाधिवेशन पक्षधरले चुनावी प्रक्रियाद्वारा पार्टीको केन्द्रीय कार्य समिति नै चयन गरेको छ ।

सभापति देउवा पक्षले कारबाही गरेर विशेष महाधिवेशन पक्षधरको माग सम्बोधन नगरेपछि विशेष महाधिवेशन पक्षले बुधबार राति ११ बजेसम्म निर्वाचन प्रक्रियालाई अगाडि बढाएको थियो । उक्त विशेष महाधिवेशनबाट सभापति पदका लागि गगन कुमार थापाको मात्रै उम्मेदवारी परेको छ । उनी सर्वसम्मत रुपमै सभापति हुने सम्भावना प्रबल रहेको छ । त्यस्तै उपसभापतिमा विश्वप्रकाश शर्मा, फरमुल्लाह मन्सुर र पुष्पा भुसाल उम्मेदवारी परेको छ भने सहमहामन्त्रीका लागि बागमती प्रदेशका पूर्वमुख्यमन्त्रीसमेत रहेका बहादुरसिंह लामाले उम्मेदवारी दिएका छन् । महामन्त्रीद्वयमा गुरूराज घिमिरे र प्रदीप पौडेलको उम्मेदवारी परेको छ ।

## एकै दिनमा प्रतिनिधिसभा सदस्यको निर्वाचन हुने

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेशमा शान्तिपूर्ण, भयरहित वातावरणमा निष्पक्ष ढंगले निर्वाचन सम्पन्न गराउन जिल्ला निर्वाचन योजना अनुसार काम कारबाही अघि बढाउन निर्देशन दिइएको छ।



जनकपुरधाममा बुधबार मधेश प्रदेशस्तरीय सुरक्षा गोष्ठीमा गृहमन्त्री ओमप्रकाश अर्यालले उक्त निर्देशन दिँदै शान्ति तथा सुरक्षा स्थापनासंगै निर्वाचनको तयारीमा लागेका निर्वाचन आयोगलाई चाहिने आवश्यक सहयोग सरकारले गरिरहेको बताए ।

उनले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनलाई मध्यनजर गर्दै सुदृढ शान्ति र सुरक्षा व्यवस्था मिलाउने गरी अगाडि बढेको बताए । उनले एकैदिनमा निर्वाचन सम्पन्न हुने गरी अहिलेदेखि नै चुस्तदुरुस्त रुपमा काम गर्न आग्रह गरे ।

गृहमन्त्री अर्यालले सरकार देशमा सुरक्षा र शान्ति कायम गर्न कटिबद्ध रहेको बताए । उनले अपराध हुनु भन्दा नियन्त्रण गर्ने तर्फ सरकारले काम गरिरहेको बताए । उनले निर्वाचनका लागि विशेष ध्यान दिएर सरकार अघि बढेको बताए । उनले सीमानाकामा हुने गरेको अपराधहरुलाई नियन्त्रण गर्न पनि विशेष पहल भइरहेको जनाए ।

गृहमन्त्री अर्यालले प्रतिनिधिसभाको निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष तथा धाँधलीरहित सम्पन्न गराउनका लागि सुरक्षाफौजको महत्वपूर्ण भूमिका रहेको स्मरण गर्दै गृहमन्त्री अर्यालले सुरक्षाफौजको मनोबल उच्च रहने गरी सरकारले कुनै कसर बाँकी नराखिने बताए ।

गृहमन्त्री अर्यालले भने, 'अहिले प्रविधिको भएको विकासले एआईको माध्यमले विभिन्न उच्छ्श्रृंखल गतिविधि निर्वाचन सँग हुन भएकाले सरकार त्यसतर्फ सचेत भइ आपराधिक गतिविधि गर्नेसंग कठोरताका साथ प्रस्तुत हुनेछ ।'

उनले आफूहरू युवापुस्ताको आन्दोलनको मर्म पूरा गर्न ६ महिनामा चुनाव सम्पन्न गराउनका लागि लागिपरेको बताउँदै निर्वाचनप्रति अहिले सम्पूर्ण देश नै होमिएकाले आशंका गर्ने कुनै ठाउँ बाँकी नरहेको स्पष्ट पारे ।

उनले बढ्दो डिजिटल प्रविधि एआईको प्रयोग मात्रै नभइ अभिव्यक्ति स्वतन्त्रताको नाममा कुनै पनि निर्वाचनसंग जोडेर वा अन्य विषयवस्तु राजनीतिक वा धार्मिक नाममा हिंसा भड्काउने, सद्भाव खल्बिन दिने खालका कुनै पनि गतिविधि हुन नदिन सरकार कटिबद्ध छ र यसलाई नियन्त्रण गर्न सरकार कठोरताका साथ सरकार प्रस्तुत हुने चेतावनी दिए ।

उनले भने, 'आपराधिक गतिविधि वा द्वन्द्व रोक्न सरकारले आफ्ना सम्पूर्ण अंग प्रत्येक जिल्ला प्रशासन कार्यालयमा परिपत्र गरी निर्देशन दिइसकेका छन् । हामीले द्वन्द्व फैलिन दिने छैनौं, यदि भइ दिएको खण्डमा सरकारले पहिला अनुसन्धान त्यसपछि अभियोजन र दण्ड सजाय समेत गरिनेछ ।

त्यस्तै मुख्यमन्त्री कृष्ण प्रसाद यादवले मधेश प्रदेश सरकारले निक्कै पहिला नै प्रदेश प्रहरी समायोजन सम्बन्धी ऐन बनाएकाले उक्त कानुन जतिसक्दो चाँडो कार्यान्वयन गर्न सरकारसंग माग गरेका छन् ।

मुख्यमन्त्री यादवले संविधानले नै दिएको संवैधानिक अधिकार अनुसार मधेश प्रदेश सरकारसंग आफ्नो प्रहरी नभएका कारणले प्रदेशमा शान्ति सुरक्षा स्थापनामा समस्या भइरहेको बताए । उनले वर्तमान सरकारलाई प्रदेश प्रहरी समायोजनका काम पूरा गर्नका लागि आग्रह गरे ।

त्यस्तै गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले मधेशको सुरक्षा अवस्था नियन्त्रणमै रहे पनि सन्तोषजनक नरहेको दाबी गरे ।

उनले मधेश प्रदेशको सुरक्षा अवस्था, खुला सीमानाकाले बढेको विकृति र निर्वाचनमा अपनाउन सकिने सुरक्षा रणनीतिबारे छलफल गरिने समेत जनाए ।

उक्त कार्यक्रममा मधेश प्रदेश स्तरीय सुरक्षा गोष्ठीमा मधेश प्रदेशका ८ जिल्लाका प्रमुख जिल्ला अधिकारीहरू, प्रहरी उपरीक्षकहरू, सशस्त्र प्रहरी उपरीक्षकहरू, राष्ट्रिय अनुसन्धान विभागका प्रमुखहरू तथा जिल्लामा रहेका नेपाली सेनाका जिल्ला स्थित प्रमुखहरू सहभागी रहेको थियो ।

## सुरक्षा रणनीतिबारे छलफल

टुडे समाचारदाता

जनकपुरधाम । गृह मन्त्रालय र मधेश प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रालयद्वारा संयुक्त रूपमा आयोजित प्रदेशस्तरीय सुरक्षा गोष्ठीमा प्रदेशको शान्ति सुरक्षा व्यवस्था कायम गर्न, खुल्ला सीमानाकाले बढेको विकृति नियन्त्रण र निर्वाचनमा अपनाउन सकिने सुरक्षा रणनीति बारे छलफलका लागि बैठक गरिएको जनाइएको छ ।

उक्त बैठकबारे जानकारी दिँदै गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले भने, ' विगतमा दलीय व्यवस्थाको अवस्थामा भएको कमी कमजोरी हुन नदिने र सरोकारवाला सबै वर्गलाई समेटेर जान सक्ने, निर्वाचनका लागि आवश्यक सहयोग संघीय सरकारबाट गर्न सकिने बारेमा समेत छलफल भएको छ ।'

यसका साथै जिल्ला स्तरमा निर्वाचनका लागि के कस्तो व्यवस्था रहेको पदाधिकारीहरुसंग जानकारी लिइ निर्वाचन सम्बन्धी सुरक्षा रणनीति बनाएर संघीय सरकारसंग समन्वय गर्ने र आवश्यक थप जनशक्ति बारे तथ्यांक उपलब्ध गराउने बारे निर्देशन सुरक्षा अधिकारीहरुलाई दिइएको उनले बताए ।

उक्त बैठकमा भयरहित वातावरणमा स्वतन्त्र र निष्पक्ष ढंगले निर्वाचनले सम्पन्न गर्न गैरदलीय ढंगबाट अघि बढेर सुरक्षा रणनीती बनाएर अघि बढन्, प्रदेशमा शान्ति सुरक्षा कायम गर्न संयुक्त रुपमा सुरक्षाकर्मी परिचालन, निर्वाचन प्रहरी (म्यादी प्रहरी) परिचालन, सीमामा हुने तस्करी नियन्त्रणका लागि सक्रिय हुने लगायतका निर्देशन दिइएको धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइटेलले जानकारी दिए ।

उक्त बैठकमा संघीय गृह सचिव राजकुमार श्रेष्ठ, सहसचिव आनन्द काफ्ले, प्रदेश प्रहरी प्रमुख, प्रदेशका ८ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारी, जिल्लास्तरीय सुरक्षा निकाय प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।



# गोलभैँडाले उचित मूल्यपाएपछि सर्लाहीका किसान उत्साहित

मलंगवा। गोलभैँडाको बजार मूल्य राम्रो भएपछि यसपटक सर्लाहीका किसान निकै उत्साहित बनेका छन्। गोलभैँडाको सहरका रूपमा परिचय बनाएको यहाँको हरिवन, लालबन्दी, ईश्वरपुर, बागमतीलगायत स्थानका किसानलाई यतिबेला गोलभैँडा टिप्ने र बजार लैजाने चटारो छ।

हरिवन नगरपालिका-१ भोक्टेनीका किसान रामबहादुर महतोले गोलभैँडाबाट यसपटक नसोचेको मूल्य पाएको बताउनुभयो। उहाँको अनुहारमा यसपटक युद्ध जितेको सिपाहीको जस्तै सन्तुष्टि देखिएको छ। महतोले यस वर्ष तीन बिघा खेतमा गोलभैँडा रोप्नुभएको थियो। “१२ कट्ठाको गोलभैँडा सिजनको सुरु असोजबाटै निस्कन सुरु भयो”, उहाँले भन्नुभयो, “अहिलेसम्म पनि बेचिरहेको छु।” यस वर्ष गोलभैँडा क्रेटको रु एक हजार ७०० देखि दुई हजार ७०० सम्ममा बेचेको उहाँले सुनाउनुभयो। अहिलेसम्म १२ कट्ठा खेतबाट महतोले रु आठ लाख बढीको गोलभैँडा बिक्री गरिसक्नुभएको छ।

अझै एक डेढ लाखको बिक्री हुने उहाँको अनुमान छ। विगत २० वर्षदेखि गोलभैँडाखेती गर्दै आउनुभएका उहाँले गत वर्ष भने गोलभैँडामा लगानीसमेत डुबेको बताउनुभयो। अरुको जग्गा



भाडामा लिएर लगाएको पाँच बिघा गोलभैँडा टिप्ने पैसासमेत नआएपछि खेतमै ट्र्याक्टर लगाएको उहाँको भनाइ छ। त्यसको डरले यस वर्ष उहाँले खेती घटाएर तीन बिघामा मात्र गोलभैँडा लगाउनुभएको रहेछ।

यस वर्षजस्तो गोलभैँडाको भाउ उहाँलाई थाहा भएअनुसार कहिले पाएको थिएन। यस वर्ष गोलभैँडाले पाएको मूल्य ऐतिहासिक रहेको किसानको भनाइ छ। गत वर्ष गोलभैँडाखेतीबाट लागेको झण्डै रु १० लाख ऋण यस वर्षको आम्दानीले लगभग तिरेको उहाँले सुनाउनुभयो। “धेरै ऋण तिरिसकेँ, अब थोरै बाँकी छ। अझै गोलभैँडा बेच्न बाँकी छ। यस वर्ष ऋण पूरै तिरिन्छ होला”, महतोले भन्नुभयो।

गत वर्ष गोलभैँडाको मूल्य नपाएपछि खेतीबाट पछि हटेका धेरै किसान यतिबेला निकै पछुतो मानिरहेका छन्भने गत सिजनको घाटा बिर्सिएर गोलभैँडा रोप्ने अधिकांश किसान निकै खुसी छन्। गत वर्ष सुरुमा निकालेको बाहेक गोलभैँडाले मूल्य नपाउँदा धेरै किसानले गोलभैँडा खेतमै जोत्नुपरेको थियो। त्यही डरले यसपटक धेरै किसानले गोलभैँडा रोप्ने आँट गरेनन्।

जसले गर्दा बजारमा गोलभैँडाको मागअनुसार उत्पादन नभएको स्थानीय व्यापारी विनोद खड्का बताउनुहुन्छ। उहाँका अनुसार यस वर्ष परेको बेमौसमी वर्षा र गत वर्ष मूल्यमा आएको गिरावटका कारण मूल्यवृद्धिमा सहयोग पुगेको हो।

“बेमौसमी वर्षाले नेपाल र भारत दुवैतर्फ गोलभैँडाखेतीमा क्षति पुगेको छ। त्यसले गर्दा बजारमा आपूर्ति कम र माग बढी भएपछि मूल्य बढ्नु सामान्य नियम हो”, उहाँले भन्नुभयो।

यस वर्ष गोलभैँडाले राम्रो मूल्य पाउनु दोस्रो कारण भारतीय गोलभैँडा नेपाली बजार भित्रिन नपाउनु पनि रहेको व्यवसायीको भनाइ छ। विगत वर्षहरूमा यसबेला नेपाली बजारमा भारतीय गोलभैँडा छ्यापछ्याप्ती हुने गरेको थियो। तर, यस वर्ष वर्षात्का कारण खेतीमै क्षति पुगेपछि उतै मागअनुसारको आपूर्ति छैन। त्यसले गर्दा भारतमै गोलभैँडा महँगो भएको व्यवसायी खड्काको भनाइ छ।

यस घटनाले नेपालको उत्पादनले उपयुक्त मूल्य पाउन भारतीय उत्पादन खुला रूपमा नेपाल भित्रिने परिपाटी बन्द हुनुपर्ने स्पष्ट भएको धेरै किसानको धारणा छ। गोलभैँडामात्र नभई यस क्षेत्रमा उत्पादन भएका हरेक हरियो तरकारीले समेत यस वर्ष ऐतिहासिक मूल्य पाएको छ। यस वर्ष भान्टा प्रतिकट्ठा रु एक लाख बढीको बिक्री गरेको स्थानीय किसान धनबहादुर तामाङले सुनाउनुभयो।

“पाँच कट्ठामा लगाएको भान्टा अहिलेसम्म रु पाँच लाख ३३ हजारको बेचिसकेँ”, उहाँले भन्नुभयो। भान्टा निस्किन सुरु भएदेखि अहिलेसम्म तामाङले रु ७० देखि १२० प्रतिकेजी मूल्य पाइरहनुभएको छ। भान्टाको मूल्य पनि यसपटक निकै लामो समय एकैनास रहेको थियो। सँगै लगाएका छिमेकीको भान्टाको बोट बेमौसमी वर्षाले मरेको तर, आफूले निकै मिहिनेत गरेर जोगाएको बोटबाट राम्रो उत्पादन भएको उहाँको भनाइ छ।

हरिवन नगरपालिका-२ का किसान गिरिराज खरेलका अनुसार विगतमा पनि गोलभैँडाको मूल्य सुरुमा राम्रो रहने गरेको थियो। सिजनको सुरुमा चार हजार क्रेटसम्म किसानले लिने गरेका उहाँको अनुभव छ। तर, हप्ता दिन नबित्दै चार सय क्रेटमा झर्ने गरेको थियो। “सिजनको तेस्रो हप्ताबाट मुस्किलले रु तीन सयदेखि चार सय प्रतिक्रेट किसानले पाउने गरेका थिए। तर, यसपटक त्यसो भएन”, उहाँले भन्नुभयो।

यसपटक किसानले चार महिनासम्म एकैनासको मूल्यमा गोलभैँडा बेच्न पाएका छन्। अझै केही समय गोलभैँडाको मूल्य यस्तै रहने उहाँको अनुमान छ। आफूले विगत २९ वर्षदेखि गोलभैँडाखेती गर्दै आएको बताउने खरेलले यतिको राम्रो मूल्य अहिलेसम्म आफूलाई थाहा नभएको बताउनुभयो। गत वर्ष ऋणमा डुबेका गोलभैँडा किसानले यस सिजन खेतबारी जोड्ने हैसियत बनाएका उहाँको दाबी छ। सिजनको सुरुमा र अन्तिममा दुईपटक भाउ पाउँदै आएको गोलभैँडाका लागि यस सिजन स्वर्ण वर्षका रूपमा र आएको उहाँले सुनाउनुभयो।रासस

# तात्दै राजनीतिक माहोल




महोत्तरी। अहिले महोत्तरीसहितका मधेस प्रदेशमा निर्वाचनले राजनीतिक माहोल तताउँदै छ। यो चिसो मौसममा आसन्न राष्ट्रियसभा र प्रतिनिधिसभा निर्वाचनले दिनानुदिन राजनीतिक माहोल तताउँदै लगेको हो। निर्वाचनका लागि दलहरु र सम्बद्ध निकायको तयारीले यहाँको परिवेश दिनदिनै चुनावमय बन्दैछ।

आगामी माघ ११ गते राष्ट्रियसभाका रिक्त चार स्थानका लागि मधेसमा पनि निर्वाचन हुँदैछ। यसका लागि उम्मेदवार बनेका र सम्बद्ध दल परिणाम आफ्नो पक्षमा पार्न अहोरात्र जुटेका छन्। यसैगरी राष्ट्रियसभाको निर्वाचन तयारीकै बीच आगामी फागुन २१ गते सम्पन्न हुने प्रतिनिधिसभा निर्वाचनको तालिका पनि सँगसँगै छ।

राष्ट्रियसभाको निर्वाचनपूर्व माघ ६ गते प्रतिनिधिसभाका लागि उम्मेदवारले मनोनयनपत्र दाखिला गर्ने तालिका छ। यो तालिकाले गर्दा दलहरु अहिले उम्मेदवार छनोटको अन्तिम तयारीमा छन् भने आम सर्वसाधारणले पनि यसपालि कुन दलले कसलाई उम्मेदवार बनाउँदैछन् भन्ने चासो राखेको पाइन्छ। आमसर्वसाधारण निर्वाचनको तयारीले उत्साहित देखिँदा छन्।

“जाडो छ, दलहरु भने भेटघाट भन्दै चुनावी चर्चा लिएर दिनदिनै आउँदैछन्”, महोत्तरी क्षेत्र नं १ प्रतिनिधिसभा क्षेत्रमा पर्ने भङ्गाहा-३ कटैया बस्तीकी सर्वसाधारण गृहिणी ५० वर्षीया रामराजी यादव भन्नुहुन्छ, “चुनाव लागेपछि जाडो पनि नभनी भेटघाटमा छन्।” यो चुनावको मौसमले यसअघि खोज्दा नभेटिएका दलका नेता पनि आफ्नै बस्तीमा पटकपटक भेटिन थालेका यादवकै छिमेकी चन्द्रकला यादव बताउनुहुन्छ। निर्वाचनमा को कस्ता उम्मेदवार र दल के के भन्दैछन्, यो कुरामा आफ्ना चासोका कुरा कति छन् ? बुझ्न पाइने कुराले उत्साहित बनाएको चन्द्रकला बताउनुहुन्छ।

चन्द्रकलाजस्तै भङ्गाहा-४ रामनगरका ३० वर्षीय युवा रामइश्वर ठाकुर पनि उत्साहित हुनुहुन्छ। यसअघिका निर्वाचनभन्दा यसपालि युवा, महिला र उपेक्षित जनजाति तथा दलितको प्रतिनिधित्व बढ्ने ठाकुरको अपेक्षा छ। अहिले गाउँ/नगर बस्तीका घरघरैजसो चुनावी चर्चा चुलिएको छ। यसबेला आमसर्वसाधारण जाडो छल्न ‘घूर’ (पातपतिङ्ग बटुलेर बालिएको आगो) वरिपरि बस्दा पनि यसपालि कसले जित्ला भन्ने आपसी चर्चा गरिरहेका भेटिन्छन्।

महोत्तरीको क्षेत्र नम्बर ४ को रामगोपालपुर-२ महनपुरका ६० वर्षीय कादिर हुसैन भन्नुहुन्छ, “अहिले दिने वास्ता सधैँ दिनसक्ने उम्मेदवार भने हामीले छान्नुपर्छ।” दलहरुको चुनावी तयारी आम सर्वसाधारणको विभिन्न अड्कलबाजीले जताततै राजनीतिक चहलपहल बढाएको छ। लगभग सबै दल चुनावी तयारीमा लागेपछि यसअघि चुनाव होला र ? भन्ने सन्देह हटेको बुद्धिजीवी बताउँछन्।

“अब चुनाव हुन्न कि भन्ने सन्देह रहेन, चुनावका मुख्यपक्ष दलहरु हुन्, सबै दललाई चुनावले छोपेको देखिँदै छ”, जलेश्वर-५ का बासिन्दा अवकासप्राप्त सहप्राध्यापक ध्रुव राय भन्नुहुन्छ, “जसले जितुन्, चुनावी डङ्का भने अब बज्यो।” रायजस्तै भङ्गाहा-७ मेघरोलका बासिन्दा माध्यमिक विद्यालयको प्रधानाध्यापक सेवाबाट अवकास पाउनुभएका चन्द्रनारायण सिंह थारु पनि अब निर्वाचनको संशय हटेको बताउनुहुन्छ। “अब सबै निर्वाचनमा जुटेका देखिँदा छन्, निर्वाचन पक्का हुने भयो”, थारु भन्नुहुन्छ, “अब जनताले मान्छे हेरेर योग्य उम्मेदवारलाई जिताउनपर्छ।”

दलहरुको चुनावी तयारी, सर्वसाधारणको चुनावी चर्चा चुलिएकै बेला जिल्ला निर्वाचन कार्यालय र निर्वाचन सुरक्षा तथा व्यवस्थापनसम्बद्ध निकाय एवं कार्यालयले तालिकाअनुसारका निर्वाचनका कार्यक्रम अघि बढाइरहेका छन्। “हाम्रा काम चुनाव केन्द्रित भएका छन्, प्रत्येक दिन हामी निर्वाचन तयारीका काममा छौँ”, महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव भन्नुहुन्छ, “अबको मुख्य ध्येय नै निर्विकल्प निर्वाचन सम्पन्न गर्नु हो।”

प्रतिनिधिसभा निर्वाचनका लागि महोत्तरीमा चार निर्वाचन क्षेत्र छन्। यहाँ अहिले नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाली कम्युनिष्ट पार्टी, जसपा नेपाल र जनमतसहितका दलहरुले उम्मेदवार छनोटको प्रारम्भिक सिफारिस आआफ्ना दलका उपल्लो निकायमा गरिसकेका छन्। रास्वपाले भने उम्मेदवार बन्न इच्छुकलाई पुस २६ गते शनिबारभित्र अनलाइन माध्यमले दाबी गर्न सूचना जारी गरेको थियो। त्यसैअनुरुप इच्छुकहरुले पार्टी केन्द्रीय कार्यालयमा पुग्नेगरी दाबी गरेका हुनपर्ने रास्वपा बर्दिबास नगर कमिटीका अध्यक्ष उदयबाबु खतिवडा बताउनुहुन्छ।

“हामीले उम्मेदवारको प्रारम्भिक सिफारिस गरेर प्रदेश कमिटीमा पठाएका हौँ, प्रदेश कमिटीले आफ्नो रायसमेत गाभेर त्यो सिफारिस केन्द्रमा पठाइसकेको छ”, नेकपा (एमाले) महोत्तरीका अध्यक्ष बलिराम यादव भन्नुहुन्छ, “हामीले सिफारिस गरेमध्येकै कोही पर्ने त हो, पार्टी केन्द्रले जसलाई पठाए पनि हामी निर्वाचनमा होमिन्छौँ।” एमालेजस्तै नेपाली कांग्रेस, नेपाली कम्युनिष्ट पार्टी, जसपा नेपाल र जनमतसहितका दलले पनि उम्मेदवारको प्रारम्भिक सिफारिसको काम सकिएको जनाएका छन्। यता रास्वपाले भने उम्मेदवार बन्न इच्छुकले गरेका अनलाइन दाबीमाथि विचार गरेर उम्मेदवारको टुङ्गो लगाउने सो दलका बर्दिबास अध्यक्ष खतिवडाको भनाइ छ।

यसअघि २०७९ को प्रतिनिधिसभा निर्वाचनमा क्षेत्र नम्बर १ बाट नेकपा (एमाले)का लक्ष्मी महतो कोइरी, २ र ३ बाट लोसपा नेपालका शरत्सिंह भण्डारी र महन्थ ठाकुर एवं ४ बाट नेपाली कांग्रेसका महेन्द्रकुमार राय निर्वाचित हुनुभएको थियो। यसपालिको निर्वाचनमा पनि लोसपाका ठाकुरबाहेक अन्य तीनै जना सम्भावित सूचीमा रहनुभएको सम्बद्ध दलहरुले जनाएका छन्। लोसपाका राष्ट्रिय अध्यक्ष ठाकुर भने राष्ट्रियसभा निर्वाचनमा उम्मेदवार बन्नुभएको हुँदा प्रतिनिधिसभाको दौडमा हुनुहुन्न।

यसैबीच दलहरुको यो तयारीसँगै जिल्ला निर्वाचन कार्यालयले निर्वाचनको तयारीलाई तीव्र बनाएको छ। “हामी प्रतिनिधिसभा निर्वाचनका लागि निर्वाचन आयोगको तालिकाअनुसार अघि बढेका छौँ, सबै कार्य तालिकाअनुसार सम्पादन हुँदै आएका र बाँकी पनि यसैअनुसार सम्पन्न गरिने छन्”, जिल्ला निर्वाचन अधिकारी रञ्जिता झा भन्नुहुन्छ, “हामी (जिल्ला निर्वाचन कार्यालय) र अन्य सम्बद्ध सबै निकाय निर्वाचनको तयारीमा आवश्यक समन्वयमा छौँ।”

महोत्तरीमा यसपालि चार लाख ३१ हजार २८२ मतदाता छन्। त्यसमा दुई लाख ३५ हजार १८३ पुरुष, एक लाख ९६ हजार ९७ महिला र दुई अन्य छन्। यसअघिको २०७९ को प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनयता जिल्लामा यसपालिको निर्वाचनका लागि ३९ हजार ७०५ मतदाता बढेका छन्। यसअघि २०७९ मा यो सङ्ख्या तीन लाख ९१ हजार ५७७ थियो।क्षेत्रगत रुपमा सबैभन्दा बढी ३ नम्बर क्षेत्रमा एक लाख १० हजार ४३६ मतदाता छन्। यसैगरी क्रमशः क्षेत्र नम्बर ४ मा एक लाख सात हजार ६०६, क्षेत्र नम्बर २ मा एक लाख सात हजार ५९४ र सबैभन्दा कम क्षेत्र नम्बर १ मा एक लाख पाँच हजार ६४६ रहेका जिल्ला निर्वाचन अधिकारी झाको भनाइ छ।

यसपालिको निर्वाचनमा यसअघि कायम मतदानस्थल २५८ नै रहने छन्। यद्यपि मतदान केन्द्र भने यसअघि (२०७९) को भन्दा ३७ बढाएर ५३६ कायम गरिएको झाले बताउनुभयो। जिल्लामा प्रमुख जिल्ला अधिकारी नेतृत्वको जिल्ला सुरक्षा समितिले मतदान केन्द्रहरुको सुरक्षा विवेचना गरेर १६३ संवेदनशील ठहर गरेको छ। यी धेरैजसो क्षेत्र नम्बर ३ र ४ का भारतीय सीमा नजिकका केन्द्र परेका छन्। यसैगरी क्षेत्र नम्बर १ र २ का पनि यसअघिका अनुभवबाट वर्गीकरण गरिएको प्रमुख जिल्ला अधिकारी यादवको भनाइ छ।

जिल्लाका चारवटै प्रतिनिधिसभा क्षेत्रमा माघ २ गते निर्वाचन अधिकृतको कार्यालय स्थापना हुँदैछन्। यसका लागि कार्यालय भवनको व्यवस्थापन भइसकेको उहाँले बताउनुभयो। यी कार्यालय क्षेत्र नम्बर १ को बर्दिबासमा, क्षेत्र नम्बर २ को बलवामा, ३ को जलेश्वरमा र चारको रामगोपालपुरमा रहने तय भएको छ।

निर्वाचन सुरक्षाका लागि नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरी तैनाथ रहने प्रमुख जिल्ला अधिकारी यादवले बताउनुभयो। योसँगै निर्वाचन प्रयोजनका लागि जिल्लामा तीन हजार ९१२ निर्वाचन प्रहरी भर्नाको प्रक्रिया थालिएको उहाँले जानकारी दिनुभयो। निर्वाचन तयारीले बढाएको यो चहलपहलसँगै विभिन्न राजनीतिक दलका नेता कार्यकर्ता र आमसर्वसाधारण अब आउने माघ ६ गतेको पर्खाइमा छन्। सो दिन उम्मेदवारी दर्तापछि निर्वाचन अभियानले अझ गति समात्ने आम सर्वसाधारण बताउँछन्।रासस

# विपन्नलाई सिरक वितरण




**टुडे समाचारदाता**

राजविराज। चिसो मौसमका कारण सास्ती भोगिरहेका असहाय, विपन्न तथा अपाङ्ग नागरिकलाई सप्तरीको राजगढ गाउँपालिकाले २ सय ५५ जनालाई फाइबर सिरक वितरण गरेको छ।

गाउँपालिकाको आयोजनामा वडा नं. १ देखि ६ सम्मका ‘क’ र ‘ख’ वर्गमा सूचीकृत अपाङ्ग तथा असहाय नागरिकलाई लक्षित गर्दै सिरक वितरण कार्यक्रम सञ्चालन गरिएको हो।

कार्यक्रमलाई सम्बोधन गर्दै गाउँपालिका अध्यक्ष ओमप्रकाश मण्डलले चिसोका कारण जेष्ठ नागरिक तथा असहाय वर्ग सितलहरको पीडामा नपरोस् भन्ने उद्देश्यले सिरक वितरण गरिएको बताए। उनले सामाजिक सुरक्षाको दायित्व पालिकाको भएकाले जेष्ठ नागरिक र अपाङ्ग व्यक्तिको हेरचाह तथा स्वास्थ्य सुरक्षालाई प्राथमिकतामा राखिएको उल्लेख गरे।

त्यसैगरी, प्रमुख प्रशासकीय अधिकृत सरोज कुमार झाले पालिकाको सामाजिक उत्तरदायित्वअन्तर्गत अपाङ्ग तथा असहाय नागरिकलाई सहयोग कार्यक्रम निरन्तर रूपमा सञ्चालन गरिँदै आएको जानकारी दिए।

गाउँपालिका अध्यक्ष मण्डलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा गाउँपालिका उपाध्यक्ष रेणु देवी मण्डल, प्रमुख प्रशासकीय अधिकृत सरोज कुमार झा, अपाङ्ग समन्वय समिति सदस्य रामचन्द्र यादव, सेभ द नेपाल सप्तरीका जिल्ला संयोजक विरेन्द्र कुमार साह तथा गाउँपालिकाका विभिन्न शाखाका प्रमुखहरूको उपस्थिति रहेको थियो।

# उपमेयरसहित चार अझै फरार

**टुडे समाचारदाता**

राजविराज। ज्योति विकास बैंकका कर्मचारीहरुमाथि अमानवीय व्यवहार गरिएको सप्तरीकेसप्तकोशीनगरपालिकाकीउपप्रमुख रिताकुमारी चौधरीसहितका चार जना अझै फरार रहेका छन्।

गत मंसिर २४ मा ऋणीसँग सम्वाद गर्न बैंकका प्रादेशिक कार्यालयका उपप्रबन्धक (कर्जा असुली प्रमुख) सुमित श्रेष्ठ र रुपनी शाखाका कर्जा असुली अधिकृत सविन श्रेष्ठ सोही नगरपालिका-७ ओद्राहास्थित सप्तकोशी इन्टिग्रेटेड एग्रो फार्म प्रालिका सेयरधनी सञ्जीवकुमार चौधरीकी श्रीमतीसमेत रहेकी उपमेयर चौधरीसहितकाले उनीहरुलाई मोसो दलेर जुत्ताको माला लगाइ कुटपिट गरेका गरेका थिए। अमानवीय व्यवहार र कुटपिट गरेको




भिडियो सामाजिक सञ्जालमा बाहिरिएपछि बैंकले दिएको जाहेरीका आधारमा गत मंसिर २५ मा उपप्रमुख चौधरीका श्रीमान् ५२ वर्षका सञ्जीवकुमार र अग्निसाइर कृष्णसवरण गाउँपालिका-१ का ४७ वर्षका उमाकान्त चौधरीलाई पक्राउ गरिएको थियो।

गत शुक्रबार सप्तरी जिल्ला अदालतमा पेस गरिएका दुवै जना २५/२५ हजार रुपैयाँ धरौटी तिरेर रिहा भएको इलाका प्रहरी कार्यालय कञ्चनपुरका डीएसपी माधवप्रसाद काफ्लेले बताए। ‘उपप्रमुख चौधरीसहितका अन्य आरोपित फरार छन्,’ उनले भने, ‘खोजी कार्य भइरहेको छ।’ उनका अनुसार उपप्रमुखसहित उनका छोरा सिरजकुमार, सेयरधनीहरू प्रभुनारायण चौधरी र पञ्चदेव चौधरी फरार छन्।

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | आज तपाईको आत्मविश्वास बढ्ने दिन हो। |
| वृष : | आज धैर्यताको परीक्षा हुन सक्छ। मन शान्त राख्न ध्यान उपयोगी हुन्छ। |
| मिथुन : | आज संवादबाट धेरै कुरा समाधान हुनेछ। |
| कर्कट : | भावनात्मक पक्ष बलियो रहने दिन हो। |
| सिंह : | आज नेतृत्व क्षमता देखिनेछ। काममा प्रशंसा पाउने सम्भावना छ। |
| कन्या : | आज सानातिना कुराले तनाव दिन सक्छ। |
| तुला : | निर्णय लिन अलि समय लाग्न सक्छ। |
| वृश्चिक : | आफ्नो लक्ष्यप्रति एकाग्र रहनुहोस्। भावनामा बगेर निर्णय नगर्नुहोस्। |
| धनु : | नयाँ ज्ञान प्राप्त गर्ने अवसर मिल्नेछ। काममा उत्साह बढ्नेछ। |
| मकर : | मेहनतको फल ढिलो भए पनि पक्का हुनेछ। आज जिम्मेवारी बढ्ने दिन हो। |
| कुम्भ: | काममा फरक तरिकाले सफलता मिल्नेछ। |
| मीन : | आज कल्पनाशीलता बढ्ने दिने हो। आफ्नो भावना नियन्त्रणमा राख्नुहोस्। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

नेपाल रेल्वको समय तालिका

जनकपुरधाम - जयनगर
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझा | : ०७:३० बजे |

राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

## एकीकृत परिवार योजना शिविरः

# महिलालाई भन्दा पुरुषलाई सम्झाउन गाह्रो



जनकपुरधाम । पछिल्ला वर्षहरूमा जिल्लास्थित अतिविपन्न समुदायले 'परिवार योजनाको सेवा' लाई निर्धक्क उपयोग गर्न थालेका छन् । पायक पर्ने स्थानमा परिवार योजनाको सेवा उपलब्ध हुन थालेपछि ती समुदायले परिवार योजनाको स्थायी र अस्थायी साधन निर्धक्क उपयोग गर्न थालेका हुन् ।

परिवार योजनाका स्थायी माध्यम ' मिनील्याप' (महिला बन्ध्याकरण), 'भ्यासेक्टोमी' (पुरुष बन्ध्याकरण) पर्दछन् । त्यसैगरी महिलाका लागि परिवार योजनाका लामो अवधि काम गर्ने आइयुसिडी, इम्प्लान्ट र छोटो अवधि काम गर्ने (तीनमहिने सुई डिपो, खानेचक्की पिल्स) र पुरुषका लागि कण्डम पर्दछन् ।

जिल्लास्थित दलित समुदाय (मण्डल, खत्वे, महरा, सदा, दास, रजक लगायत)का विशेषगी महिलाहरू परिवार योजनाअन्तर्गतका स्थायी र अस्थायी साधनको सेवा 'लुकेर होइन, खुलेर' सेवालाई उपयोग गर्न थालेका छन् । ती समुदायका पुरुषले परिवार व्यवस्थापनअन्तर्गतका अस्थायी साधन प्रयोग गर्ने गरेका भए पनि स्थायी बन्ध्याकरण 'भ्यासेक्टोमी' गराउन अझै रुचाउँदैनन् ।

तराई/मधेसमा 'भ्यासेक्टोमी' र हिमाल/पहाडमा 'मिनील्याप' सेवा लिने अन्यन्त न्यून हुने गर्दछन् । मधेसमा महिलाभन्दा पुरुष र पहाडमा पुरुषभन्दा महिला श्रममा सक्रिय हुनुपर्छ र 'स्थायी बन्ध्याकरण गराउँदा बल घट्छ' भन्ने गहिरो मान्यता विद्यमान छ । मधेसमा कुल प्रजननदर २.४ प्रतिशत र 'अनमिड निड' (चाहेर पनि परिवार योजनाको साधन प्रयोग गर्न नपाउने दर) अझै ३२ प्रतिशत छ ।

जिल्ला स्वास्थ्य कार्यालय, सम्बन्धित पालिकाका समन्वयमा मेरीस्टोप्स (एमएसआई), सुनौलो परिवार नेपालको प्राविधिक सहयोगमा अतिविपन्न समुदायलाई पायक पर्ने स्थानमा नै निःशुल्क 'एकीकृत परिवार योजना शिविर' सञ्चालन हुन थालेपछि ती साधन र सेवामा विपन्न समुदायको सहज पहुँच विस्तारै बढ्न थालेको हो । स्थायी बन्ध्याकरणका सेवा सुगम स्थानका स्वास्थ्य संस्थाबाट मात्र उपलब्ध हुँदा सेवाग्राही शिविरकै प्रतिक्षा गरेर बस्नुको अर्को विकल्प छैन ।

जिल्ला स्वास्थ्य कार्यालय धनुषाले गत मङ्सिर २१ गतेदेखि यही पुस ३० गतेसम्म १८ वटै पालिकालाई समेट्नेगरी पालिकासँगको समान्वय र साझेदारी तथा एमएसआई, सुनौलो परिवारको प्राविधिक सहयोग लिएर 'एकीकृत परिवार योजना शिविर' सञ्चालन गरेको छ । कार्यालयका प्रमुख एवं जनस्वास्थ्य प्रशासक उमेश यादवले भन्नुभयो, "पायक पर्ने स्थानमै परिवार योजनाका सेवा चाहनेहरूका लागि 'एकीकृत परिवार योजना शिविर' महत्त्वपूर्ण हुँदै आएका छन् । यस वर्ष गत मङ्सिर २१ देखि यही पुस ३० गतेसम्म १८ वटै पालिकालाई समेट्नेगरी शिविर सञ्चालन भयो । यस्ता शिविरमा अतिविपन्न समुदायका विशेषगरेर महिलाहरूमा 'परिवार योजनाको सेवा' अन्तर्गत स्थायी बन्ध्यकरण अर्थात् मिनील्याप सेवा लिन आउँदछन् । उनीहरूबिना हिच्किचाहट सेवा लिन थालेका छन् । साथै सेवा लिने दरसमेत क्रमशः बढ्दै गएको छ ।"

उहाँका अनुसार यस्ता शिविरले परिवार योजनाको सेवाको पहुँच बाहिर रहेका अतिविपन्न समुदायलाई सेवाको पहुँचमा ल्याउन कोशेढुङ्गाको काम गरेका छन् । यस वर्ष परिवार कल्याण महाशाखाले धनुषा जिल्लालाई शिविरमार्फत बन्ध्याकरण सेवा दिनुपर्ने लक्ष्य ९६० जना निर्धारण गरेको छ । यसपटक सो लक्ष्य पूरा हुने कठिन हुने जनस्वास्थ्य प्रशासक यादवले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "परिवार व्यवस्थापन सेवाका लागि बजेट कटौती भयो । कतिपय स्थानमा सेवाग्राहीको माग हुँदाहुँदै दुई दिन सञ्चालन गर्नुपर्ने शिविर एक दिनमात्र सञ्चालन गर्नुपर्ने अवस्था आयो । बन्ध्याकरण सेवा लिन चाहनेलाई अर्को वर्ष कुर्नुपर्ने अथवा जनकपुर आउनुपर्ने अवस्था आयो ।"

यसपटक स्वास्थ्य कार्यालले 'सेन्टर टु पेरिफेरी' अर्थात् जिल्लाको सुगमस्थानदेखि बन्ध्याकरण शिविर थालनी गरेर अतिदुर्गम गाउँ-टोलसम्म पुर्याएको थियो । कार्यालयको हाताभित्र रहेको प्रादेशिक अस्पताल जनकपुरबाट परिवार योजनाका सबै सेवा नियमित उपलब्ध हुने गरेका छन् ।

### यातायातको सुविधाले थप सहज

सेवाग्राहीलाई शिविरमा ल्याउन थप सहज बनाउन जिल्ला स्वास्थ्य कार्यालले यातायातको प्रबन्ध गरेको थियो । कार्यालयका पब्लिक हेल्थ नर्सिङ निरीक्षक अम्बिका दासले भन्नुभयो, "विपन्न सेवाग्राहीलाई परिवार योजनाको पहुँचमा ल्याउन यातायातको व्यवस्थापन गरेका हौं । शिविरको सेवापश्चात घरघर पुऱ्याइदिँदा उनीहरूलाई थप सहज हुन्छ ।" जिल्लाभरका शिविर व्यवस्थापनको संयोजकसमेत रहनुभएकी नर्सिङ निरीक्षक दासले विपन्न समुदायका लागि पायक पर्ने स्थानमा सञ्चालित शिविर भएको बताउनुभयो ।

जिल्ला स्वास्थ्य कार्यालयले कमला नगरपालिकाको समन्वयमा एमएसआई, सुनौलो परिवार नेपालको प्राविधिक सहयोगमा निःशुल्क 'एकीकृत परिवार योजना शिविर' यही पुस २३ र २४ मा कमला नगरपालिका-९ स्थित दुवरकोट स्वास्थ्यचौकीमा सञ्चालन गरेको थियो ।

कमला नगरपालिका-३ लग्माभानपट्टिकी महिला स्वयंसेविका राजकुमारी महराले सेवाग्राहीलाई शिविरमा ल्याउन र बन्ध्याकरणपछि घर पुर्याउन गाडीको व्यवस्था हुँदा थप सहज भएको बताउनुभयो । विसं २०७८ देखि स्वयंसेविकाको काम गर्दै आउनुभएकी उहाँले भन्नुभयो, "सन्तानको रहर पुगेका पुरुष/महिला अझै स्थायी बन्ध्याकरण (अप्रेशन) गराउनु हुँदैन भन्दछन् । सम्झाउन हम्मे पर्छ । लुकेर भारतमा गएर बन्ध्याकरण गराएर आउँछन् । घर पायकमा शिविर आउन हिच्किचाहट गर्छन् । जाने आउने, व्यवस्था छ भन्दा डराउँछन् । दश दिन गाउँ डुलेर बल्ल पाँच जना सन्तानका रहर पुगेका महिलालाई 'मिनील्याप' गर्नुपर्छ भनेर सम्झाएँ । शिविरमा त तीन जनामात्र आए । जबर्जस्ती शिविरमा आऊ भन्ने कुरा भएन । पुरुषलाई भन्न पनि छाडिदिएँ । सुने नसुनेको जस्तो गर्छन् ।"

> परिवार व्यवस्थापन सेवाका लागि बजेट कटौती भयो। कतिपय स्थानमा सेवाग्राहीको माग हुँदाहुँदै दुई दिन सञ्चालन गर्नुपर्ने शिविर एक दिनमात्र सञ्चालन गर्नुपर्ने अवस्था आयो । बन्ध्याकरण सेवा लिन चाहनेलाई अर्को वर्ष कुर्नुपर्ने अथवा जनकपुर आउनुपर्ने अवस्था आयो ।

कमला नगरपालिका-५ की महिला स्वयंसेविका निर्मला मण्डल परिवार व्यवस्थापन सेवाका बारेमा महिलालाई भन्दा पुरुषलाई सम्झाउन अप्ठ्यारो पर्ने बताउनुहुन्छ । आफ्नो समुदायको पहिलो महिला स्वयंसेविका उहाँले भन्नुभयो, "महिलाहरू आइयुसिडी, इम्प्लान्ट, डिपो, पिल्स नै रोज्दछन् तर स्थायी बन्ध्याकरण गराउन अझै अप्ठ्यारो मान्छन् । दुरकोट स्वास्थ्यचौकीमा बर्थिङ सेन्टरको सुविधा भएकाले सुत्केरी हुन ल्याउँदा सम्झाउने गरेका छौं ।"

कमला नगरपालिका-९ की महिला स्वयंसेविका मञ्जुकुमारी मण्डलले परिवार योजनाका बारेमा महिलालाई भन्दा पुरुषलाई सम्झाउन गाह्रो हुने सुनाउनुभयो । उहाँले भन्नुभयो, " सन्तानको रहर पुग्यो, स्थायी बन्ध्याकरण गराउनुहोस् भन्दा महिला मान्दछन् , तर पुरुष मान्दैनन् । बन्ध्याकरण शिविरबाट विपन्न महिलालाई सहयोग पुगेको छ । "

### 'करले होइन, रहरले परिवार योजना व्यवस्थापन गर्न सकिन्छ'

कमला नगरपालिका-४ बलहासधाराकी महिला स्वयंसेविका हरिजन खातुन आफ्नो समुदायको अग्रणी स्वयंसेविका हुनुहुन्छ । उहाँले स्वसंसेविकाको काम गरेको १२ वर्ष बितिसक्यो । उहाँ भन्नुहुन्छ, "म आफ्नो समुदायमा आफैंलाई उदाहरण दिएर सम्झाउँछु । मैले बन्ध्याकरण गरेकी छु केही भएको छैन । करले होइन, रहरले परिवार योजनाको व्यवस्थापन गर्न सकिन्छ । अन्यत्र गएर लुकेर, जोखिम मोलेर सेवा लिनुभन्दा पायक पर्ने शिविरमा परिवार व्यवस्थापनका निःशुल्क सेवा लिन हिच्किचाहट गर्नुहुँदैन ।" उहाँले स्थायी बन्ध्याकरण गराउन पैसा लाग्छ भन्ने हल्लाका कारण पनि महिला शिविरमा आउन मान्दैनन् ।

कमला नगरपालिका-५ भलुहवाकी ३५ वर्षीय सानु सदाले भन्नुभयो, "हाम्रो वंशजका महिलाहरूले अहिलेसम्म स्थायी बन्ध्याकरणका लागि 'मिनील्यापको शल्यक्रिया' गराएका छैनन् । यो हाम्रो पुस्तौंदेखि चल्दै आएको चलन हो । बन्ध्याकरण गराउँदा क्षति हुन्छ भन्ने बूढापाकाको भनाइ रहँदै आएको छ ।" परिवार योजनाअन्तर्गत आफूले इम्प्लान्ट सेवा लिन शिविरमा आएको खुलेर उहाँले जानकारी दिनुभयो ।

कमला नगरपालिका-४ बलाहासाधराकी ३४ वर्षीय निर्मला दासले घर यायक पर्ने स्थानमा परिवार योजनाको शिविर सञ्चालन हुँदा सेवा लिन सहज भएको बताउनुभयो । कमला नगरपालिका-९ स्थित दुवरकोट स्वास्थ्यचौकीमा कार्यरत सिनियर अनमी रुपा सदा पछिल्ला वर्षहरुमा विपन्न दलित समुदायमा परिवार योजनाको विषयमा कुराकानी हुने गरेको र यस्ता सेवा समेत उपयोग गर्ने गरेको जानकारी दिनुभयो ।

एमएसआई /सुनौलो परिवार नेपालका तर्फबाट शिविरको संयोजन गर्नुभएकी अनिता दाहालले विकट क्षेत्रका विपन्न समुदायलाई परिवार व्यवस्थापनको सेवालाई पहुँचमा ल्याउन समन्वकारी माध्यमबाट सम्भव भएको बताउनुभयो । उहाँले भन्नुभयो, " विपन्न समुदायलाई पायक पर्ने स्थानमा शिविर सञ्चालन गर्दा सेवाग्राही सेवा लिन आउने गर्दछन् । हामी प्राविधिक सहयोग गर्दछौं । ' मिनिल्याप' सेवा लिने धेरै हुन्छन् 'भ्यासेक्टोमी' न्यून हुन्छन् ।"उहाँले स्थानीय भाषामा परिवार योजनाका बारेमा सेवाग्राहीलाई परामर्श दिँदा थप प्रभावकारी भएको जानकारी दिनुभयो ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, परिवार कल्याण महाशाखाले पछिल्ला वर्षहरूमा परिवार व्यवस्थापन सेवाअन्तर्गत विशेष गरेर एकीकृत परिवार योजना शिविर सञ्चालन गर्न सेवाप्रदायक संस्थासँग समन्वयात्मक र साझेदारी नीति अवलम्बन गरेको छ । जिल्ला जनस्वास्थ्य /स्वास्थ्य कार्यालयले पालिका तहसँग समन्वय गर्दै आफ्ना संयन्त्रमार्फत आवश्यक सेवाग्राही पहिचान गर्ने र परिवार व्यवस्थापन सेवा प्रदान गर्ने निकायले सेवाग्राहीलाई पायक पर्ने स्थानमै एकीकृत परिवार योजना शिविर सञ्चालनमा स्वास्थ्य कार्यालयलाई प्राविधिक सहयोग पुर्याउने समझदारीको ढाँचा रहेको परिवार योजना तथा प्रजनन स्वास्थ्य शाखाका प्रमुख शर्मिला दाहाल पौडेलले जानकारी दिनुभयो ।

उहाँल भन्नुभयो, "परिवार नियोजनका साधन तथा सेवाको प्रयोगदर बढाउन परिवार व्यवस्थापनका सेवालाई अझ सुदृढ बनाउन आवश्यक छ । विशेषगरी एकीकृत परिवार योजना शिविर सञ्चालनमा सेवाप्रदायक सस्थासँग थप सहकार्य र साझेदारीलाई समन्वयात्मक बनाउन जरुरी छ । हामीले स्वास्थ्य सङ्घीयताका ढाँचामा समन्वयात्मक काम गर्ने नीति अवलम्बन गरेका छौं ।"

परिवार योजना एवं सुरक्षित गर्भपतन सेवा प्रदान गर्दै आएको एमएसआई नेपालका वरिष्ठ सल्लाहकार केपी उपाध्याय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, परिवार कल्याण महाशाखाले परिवार व्यवस्थापन सेवाअन्तर्गत एकीकृत परिवार योजना शिविर सञ्चालनको ' मोडालिटी' ले विशेष गरेर विपन्न समुदायसम्म परिवार योजनाको सेवाको पहुँच पुऱ्याउने काम गरेको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "हामी जिल्ला जनस्वास्थ्य/स्वास्थ्य कार्यालयले पालिका तहहरूसँग समन्वय र सहकार्यमा शिविर सञ्चालन गर्न प्राविधिक सहयोग गर्दछौं । यसका लागि ती निकायसँग समझदारी गर्दछौं ।" सुनौलो परिवार नेपालका उपनिर्देशक अनिल यादवले सस्थाले अहिले सातवटै प्रदेशलाई समेट्ने गरी नौवटा 'मेडिकल टिम' शिविरमा परिचालन गरेको जानकारी दिनुभयो ।रासस

## सरकारी कामकाजमा मातृभाषा कार्यान्वयन चुनौतीपूर्ण

पाटन । सरकारी कामकाजमा मातृभाषा कार्यान्वयन अझैपनि चुनौतीपूर्ण रहेको सरोकारवालाले बताएका छन् ।

नेपाल आदिवासी जनजाति पत्रकार महासङ्घ (फोनिज) को उपत्यका प्रदेश समितिले 'समृद्धिको आधारः पूर्ण समावेशी सञ्चार' नाराका साथ बुधबार ' फोनिज संवाद' आयोजना गरेको थियो । सो संवादमा बागमती प्रदेश सरकारले कामकाजी भाषाको रुपमा प्रयोगमा ल्याइरहेको नेपाल भाषा र तामाङ भाषाको कार्यान्वयन, समस्या र चुनौतीका सन्दर्भमा छलफल गरिएको थियो । छलफलमा आदिवासी जनजाति आयोगका अध्यक्ष रामबहादुर थापामगरले मातृभाषा संरक्षण र प्रवर्द्धनका लागि विनियोजित बजेट अपुग भएकाले थप व्यवस्था गर्नुपर्ने बताउनुभयो ।

"नीति तथा कार्यक्रम बनाएर बजेट छुट्याइएको हुन्छ, सरोकारवालाले कुराभन्दा पनि काममा ध्यान दिनुपर्छ," उहाँले भन्नुभयो । उहाँले आदिवासी जनजातिका पक्षमा आएका माग सम्बोधनका लागि सरकारलाई सिफारिस गरेर पठाइएको जानकारी दिनुभयो ।नेपाल आदिवासी जनजाति महासङ्घका महासचिव दिवस राईले संविधानमा भएको व्यवस्थाअनुसार सङ्घीय कार्यान्वयनको एउटा महत्त्वपूर्ण पाटो मातृभाषाको संरक्षण र सरकारी कामकाजको उपयोगमा ल्याउने व्यवस्था कार्यान्वयन गर्नु भएको उल्लेख गर्नुभयो । उहाँले आदिवासी जनजातिको भाषा, संस्कृति र लिपिको संरक्षण र व्यावहारिक कार्यान्वयनका लागि राज्य र सरकार दुवैले ध्यान दिएर लाग्नुपर्नेमा जोड दिनुभयो ।

बागमती प्रदेशका संस्कृति तथा पर्यटन मन्त्रालयका उपसचिव पवनकुमार पोखरेलले अस्थिर सरकार हुँदा ऐन, नियम बनाउने र बजेट तथा नीति कार्यक्रम कार्यान्वयन गर्न समस्या भएको बताउनुभयो । उहाँले भाषागत प्रशिक्षण, साहित्यको विकासका लागि बजेट छुट्याइएको भए पनि सरोकारवालाहरुले बजेट मागका लागि नआउँदा खर्च हुन नसकेको बताउनुभयो ।भाषा आयोगका कायममुकायम सचिव डाक्टर लोकबहादुर लोप्चनले बागमती प्रदेशले नेवारी र तामाङ भाषाका भाषा प्रशिक्षक राखेर प्रशिक्षण र अनुवादक राखेर सरकारी कामका लागि सहजीकरण गरेको जानकारी दिनुभयो ।

फोनिजका केन्द्रीय अध्यक्ष लक्की चौधरीले भाषिक लवज र मातृभाषालाई जोगाएर राख्नका लागि सो भाषा बोल्ने मानिसको सङ्ख्या वृद्धि हुनुपर्नेमा जोड दिनुभयो । फोनिजको उपत्यका प्रदेश समितिका अध्यक्ष प्रशान्त मालीले सरकारले कमजोर वर्ग र राज्यको नीतिगत तहमा पहुँच नपुगेकाहरुको पहुँच अभिवृद्धि गर्दै राज्यको मूल प्रवाहमा ल्याउन उचित नीतिगत व्यवस्थाका साथै बजेट व्यवस्थापन गर्नुपर्नेमा जोड दिनुभयो ।रासस

## 'आत्मअनुशासन र निष्ठाबाटै सुसंस्कृत समाज निर्माण हुन्छ'



काठमाण्डु । पूर्व संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डेले आत्मअनुशासन र निष्ठाबाटै समाज सुसंस्कृत हुनसक्ने बताउनु भएको छ ।

बुधबार नेपाल संस्कृत विश्वविद्यालय वाल्मिकी विद्यापीठ अन्तर्गत सञ्चालित तीनधारा संस्कृत छात्रावासको आयोजनामा पूर्व सुपरिवेक्षक सम्मान कार्यक्रममा उहाँले आत्मअनुशासन, निष्ठा र सुसंस्कृत आचरणले मात्र सभ्य समाज निर्माण सम्भव हुने बताउनुभयो ।

पाण्डेले संस्कृत र अङ्ग्रेजी भाषा दुवैमा दक्षता हासिल गर्न सके विश्वका जुनसुकै स्थानमा गए पनि नेतृत्वदायी भूमिका निर्वाह गर्न सकिने धारणा व्यक्त गर्नुभयो । कार्यक्रममा वाल्मिकी विद्यापीठका प्राचार्य प्रा अच्युत लामिछानेले संस्कृत शिक्षाले राजनीति, साहित्य, प्राध्यापन, प्रशासन र सांस्कृतिक क्षेत्रमा सक्षम जनशक्ति उत्पादन गर्दै आएको बताउनुभयो ।

वरिष्ठ पत्रकार तथा विश्लेषक पुरुषोत्तम दाहालले तीनधारा संस्कृत छात्रावास नेपालको राजनीतिक व्यक्तित्व निर्माण, साहित्यिक योगदान र सांस्कृतिक चेतनाको महत्वपूर्ण केन्द्र भएको धारणा राख्नुभयो । कार्यक्रममा तीनधारा संस्कृत छात्रावासका पूर्व सुपरिवेक्षकलाई सम्मान गरिएको थियो । सम्मानित हुनेमा विद्यानाथ उपाध्याय, नीलमणि ढुङ्गाना, पुरुषोत्तम दाहाल, रामचन्द्र गौतम, रामहरि ढकाल, यतिराज भट्टराई, धुव्रप्रसाद ज्ञावली, अर्जुनबाबु दाहाल र रवीन्द्र न्यौपाने रहेका छन् ।रासस

## स्वास्थ्य मन्त्रालयलाई कृत्रिम मानव 'मेन्किन' हस्तान्तरण




काठमाण्डु । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई नर्वेस्थित 'लेर्डल ग्लोबल हेल्थ'ले कृत्रिम मानव 'मेन्किन' (सिमुलेसन मोडल) हस्तान्तरण गरेको छ ।

बुधबार आयोजित कार्यक्रममा मन्त्रालयका प्रवक्ता तथा स्वास्थ्य आपतकालीन सेवा केन्द्रका प्रमुख डा प्रकाश बुढाथोकीलाई सो संस्थाका प्रमुख कार्यकारी अधिकृत क्यारोलिन माइक्लेबस्ट लिन्डेले उक्त कृत्रिम मानव 'मेन्किन' हस्तान्तरण गर्नुभएको हो ।

सो अवसरमा स्वास्थ्यमन्त्री डा सुधा गौतमले नेपालको स्वास्थ्य प्रणालीमा सहयोग गरेकामा धन्यवाद दिँदै नेपालको स्वास्थ्य सुधार गर्न सहयोगी संस्थाको ठूलो योगदान रहेको बताउनुभयो । उहाँले जेनजी आन्दोलनका बेला स्वास्थ्य आपतकालीन सेवा केन्द्र र यसका स्वास्थ्य उपकरणमा क्षति भएको उल्लेख गर्दै क्षति भएको उपकरण उपलब्ध गराएकामा सराहना व्यक्त गर्नुभयो । मन्त्री डा गौतमले नर्वे र नेपालको स्वास्थ्य क्षेत्रमा सहकार्य जारी राख्नुपर्ने भनाइ राख्नुभयो ।

नेपालका लागि नर्वेका राजदूत डाग्नी म्योसले नेपालमा आपतकालीन प्रणालीलाई थप सेवा गर्न तयार रहेको बताउनुभयो । मन्त्रालयका प्रवक्ता बुढाथोकीले ११ वटा कृत्रिम मानव 'मेन्किन' निःशुल्क रुपमा प्राप्त भएको जानकारी दिनुभयो । उहाँका अनुसार नौ वटा ठूला मानिस र दुई वटा बालबालिका कृत्रिम मानव प्राप्त भएको छ । तिनलाई सात वटै प्रदेशमा एक/एकवटा र एक वटा स्वास्थ्य आपतकालीन सेवा केन्द्र र तीन वटा स्वास्थ्य तालिम केन्द्रमा राखिने छ ।

"कम्प्युर प्रविधिबाट बनाइएका ती मेन्किनले मानिसजस्तै चिच्चाउने, हाउभाउ दिने गर्दछन्" उहाँले भन्नुभयो, "जसले गर्दा हामीलाई आपतकालीन बेला कुन तरिकाले उपचार गर्ने भन्ने कुरा ती कृत्रिम मानवबाट सिक्न सकिन्छ ।"

लेर्डल ग्लोबल हेल्थका प्रमुख कार्यकारी अधिकृत लिन्डेले नेपाल जस्तो मुलुकलाई आफूहरूले आपतकालीन स्वास्थ्य उपचारमा सहज होस् भनेर निःशुल्क उपलब्ध गराएको बताउनुभयो । मन्त्रालयका प्रवक्ता बुढाथोकीले सो संस्थाबाट प्राप्त उपकरण करिब ५० लाख बराबरका रहेको बताउनुभयो ।रासस

## नागरिक लगानी कोषको साधारणसभा सम्पन्न





काठमाण्डु । नागरिक लगानी कोषको ३१औं वार्षिक साधारणसभा बुधबार सम्पन्न भएको छ । कोषको साधारणसभाले गत आर्थिक वर्ष २०८१/८२ को आम्दानीबाट पाँच प्रतिशत बोनस शेयर र आठ प्रतिशत नगद लाभांश (नगदसमेत) वितरणको प्रस्ताव पारित गरेको हो ।कोषको गत आवको कर पछिको खुद नाफा रु एक अर्ब २५ करोड ६० लाख रहेको छ । जसमध्ये रु २५ करोड १२ लाख साधारण जगेडा कोषमा राखी बाँकी रकमबाट लाभांश वितरण गरिएको हो ।

कोषले सञ्चालन गरेको विभिन्न बचत कार्यक्रमबाट गत आव २०८१/८२ मा रु दुई खर्ब ६६ अर्ब ६५ करोड खुद कोष सङ्कलन भएकामा चालु आवको असोज मसान्तसम्ममा बचत परिचालन मौज्दात रकम रु दुई खर्ब ९६ अर्ब ८९ करोड पुगेको जनाएको छ ।साधारणसभाले कोषको वार्षिक प्रतिवेदन, गत आव २०८१/८२ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरणलगायतका वित्तीय विवरणसमेत पारित गरेको छ । साधारणसभाले सर्वसाधारण शेयरधनीका तर्फबाट नारायणप्रसाद घिमिरेलाई सर्वसम्मत चयन गरेको छ । साधारणसभामा कोषका अध्यक्ष तुलसीप्रसाद घिमिरेले गत आवको लाभांशबाट शेयरधनी सन्तुष्ट देखिनु, कोषका कर्मचारीको सेवासुविधा र वृत्तिविकासलगायत विषयमा चासो देखाउनु सकारात्मक रहेको बताउनुभयो । उहाँले संस्थालाई व्यवस्थित बनाएर लैजान दूरदर्शी ढङ्गले काम गर्ने प्रतिबद्धता जनाउनुभयो ।

कोषका कार्यकारी निर्देशक पर्वतकुमार कार्कीले शेयरधनीले साधारणसभामा दिएका सुझाव सम्बोधन गरिने प्रतिबद्धता जनाउनुभयो । साथै संस्थालाई सुशासित संस्थाका रूपमा अघि बढाउँदै लगिएको उहाँले दाबी गर्नुभयो । कार्यकारी निर्देशक कार्कीले कोषले नेपाल वायुसेवा निगममा गरेको कर्जा लगानीको असुलीमा जटिलता देखिएको बताउनुभयो । निगमले विमान खरिदका लागि कर्जा लग्दा नेपाल सरकार 'ग्यारेन्टी' बसेको उल्लेख गर्दै उहाँले ढिलोचाँडो असुली हुने अपेक्षा व्यक्त गर्नुभयो ।

त्यस्तै, संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत कोषले शिक्षा, विपद् व्यवस्थापन तथा पुनर्निर्माणका क्षेत्रमा खर्च गरेको उहाँको भनाइ छ । कोषका तथ्याङ्क क्रमशः ' डिजिटलाइज्ड' गर्दै लगिएको र डाटा भण्डारणलाई सुरक्षित बनाउँदै लगिएको पनि कार्कीले जानकारी दिनुभयो ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

## भ्यू टावर चाहिदैन

नेकपा एमालेका अध्यक्ष समेत रहेका निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो निर्वाचन क्षेत्र झापाको दमकमा निर्माण गराएको भ्यू टावर औचित्यहीन बनेको छ। झण्डै डेढ अर्बको लागतमा निर्माण गरिएको भ्यू टावरप्रति स्थानीय बासिन्दाको समेत आकर्षण छैन। भ्यू टावरले पर्यटन क्षेत्रमा पनि प्रगति भएको देखिदैन। स्थानीयले पनि त्यहाँ जान छाडेका छन्। भ्यू टावर दमकमा निर्माण गर्दा समेत व्यापक विरोध भएको थियो। भ्यू टावरको पक्षमा स्थानीय र राजनीति दलहरु पनि रहेका थिएनन्। भ्यू टावरले पर्यटकहरुको आगमनमा भारी वृद्धि हुने तर्क दिएको थियो। तर भ्यू टावर पर्यटकहरुको रोजाइ बन्न सकेको छैन। भ्यू टावरको आम्दानीले एउटा तल्लाको समेत मर्मत सम्भार हुन सक्ने स्थिति छैन। भ्यू टावरबाट झापाको दृश्य देखेर रमाउनेहरुले पनि त्यसको औचित्य नरहेको बताउन थालेका छन्। भ्यू टावरलाई अस्पताल, शिक्षण संस्थाको रुपमा रुपान्तरण गर्न आवाज उठन थालेको छ। केपी ओली प्रधानमन्त्री रहेको बेला हठगरी भ्यू टावर बनाउन लगाएका थिए। ओली प्रधानमन्त्री रहेको बेला स्थापना गरेको पानी जहाज कार्यालय, हावाबाट बिजुली निकाल्ने र घर घरमा खाना पकाउने ग्यासको पाइप लाइन जडान गर्ने काम अहिले हास्यास्पद बनेको छ। ओलीले यी र यस्ता कयौं कारणले आलोचित हुनु परेको छ। आलोचना सहेर उनले विकास गरेको होइन। ओलीको कयौं कार्य देशका लागि नै घाँडो बनेको छ। ओलीको कयौं निर्णयले एमालेलाई क्षति पुऱ्याएको छ। उनको बोली गोली जस्तो अहिले पनि चलिरहेको छ। ओलीले भ्यू टावरको बचाउ अझै पनि गरिरहेका छन्। तर भ्यू टावरलाई अस्पताल अथवा शिक्षण संस्थामा रुपान्तरण गर्न सके त्यसबाट ओलीको लोकप्रियता नै बढ्ने छ। भ्यू टावरमा अस्पताल अथवा शिक्षण संस्था सञ्चालन भए त्यहाँ व्यवसायिक कारोबारहरु फस्टाउने छ। भ्यू टावर बनाउनु भन्दा त्यो बजेटबाट अस्पताल अथवा शिक्षण संस्था बनाइएको भए ओलीको त्यस क्षेत्रमा लोकप्रियता बढ्ने थियो। भ्यू टावरलाई शिक्षण संस्था अथवा अस्पताल सञ्चालनका लागि उठ्न थालेको आवाजलाई सकारात्मक रुपमा लिनु पर्छ। भ्यू टावरलाई सुरक्षित राख्न हरेक वर्ष करोडौं लगानी गर्नुपर्ने स्थिति छ। त्यो बजेट सरकारले विनियोजन गर्नु भन्दा त्यसलाई अस्पताल अथवा शिक्षण संस्थाको रुपमा विकसित गर्दा मर्मत सम्भारको कार्य समेत त्यसबाट नै हुनेछ। दमकको गौरव भ्यू टावर होइन। त्यसलाई अस्पताल र शिक्षण संस्था बनाउँदा त्यो दमकको गौरव हुन सक्छ। यस तर्फ सरकारले ध्यान दिन आवश्यक छ। ओलीले पालेको सेता हाती राष्ट्रका लागि हितकर छैन।

# वित्तिय क्षेत्रको संकटमा राष्ट्र बैंक कति जिम्मेवार ?



रिसव गौतम

नेपालको बैंक तथा वित्तिय क्षेत्र अहिले विभिन्न खाले समस्या र संकटमा छ। यसमा राष्ट्र बैंक कति जिम्मेवार छ वा जिम्मेवारीको भागिदार छ भन्ने विषय यस आलेखको केन्द्रमा छ। हुन त नेपाल राष्ट्र बैंकलाई सबैभन्दा बढी थिंकटयाग भएको एउटा अब्बल संस्थाको रुपमा हेरिन्छ। जसले पैसाको बागडोर सम्हालेर बसेका बैंक तथा वित्तिय संस्थाहरुलाई दिशानिर्देश गर्ने र उनीहरुको कामकार्वाहीलाई अनुगमन गर्ने गर्छ। साथै राष्ट्र बैंकले महंगी नियन्त्रण, बजेटको कार्यान्वयनमा सहयोगी भुमिका खेल्ने गर्छ। अर्थात समय र परिस्थीतिको माग अनुसार विभिन्न पोलिसी मार्फत राष्ट्र बैंकले समग्र अर्थतन्त्र, वित्तिय बजारको नीतिगत नेतृत्व गर्छ। साथै सरकारले ल्याएको वित्त नीति र बजेट कार्यक्रमलाई सघाउने गरी कार्य गर्दछ। र, ती नीतिहरुको कार्यान्वयनमा निरन्तर लागि पर्छ। त्यसकारण नेपालको सन्दर्भमा राष्ट्र बैंकको भुमिका अहम छ। फलस्वरुप उसले अध्ययन, अनुसन्धान र बहसमा धेरैजसो आफुलाई सर्मपित गर्नुपर्छ। तर राष्ट्र बैंक ती भुमिकामा पछिल्ला बर्षहरुमा कति सफल रहयो वा रहेन। अहिलेको अधिक तरलता र विविध चुनौतीको सामना गरिरहेको परिपेच्क्षमा एउटा छलफलको विषय हुनु नै पर्छ। अहिले बैंकिङ क्षेत्रमा लगानीयोग्य रकम (तरलता) अधिक रहेको अवस्था छ। बैंक तथा वित्तिय संस्थाहरुको कर्जा निक्षेप अनुपात (सिडी रेसियो ) ७४ प्रतिशत रहेको छ। जबकी बैंकहरुले ९० प्रतिशसतसम्म सिडि रेसियो राख्न पाउने ब्यवस्था छ। त्यस हिसावले पनि अहिले बैंकहरुसँग १२ खर्ब भन्दा बढी लगानीयोग्य रकम थुप्रिएको अवस्था छ। तर ऋणको विस्तार हुन सकेको छैन। बजारमा ऋणको माग नै नभएपछि बैंकहरु तथा राष्ट बैंकलाई अहिले तरलता ब्यवस्थापन ठुलो चुनौती बनिरहेको छ। ब्याजदर अत्यन्त न्युन हुँदा समेत ऋणको माग बढ्न नसकेपछि बैंकहरुको ब्यवसाय पनि कमजोर बनिरहेको छ। अर्कोतिर विगतमा बैंकहरुले जसरी घरजग्गा र अन्य सेवा क्षेत्रमा मात्र लगानी केन्द्रित गरे। त्यसैको प्रभाव स्वरुप धेरैजसो बैंकहरुमा खराब कर्जाको दर राष्ट्र बैंकले तोकेको सिमा ( ५ प्रतिशत ) नाघि सकेका छन्। जसले एकातिर बैंकहरुको नाफा र लाभाशं वितरण क्षमतामा दुबैमा नकारात्मक असर गरिरहेको छ भने अर्को विगतका बर्षहरुमा उत्पादनमुलक क्षेत्रमा कर्जा विस्तार गर्न नसक्दा अर्थतन्त्र शिथिल भएको छ। किनकी अन्यत्र गएको लगानीले अर्थतन्त्रमा रोजगारी, पुँजीबृद्धि र गतिशिलता दिन सकेन। समग्रमा, धेरैजसो लगानी घरजग्गा तथा सेवामुलक क्षेत्रमा केन्द्रित हुँदाको परिणाती आजको समस्याको जरो हो। त्यसरी बैंकहरुको कर्जा उत्पादनमुलक क्षेत्रमा नजानुका पनि अन्तर्य छन्। जसमाथी तल चर्चा गर्दछु।

### मर्जर नीतिको असर

नेपालमा उदारीकरण सुरुभएपछी सबैभन्दा मौलाएको भनेको बैंक तथा वित्तिय क्षेत्र हो। ३ दशक भन्दा बढीको यस अवधिमा मुलुकमा ३२ वटासम्म 'क' बर्गका ठुला बाणिज्य बैंक, ८०-९० ओटा 'ख' बर्गका विकास बैंक र 'ग' बर्गका फाइनान्स कम्पनी, एक सय भन्दा बढी 'घ' बर्गका लघुवित्त वित्तिय संस्थाहरु स्थापना भए। अर्कोतिर यही अवधि बीच ३४ हजार भन्दा बढी सहकारी संस्थाहरु दर्ता भए। उनीहरुको जोड पनि खासगरी वित्तिय कारोबारमै सिमित रह्यो। यसरी बैंक-वित्तिय संस्था र सहकारीहरु गरेर हजारौं संस्थाहरु नेपालमा मुद्राको कारोवार र व्यवस्थापनमा केन्द्रित रहे। तिनले लाखौं मानिसहरुलाई एक खालको रोजगारी त दिए। तर मुलुकको आर्थिक विकास, उद्यमशीलता अभिवृद्धि र गरिवी निवारणमा जुन हिसावले योगदान पुर्याउनु पर्ने हो, त्यो सकेका छैनन्। किनकी तिनीहरुले गर्ने लगानीलाई उत्पादनमा केन्द्रित गराउन राष्ट बैंकले सकेन।

०७४ सालबाट नेपाल राष्ट्र बैकले जुन हिसावले बैंक वित्तिय संस्थाहरुको सङ्ख्या घटाउने, पुँजी र लगानी क्षमता बढाउने रणनीति लियो। त्यसपछि अहिले बैंक तथा वित्तिय संस्थाहरुको सङ्ख्या उलेख्य घटेको अवस्था छ। अहिले २० वटा 'क' बर्गका बैंक, १७ वटा विकास बैंक र १७ नै वटा फाइनान्स कम्पनी अस्तिस्व रहेका देखिन्छन्। त्यस मध्येपनि कतिपय बैंक वित्तिय संस्था मर्जरको प्रयासमा रहेका देखिन्छन्। लघुवित्त कम्पनीहरु पनि उलेख्य मात्रामा मर्जर तथा प्राप्तीको प्रक्रियामा गए। फलस्वरुप अहिले ५१ वटा लघुवित्त अस्वित्वमा देखिन्छन्। मर्जर तथा प्राप्तिको प्रक्रियाबाट भने धेरैले भएका रोजगारी समेत गुमाए। बैकिङ क्षेत्रमा रोजगारीको अवसर





पनि खुम्चिएको अवस्था छ। वित्तिय संस्थाहरुले मर्जर तथा प्राप्तिपछीको आन्तरिक अप्ठ्यारा एवं चुनौतीहरु अझै सुल्झिसकेका छैनन्। उनीहरुले लगानी र व्यवसाय विस्तार, कर्मचारी व्यवस्थापन, संस्थागत शुसासनलाई प्रवल बनाउन सकिरहेका छैनन्। बरु कतिपय राम्रा बैंकहरु मर्जरको माध्यमबाट भित्रिएका कमसल बैंक र बैंर्कररहरुका कारण अहिले झन् अप्ठेरो झेलिरहेका छन्। भनिन्छ नि एउटा कुहिएको आलु बोरामा हालियो भने त्यहाँ भएका धेरै आलुहरु कुहिने बाटोमा लाग्छन्। मर्जर तथा प्राप्ती नीतिको परिणाम पनि त्यस्तै भएको देखिन्छ। खासगरी कुनै अर्को बैंकसँग आफनो नाम र पहिचान समेत मेटिने गरी मर्जरमा गएका बैंकहरुमध्ये धेरै त आफना कमजोरी पखाल्न र आड भरोषाका लागि अर्कोमा विलिन भए। अर्थात राम्रा बैंकहरु राष्ट्र बैंकको अनिवार्य पुँजीवृद्धि प्रावधानको कठिनाइले कमजोर बैंकहरुलाई आफुमा गाभ्न वा मर्जरमा ल्याउन बाध्य भए। फलस्वरुप पनि बैंकहरुमा मानव संशाधन ब्यवस्थापन, व्यवसाय विस्तार, जिम्मेवारी बाँडफाँड र विग्रेको बासलात सर्पनि कुरामा कठिनाइ भोगिरहे। अहंकारले मडारिएको नेपाली समाजमा खासगरी नेतृत्व ब्यवस्थापनमा नै चुनौती रह्यो। शाहुको गुलामी गर्नेहरु माथी पुगे भने असल र शान्त स्वभावका क्षमतावानहरु पछाडी परे। फलस्वरुप वित्तिय क्षेत्रमा अहिलेको चुनौती देखा परेका हो। जसमा राष्ट्र बैकको आवश्यक अध्ययन विनाको अदुरदर्शी नीति कार्यान्वय बढी जिम्मेवार छ। किनकी नेपाल राष्ट्र बैक ०७३ सालसम्म पनि नयाँ बैक तथा वित्तिय संस्था खोल्न लाइसेन्स बाँड्दै थियो। एकातिर राज्यले उदार आर्थिक नीति अबलम्बन गर्ने, अर्को तिर बैंकहरुलाई प्रभावकारी नियमनको साटो एकअर्कामा मर्जरमा जान कस्ने नीतिले राष्ट्र बैंकले लियो। त्यो पनि एक दशकमै दुइ थरी नीति लियो। हुन त वित्तिय क्षेत्रमा कार्यरतहरुलाई राष्ट्र बैंकले जे जस्ता नीति लिए पनि त्यो बाध्यात्मक छदैथियो। तर बाहिर किनारामा बसेर हेर्दा राष्ट्र बैंकले दिर्घकालिन दुरदर्शी नीति लिएको पटक्कै देखिदैन। फेरी राष्ट्र बैंक आफैमा एउटा स्वायत्त संस्था हो। उसलाई आफनो विवेकले निर्णय लिन अर्थमन्त्रालयले पनि हस्तक्षेप गर्न पाउँदैन। तर स्वायत्त निकाय, सरकारको सल्लाकार बडी भएपनि त्यो अनुसार राष्ट्र बैंकले भुमिका खेल्न सकेन। यद्यपी राष्ट्र बैंक सरकारका अरु धेरै निकाय, सस्थाहरु भन्दा धेरै अब्बल भने छ। तर पछिल्ला दशकहरुमा राष्ट्र बैंकमा आफना नीतिहरुको पुनरावलोक र अनुसन्धानमा आधारित नीति निर्माण र बाहिरबाट आएका सुझाव तथा प्रश्नहरुको सम्बोधन गर्ने मामिलामा लचिलो छैन। र, आफैपनि अध्ययन अनुसन्धान र बहस पैरवी गर्ने मामलामा पछाडी परिरहेको देखिन्छ। त्यसैको कारण पनि राष्ट्र बैंकका पछिल्ला नीतिहरु वित्तिय क्षेत्रका समस्या साधाधानमा उन्मुख छैनन्।

अर्को, राष्ट्र बैंक स्वायत्त संस्था भनिएपनि, राजनीतिमा नलागेका मान्छेहरु नियुक्त गरिनुपर्ने भनिएता पनि प्रत्यक्ष अप्रत्यक्ष रुपमा दलहरुमै आबद्ध मानिसहरु गर्भनरको रुपमा देखा परिरहेका छन्। कहिले कम्युनिष्ट पार्टीको छत्रछायाँमा हुर्केको मानिस गर्भनर भइरहेका छन् त कहिले काँग्रेसीबाट गर्भनर भइरहेका छन्। दलहरुमा रुझान रहेका ब्यक्तिहरु गर्भनर भएर आइसकेपछि स्वायत्त संस्थाले कसरी स्वतन्त्र र देशले चाहेको जसरी काम गर्ला ? उ प्रभावित त हुने नै भयो। हामीले त्यो देखेकै हौं। जस्तो कि कम्युनिष्ट दलहरुबाट आएकाले भएभरको च्याप्ने, नियन्त्रण गर्न खोज्ने अनि काँग्रेसी लिगेसीबाट आएकाबाट सबैकुरा स्वतन्त्र छोड्न खोज्ने, पुँजीबादलाई बद्ता प्रसय दिने काम भइरहेका छन्। यसरी स्वायत्त निकायमा राजनीतिक दलहरुको प्रभाव रहँदा उसले दिने नीति अदुरदर्शी हुनु स्वभाविक हो। फलस्वरुप वित्तिय क्षेत्रमा दिर्घकालिन स्थायित्व दिने नीति, भरपर्दा नीतिहरु, लगानी प्रोत्साहनकारी नीति देखा परेका छैनन्। बरु राष्ट्र बैंक नै आफनो भुमिकामा कमजोर बनिरहेको छ।

### अनुत्पादनक क्षेत्र बढी कर्जा

राष्ट्र बैकले कृषि तथा उर्जा, विपन्न वर्ग तथा अन्य क्षेत्रमा सिमा तोकेरै बैंकहरुलाई लगानी बढाउन नीतिहरु अघि सारेको पनि हो। तर त्यसको प्रभावकारी कार्यान्वयन गराउने भुमिकामा राष्ट्र बैंक कमजोर रहँदै आएको हो। धेरैजसो बैकंहरु कृषि तथा विपन्न वर्गमा राष्ट्र बैकले तोकेअनुसार लगानी प्रवाह गर्नु भन्दा हर्जना ब्यर्होनुमा फाइदा देख्छन्। उनीहरुमा अल्पकालिन नाफामुखी सोच छन्। फलस्वरुप उनीहरुको धेरैजसो ध्यान घरजग्गा, शेयर, सुन, गाडी कर्जामा रहेको देखिन्छ। त्यस आलवा उर्जा, पर्यटन क्षेत्रमा अलि बढी लगानी केन्द्रित गरिरहेका छन्।

### बाफिया संशोधनमा विद्यक अलपत्र

बैंकर र व्यवसायी छुट्याउने विषय जेनजी आन्दोलन अघि बहसमा थियो। बैंक तथा वित्तिय संस्था सम्बन्धी (पहिलो संशोधन ) विद्ययक (बाफिया) संसदको अर्थ समितिमा छलफलमा रहेको कारण पनि चर्चामा थियो। धेरैले यस सम्बन्धमा आ-आफना स्वार्थ तथा फाइदा अनुकुल बिषय बटारिरहेका थिए। राष्ट्र बैंकले सो विद्ययकलाई निर्ष्कषमा पुर्याउने गरी भुमिका खेल्न सकेन। फलत बाफिया सशोधन विद्यक अलपत्र छ। बाफिया संशोधन भएर नयाँ प्रावधान नआएपछि कर्जामाथी ब्यापारिक समुहको बर्चश्व कायम छ।

सिमित व्यक्ति त्यसमाथी पनि उच्च घरानामा धेरैजसो वित्तिय क्षेत्रको कर्जा सिमित हुँदा बैंक र व्यवसायी छुट्याउनु पर्ने आवश्यकता मुखरीत भएको हो।

खासगरी बैंक तथा वित्तीय संस्थाहरू फस्टाएको ३ दशक यता आर्थिक असमानता झन् बढेको छ। घट्नुपर्ने गरिवीको दर बरु बढीरहेको छ। केहीदिन अघि मात्र तथ्याकं कार्यालयले प्रकासन गरेको प्रतिबेदन अनुसार निरपेक्ष गरिवी २१ प्रतिशत हाराहारी छ। अर्थात ६२ लाख नेपाली अझै गरिव छन्। कोरोना अवधि अघाडी १९ प्रतिशतमा झरेको गरिवी २१ प्रतिशत पुगेको छ। आखिर भरुभरको पुँजीको बागडोर सम्हालेका बैंकहरुको स्रोतमाथी उपल्ला धनीहरुको मात्र पहुँच हुँदा लगानी तल्लो बर्गसम्म विस्तार हुन सकेन। फलस्वरुप उत्पादनमुलक क्षेत्रमा पनि लगानी गएन। किनकी उत्पादनको क्षेत्रमा जहिले पनि तल्लो बर्गको भुमिका हुन्छ। जुन कुरा राष्ट बैंकले बुझेन।

बैंकहरूले धनीहरूलाई झन् धनी हुन र उनीहरूको वित्तीय व्यवस्थापन एवं सम्पत्ति सुरक्षामा सघाएका छन् तर गरिबहरूलाई उनीहरूले पुछेका छैनन्। अहिले बैक वित्तिय क्षेत्रको कुल ऋणमध्ये करिव ४ प्रतिशत ऋणीले ६५ प्रतिशतधन्दा धेरै स्रोत उपयोग गरेका छन्। बाँकी ९६ प्रतिशत ग्राहकको भागमा ३५ प्रतिशत कर्जा पाएका छन्। अर्थात बैंकिङ्ग कर्जा प्रवाहमा पुरापुर असमानता र विभेद देखिन्छ।

चालु आवको कार्तिक मसान्तसम्मको राष्ट्र बैंकको तथ्याङ्कअनुसार बैंक तथा वित्तिय संस्थामा १९ लाख ९४ हजार ९२६ ऋण खाता छन्। सोही अवधिमा निक्षेप खाता भने जनसङ्ख्या भन्दा बढी ६ करोड ८ लाख ७१ हजार १३३ वटा पुगेका छन्। त्यसको अर्थ सबै नेपालीको पहुँचमा बैंक पुगेको होइन। एकभन्दा बढी बैंकमा खाता खोल्न पाइने कारण जनसङ्ख्याभन्दा बढी निक्षेप खाता पुगेका देखिन्छन्। तथ्याङ्कीय हिसाबले कुल खातामध्ये ३ प्रतिशतले मात्र ऋणको सुविधा पाएका देखिन्छन्। बाँकी ९७ प्रतिशत खातावाला ऋणको पहुँचभन्दा बाहिर छन्। वित्तीय स्रोतमा योभन्दा भद्दा असमानता अरू के होला ?

त्यसकारण जति-जति बैंकहरूको सङ्ख्या खुम्चिएको छ, उति नै वित्तीय स्रोतको पहुँचमाथि असमानता बढेको देखिन्छ। सो समस्याको हल बाफिया संशोधनमार्फत प्रष्टसँग हुन जरुरी देखिन्छ। तर त्यही चाँही काम गर्ने, गराउने भुमिकामा राष्ट्र बैंक असफल देखिएको छ। गौतम आर्थिक लेखक तथा विश्लेषक हुन्।

# नेपाली कांग्रेसको विशेष महाधिवेशन र नेपालको राजनीतिको भविष्य



डा.केदार कार्की

नेपालको सबैभन्दा पुरानो लोकतान्त्रिक पार्टी, नेपाली कांग्रेस (एनसी) गहिरो आन्तरिक विभाजनमा फसेको छ। गुटबन्दी, नेतृत्व कलह र फरक महत्वाकांक्षाले संगठनलाई विभाजित बनाएको छ। पार्टी नेतृत्व संकट र बढ्दो शक्ति संघर्षसँग जुधिरहेको बेला, संयुक्त मोर्चा प्रस्तुत गर्ने र देशमा प्रभावकारी भूमिका खेल्ने क्षमतामाथि प्रश्न उठिरहेको छ। पार्टी सभापति शेरबहादुर देउवाले पूर्णबहादुर खड्कालाई कार्यवाहक पार्टी अध्यक्षको रूपमा नियुक्त गरेपछि पार्टी भित्र लामो समयदेखि चलिरहेको दरारलाई अझ बढाएको छ।

पार्टी अहिले नियमित महाधिवेशन गर्ने कि विशेष महाधिवेशन गर्ने भन्ने विषयमा विभाजित छ। देउवा निकट नेताहरूको तर्क छ कि विशेष अधिवेशन पुराना प्रतिनिधिहरूमा निर्भर हुनेछ र जेनजेड को भावनालाई समेट्न असफल हुनेछ। नियमित अधिवेशनले धेरै युवा सदस्यहरूलाई भाग लिन अनुमति दिने कुरामा उनीहरू जोड दिन्छन्।

महासचिवहरू गगनकुमार थापा र विश्वप्रकाश शर्माको नेतृत्वमा सम्पन्न नेपाली कांग्रेसको दोस्रो विशेष महाधिवेशनले नेपालको लोकतान्त्रिक बहसमा आशा जगाएको छ। वास्तवमा, यसरी नै लोकतन्त्रले आफ्नो गति प्राप्त गर्छ। नयाँ नेतृत्व चुपचाप पार्टी अभिजात वर्गको आलस्यको अधीनमा बसेर आउँदैन, न त यस्तो निष्क्रियताले कुनै पनि राजनीतिक संगठनलाई उर्जा दिन्छ। हालैका वर्षहरूमा प्रमुख दलहरूमा देखिएको स्थिरताले वास्तवमा देशको जनरल जेड नेतृत्वमा विद्रोहलाई बढावा दिएको छ। जब आशा कम हुन्छ, असहमति अनिवार्य रूपमा स्थान पाउँछ। नेपाली कांग्रेस भित्रै, विभिन्न पुस्ताका मानिसहरूद्वारा समर्थित युवा नेताहरूको आवाजले विद्रोहको यो क्षणलाई वैधता र बल दुवै दिएको छ।

गोपालमान श्रेष्ठ जस्ता वरिष्ठ नेताहरूदेखि लिएर अझै पनि आफ्नो राजनीतिक पाइला स्थापित गरिरहेका युवा सदस्यहरूसम्म, भृकुटी मण्डपमा आइतबारको विशेष महाधिवेशनमा उल्लेखनीय सहभागिता र आफ्ना विचार व्यक्त गर्ने इच्छा देखियो। नेपाली कांग्रेस आफ्ना सभापति शेरबहादुर देउवा वा उहाँ वरपरको सानो समूहमा मात्र सीमित छैन। भेला भएकाहरू पार्टीले आफ्नो बाटो सच्याएमा मात्र लोकतन्त्र बलियो हुन सक्छ भन्ने कुरामा विश्वस्त थिए। अधिवेशनको आचरण - र नेतृत्वमा खुला चिन्तनको लागि गरिएको आह्वान - एक महत्त्वपूर्ण लोकतान्त्रिक कार्य हो। यस्ता क्षणहरू, दुर्लभ भए पनि महत्त्वपूर्ण भए तापनि, पार्टी र राजनीति दुवैको भविष्यको मार्गचित्रलाई आकार दिन मद्दत गर्छन्।

पार्टीको विधानले त्यस्तो समयको लागि मात्र विशेष महाधिवेशनहरूको व्यवस्था गर्दछ। तिनीहरू आन्तरिक लोकतन्त्रको लागि एक माध्यमको रूपमा काम गर्छन्। लोकतन्त्र केवल भाषणबाजी होइन; यो अभ्यास मार्फत कायम रहन्छ। अधिवेशनको पछाडि दृढतापूर्वक उभिएर, कांग्रेस कार्यकर्ताहरूले लोकतान्त्रिक मान्यताहरूलाई बलियो बनाउन महत्त्वपूर्ण भूमिका खेलेका छन्। तानाशाही शासनको समयमा पनि, कांग्रेस नेता र कार्यकर्ताहरूले दृढतापूर्वक लोकतन्त्रको रक्षा गरे, सबैभन्दा अँध्यारो समयमा पनि यसको ज्वालालाई जीवित राखे। विगतका आँधीबेहरीबाट बचेको लोकतान्त्रिक भावना अब ओइलाउनु हुँदैन। लोकतन्त्र बाँच्नको लागि कांग्रेस जस्तो गौरवशाली लोकतान्त्रिक सम्पदा भएको पार्टीले दृढ रहनुपर्छ - विशेष गरी लोकप्रियताको दबाब बढिरहेको संसारमा। कांग्रेसले आफ्नो इतिहासमा धेरै चुनौतीहरूको सामना गरेको छ, र प्रायः समयमै र व्यावहारिक निर्णयहरूद्वारा तिनीहरूलाई बचाएको छ।

पार्टीका वर्तमान अध्यक्ष शेरबहादुर देउवाले एक पटक पार्टी विभाजन गरेर नेपाली कांग्रेस (लोकतान्त्रिक) गठन गरेका थिए, तर पछि यसलाई पुनर्मिलन गरे र यसको नेतृत्व पुनः सुरु गरे। चलिरहेको अधिवेशनको क्रममा, महाराजगंजस्थित आफ्नो घरमा देउवाको निकटतम सहयोगीहरूसँगको भेटले पार्टी विभाजनको विरुद्धमा स्पष्ट सन्देश दियो। विशेष गरी, विशेष महाधिवेशनलाई समर्थन गर्ने नेताहरूले गुटगत गणनामा कम र नीतिगत सुधारमा बढी ध्यान केन्द्रित गरेका छन्। यो प्रक्रियाले पार्टीलाई लामो समयदेखि बोझ बनाएको पद र शक्तिमाथिको अहंकार-संचालित बहसहरूको सामना गर्ने तत्परतालाई पनि संकेत गर्दछ।

यो पहलले पार्टीको आन्तरिक प्रक्रियाहरू र लोकतान्त्रिकीकरणको बृहत् प्रक्रिया दुवैलाई बलियो बनाउनेछ। एकाधिकारवादी प्रवृत्तिले लोकतान्त्रिक मान्यताहरूलाई खतरामा पारेको समयमा यसले जवाफदेहिताको संस्कृतिलाई पनि बलियो बनाउँछ। राजनीतिक दलहरूको आन्तरिक कार्यप्रणाली - जुन प्रायः लोकतान्त्रिक विरोधी शक्तिहरूलाई बलियो बनाउन जिम्मेवार हुन्छन् - तत्काल सुधारको आवश्यकता छ। यस अर्थमा, कांग्रेसको अनुभवले यसको पदभन्दा बाहिरकाहरूलाई प्रेरित गरेको छ। यसले नयाँ पुस्ताको विद्रोहबाट उठेका आशाहरूलाई प्रत्यक्ष रूपमा प्रतिक्रिया दिन्छ र प्रमुख दलहरूलाई अझै पनि सावधानीपूर्वक हेर्ने नागरिकहरूमाझ सार्वजनिक विश्वास पुनर्स्थापित गर्न मद्दत गर्दछ। यो अधिवेशनले प्रमुख दलहरूले आफ्नो महत्त्व सधैंभरि गुमाएको कथालाई पनि चुनौती दियो। वास्तवमा, विविध आवाज र विचारहरूले कांग्रेसलाई बलियो बनाएका छन्।

प्रायः, केवल असहमतिलाई पार्टी विघटनको संकेतको रूपमा व्याख्या गरिन्छ। कांग्रेस भित्र, विशेष महाधिवेशनको माग उठेपछि, अन्य आवाजहरूलाई दबाउन जानाजानी यस्ता डरहरूलाई बढावा दिइएको थियो। धेरै वरिष्ठ नेताहरू यस कथामा बगेका थिए। वास्तविकतामा, विचारहरूको खुला आदानप्रदानले पार्टीलाई कमजोर पार्दैन; बरु, यसले यसलाई पुनर्जीवित गर्दछ। पार्टी भित्र विचारहरूको परिसंचरण मानव शरीरमा रगतको प्रवाह जस्तै हो। जुन शरीरमा परिसंचरण अवरुद्ध छ - र जुन पार्टीमा विचार र विचारहरूको आदानप्रदान छैन - उत्तिकै निर्जीव छ। यस दृष्टिकोणबाट, कांग्रेस अधिवेशनको सन्देश पूर्णतया सकारात्मक छ। यसले अगाडिको यात्रालाई सजिलो बनाउने वाचाहरू सहितको राम्रोसँग सोचविचार गरिएको बाटोलाई रूपरेखा दिएको छ। पौषको अन्तिम हप्ताको चिसो साँझमा बोल्दै, महासचिव थापाले आत्मविश्वास र दृढ संकल्प व्यक्त गरेः हामी बुद्धिमानी र लोकतान्त्रिक निर्णयहरू लिनेछौं।

कांग्रेसको आन्तरिक कलहले राष्ट्रिय राजनीतिमा प्रत्यक्ष प्रभाव पारिरहेको छ। दुई प्रमुख दलहरू - नेकपा-एमाले र नेकपा (माओवादी केन्द्र) - ले हालैका राजनीतिक घटनाक्रमहरूमा आफ्नो विचार स्पष्ट पारिसकेका छन्।जेनजेड विरोध बिना पनि, नेपाली कांग्रेस (एनसी) भित्र नेतृत्व परिवर्तन अपरिहार्य थियो। पार्टी कानूनले दुई कार्यकालको सीमा तोकेको छ। यद्यपि, विरोधले कांग्रेस भित्र नेतृत्व परिवर्तनलाई तीव्र बनाएको छ। जेनजेड विरोध पछिको पहिलो केन्द्रीय कार्यसमिति बैठकमा, देउवाले सक्रिय पार्टी राजनीतिबाट राजीनामा दिने निर्णयको घोषणा गरे र उपाध्यक्ष पूर्णबहादुर खड्कालाई कार्यवाहक पार्टी अध्यक्ष नियुक्त गरे। देउवाले महाधिवेशनसम्म प्रभाव पार्न जारी राख्न सक्ने भए पनि, पार्टी नेतृत्वमा फर्कने सम्भावना कम छ।

आगामी महिनाहरू महत्वपूर्ण हुनेछन्। देशको सबैभन्दा पुरानो लोकतान्त्रिक पार्टीले आफ्नो नेतृत्व संक्रमणलाई कसरी सम्हाल्छ भन्ने कुराले यसको आन्तरिक एकता मात्र निर्धारण गर्दैन, तर नेपालको राजनीतिक भविष्यलाई आकार दिन यसको भूमिका पनि निर्धारण गर्नेछ।

# पार्टीको एकता जोगाउन सभापति देउवा लचक



काठमाण्डु । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पार्टीभित्रको एकता कायम राख्न आफू लचक रहेको बताउनुभएको छ।

कांग्रेसको विशेष महाधिवेशन पक्षधरको आह्वानमा काठमाडौंमा जारी विशेषमहाधिवेशनका सन्दर्भमा उत्पन्न विवाद समाधानका लागि बुधबार पार्टी सभापति देउवा र महामन्त्री गगन थापासहित विश्वप्रकाश शर्माबीच छलफल भएको थियो । देउवा निवास महाराजगञ्जमा बिहान भएको छलफलमा सभापति देउवाले आफू पार्टीको एकता बचाउनका लागि हिजो पनि काम गर्दै आएको र आज पनि त्याग गर्न तयार रहेको बताउनुभएको कांग्रेस प्रवक्ता डा प्रकाशशरण महतले जानकारी दिनुभयो।

सभापति देउवाले महामन्त्रीद्वय थापा र शर्मालाई पनि पार्टीको एकता बचाउनका लागि तयार हुन आग्रह गर्नुभएको थियो । पार्टीका तर्फबाट टिकट वितरणका लागि निर्वाचनमा आफ्नो आधिकारिक हस्ताक्षर बुझाइएको विषयमा त्याग गर्नुपर्ने मागका सन्दर्भमा उहाँले आफू त्यसलाई छोड्न तयार रहेको बताउनुभएको प्रवक्ता डा महतले जानकारी दिनुभयो।

कांग्रेसको यसअघिको केन्द्रीय कार्यसमितिको बैठकबाट निर्णय गरी सभापति देउवाको हस्ताक्षर निर्वाचन आयोग पठाइएको थियो। सोहीअनुसार आगामी माघ ११ गते हुने राष्ट्रियसभा निर्वाचन र फागुन २१ गते हुने प्रतिनिधिसभामा समानुपातिकतर्फको पार्टीका टिकट वितरण भइसकेको छ। अब प्रत्यक्षतर्फको मात्र टिकट वितरण हुन बाँकी छ।

अरु विशेष महाधिवेशनलगायतका विषयमा उहाँहरुबीच छलफल भएको र केन्द्रीय कार्यसमितिमार्फत ती विषय टुङ्ग्याउन आग्रह गर्नुभएको थियो । महामन्त्रीद्वय थापा र शर्माले सभापति देउवासँग छलफल भएका विषयमा विशेष महाधिवेशनमा रहनुभएका साथीहरुसँग छलफल गर्ने भनेर बैठकबाट निस्कनुभएको प्रवक्ता डा महतले जानकारी दिनुभयो।रासस

**सभापति देउवाले महामन्त्रीद्वय थापा र शर्मालाई पनि पार्टीको एकता बचाउनका लागि तयार हुन आग्रह गर्नुभएको थियो ।**

## कांग्रेस विभाजन हुन्न :

# महामन्त्रीद्वय थापा र शर्मा



काठमाण्डु । नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले सत्य र विवेकको पक्षमा निर्णय उभिन महाधिवेशन प्रतिनिधिलाई आह्वान गर्नुभएको छ । महामन्त्रीद्वय थापा र विश्वप्रकाश शर्माको अगुवाइमा आयोजित विशेष महाधिवेशन प्रतिनिधिलाई सम्बोधन गर्दै उहाँले संविधान, कानुन, पार्टीविधानका आधारमा दलको आधिकारिकता विशेष महाधिवेशनको पक्षमा भएकाले कांग्रेस विभाजन नहुने जिकिर गर्नुभयो।

महामन्त्री थापाले भन्नुभयो, "विशिष्ट अवस्थामा विशेष अधिवेशन आह्वान गरिएको हो। हामी सत्यको पक्षमा उभिनुपर्छ । विशेष अधिवेशन समापनकाविषयमासम्वादरकुराकानी भइरहेका बेला आफूहरूलाई छलफलमा अलमल्याएर निर्वाचन आयोगमा कारवाहीको पत्र पठाइएको छ, त्यो गलत छ ।"युवाभावना अनुरूप अघि बढिरहेको नेपाली कांग्रेसलाई रूपान्तरणको अभियानलाई कसैले रोक्न नसक्ने बताउँदै उहाँले नेपालको निर्वाचन आयोग, संविधान, नियम र कानुनप्रति विश्वास भएकाले विधिसम्मत ढङ्गबाट आएको निर्णयलाई स्वीकार गर्ने विश्वास दिलाउनुभयो।

उहाँले भन्नुभयो, "कांग्रेस कसैको निजी पार्टी होइन, आफूहरूलाई कारवाही गर्नुअघि सोध्ने, स्पष्टीकरण माग्ने र कारवाही गर्न पर्दैन ? केन्द्रिय कमिटी भङ्ग भएको छ, बहुमत महाधिवेशन प्रतिनिधि उपस्थित भएको यो विशेष महाधिवेशन आधिकारिक छ ।"महाधिवेशन प्रतिनिधिलाई घर फर्किएर महामन्त्रीद्वय उपस्थिति रहेको विशेष अधिवेशनमा भाग लिएर आएको भन्दा कहीकतै शिर निहुर्‍याउन नपर्ने बताउँदै उहाँले कांग्रेस विभाजन नभई एउटै रहेकाले नआत्तिन, नअलनमलिन र भ्रममा नपर्न सुझाव दिनुभयो।

महामन्त्री विश्वप्रकाश शर्माले निर्वाचान आयोग, संविधान र पार्टीको विधानका आधारमा अहिले देखिएको विवादको समाधान निस्कने धारणा राख्नुभयो । उहाँले पार्टीको आधिकारिक विशेष महाधिवेशन भएको र निर्वाचन प्रक्रिया अघि बढाइ सकेकाले उम्मेदवार भइसकेको व्यक्तिलाई गरिएको कारवाहीको कुनै अर्थ नरहेको बताउनुभयो।

सहमहामन्त्री फर्मूला अन्सारीले नेपाली कांग्रेस विशेष अधिवेशनको मूल कार्यदेश नेताको चयन र नीतिको तर्जूमा गर्ने भएको बताउनुभयो।

उहाँले भन्नुभयो, "आदेश दिएर पार्टी चलाउने समय गयो, देश घुम्न सक्ने र जनतालाई बुझाउने युवा नेतृत्व अहिले पार्टीको माग हो। युवाको बेगलाई कुनै षडयन्त्र र निर्णयले रोक्न सक्दैन ।"नेपाली कांग्रेसको कार्य समितिको विहीबार सानेपामा बसेको बैठकले भने उहाँहरू तीन जनालाई नै पार्टीको हित र अनुशासन विपरित कार्य गरेको भनी पाँच वर्षका लागि साधारण सदस्य समेत नरहने गरी निस्कासन गरेको जनाएको छ।रासस

# सञ्चारमन्त्रीद्वारा देश र जनताको हितमा काम गर्न निर्देशन

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले देश र जनताको हित हुनेगरी जिम्मेवारीपूर्वक काम गर्न गोरखापत्रको नेतृत्वलाई निर्देशन दिनुभएको छ। मन्त्रालयमा बुधबार गोरखापत्र संस्थानका नवनियुक्त अध्यक्ष गोविन्द भण्डारी (अखण्ड) लाई नियुक्तिपत्र प्रदान गर्दै मन्त्री खरेलले इतिहास बोकेको संस्था गोरखापत्रको शाख बलियो हुनेगरी काम गर्न निर्देशन दिनुभयो।



सञ्चारमन्त्री खरेलले नेपाली पत्रकारिताको ऐतिहासिक संस्थाको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्दै देश र जनताको हितमा काम गर्ने विश्वास व्यक्त गर्नुभयो। गोरखापत्र संस्थानले जनआन्दोलन र सरकारको मर्म र भावनाअनुसार सुशासन कायम गर्न, भ्रष्टाचार नियन्त्रण गर्न र निर्वाचन सफल पार्नेगरी जनताका पक्षमा काम गर्न आग्रह गर्दै उहाँले सकारकातर्फबाट आवश्यक सम्पूर्ण सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

नवनियुक्त अध्यक्ष भण्डारीले गर्विलो इतिहास बोकेको संस्थानको अध्यक्षका रुपमा आफ्नो योग्यता र क्षमताले भ्याएसम्म संस्थानको सुधार गर्दै जनताका पक्षमा काम गर्ने बताउनुभयो।कार्यक्रममा मन्त्रालयका सचिव राधिका अर्याललेसमेत नवनियुक्त अध्यक्ष भण्डारीलाई सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभयो। पुस २८ गतेको मन्त्रिपरिषद् बैठकले भण्डारीलाई गोरखापत्र संस्थानको अध्यक्षमा नियुक्त गरेको थियो।रासस

## पर्वतारोहण सङ्घको अधिकार कटौती नगरौँः

# विधायन व्यवस्थापन समिति



काठमाण्डु । सांसदहरूले नयाँ ऐनमा पर्वतारोहण सङ्घको अधिकार कटौती गर्न नहुने तर्क प्रस्तुत गर्नुभएको छ । राष्ट्रियसभाअन्तर्गतको विधायन व्यवस्थापन समितिको बुधबार बसेको बैठकमा 'पर्यटन विधेयक २०८२' माथिको दफावार छलफलमा सङ्घको अधिकार कटौती नगर्न संशोधनकर्ताहरूले एकमत प्रस्तुत गर्नुभयो।

विसं २०३५ मा बनेको ऐनमा सङ्घलाई दिइएको स्पष्ट अधिकार नयाँ विधेयकमा कमजोर बनाइएको भन्दै उहाँहरूले पर्वतारोहणमा विगतदेखि व्यवस्थापन हुँदै आएको सङ्घको अनुभव, क्षमता र अन्तरराष्ट्रिय मान्यतालाई बेवास्ता गर्न नहुने धारणा राख्नुभयो।

पर्वतारोहण व्यवस्थापनसम्बन्धी प्रावधानलाई लिएर संशोधनकर्ता गङ्गाकुमारी बेल्वासे, सुरेशकुमार आले मगर, गोपाल भट्टराई, सोनाम गेल्जेन शेर्पा, झक्कुप्रसाद सुवेदी, डा बेदुराम भुसाल, गोपाल भट्टराईले र मदनकुमारी शाह (गरिमा)ले आआफ्नो संशोधन प्रस्तुत गर्नुभएको थियो।

छलफलका क्रममा सांसदहरूले विसं २०३५ देखि निरन्तर रूपमा पर्वतारोहण अनुमति, तालिम, व्यवस्थापन र अन्तरराष्ट्रिय समन्वय गर्दै आएको संस्थालाई नयाँ कानुनमार्फत कमजोर बनाउन नहुने बताउनुभयो। उहाँहरूले अब बन्ने पर्यटन ऐनमा पर्वतारोहण सङ्घको भूमिकालाई कसरी कानुनी रूपमा जोडेर लैजान सकिन्छ भन्नेमा ध्यानार्कषण गराउनुभयो।कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हाले विधेयकको ऐतिहासिक पृष्ठभूमि र कानुनी सङ्क्रमणको सन्दर्भ उल्लेख गर्दै विगतका कानुन र प्रदेश अधिकारबीचको समन्वय आवश्यक रहेको बताउनुभयो।

पर्यटन ऐनले पर्वतारोहण सङ्घलाई महत्वपूर्ण अधिकार प्रदान गरेको देखिन्छ। पर्वतारोहण सङ्घको सदस्यता नलिएका सरदार, पर्वतीय पथप्रदर्शक, उचाइमा जाने कामदार तथा आधार शिविरका कामदार पर्वतारोही दलसँग जान नपाउने व्यवस्था थियो । पर्वतारोहणको प्रबन्ध मिलाउने कुनै पनि संस्थाले पर्वतारोहण सङ्घसँग 'एफिलिएसन' नराखी काम गर्न नपाउने स्पष्ट व्यवस्था थियो।

सरकारले तोकेको हिमालचुलीको आरोहण अनुमति दिने अधिकार पर्वतारोहण सङ्घलाई सुम्पन सक्ने प्रावधान ऐनमा राखिएको थियो । विसं २०३५ देखि लागू हुँदै आएको उक्त व्यवस्था नेपालको पर्वतारोहण क्षेत्र व्यवस्थित र अन्तरराष्ट्रिय रूपमा विश्वसनीय बन्नुको आधार भइरहेका संशोधनकर्ता सांसदहरूको भनाइ छ । पर्यटन विधेयक, २०८२ को दफा २८ मा भने पर्वतारोहण सङ्घको नाम किटान गरिएको छैन।

"मन्त्रालयले पर्वतारोहणसँग सम्बद्ध संस्थालाई तोकिएको सर्तको अधिनमा रही पर्वतीय पर्यटन प्रवर्द्धन, तालिम, हिमाल सरसफाइ, आधार शिविर व्यवस्थापन, डोरी टाँग्नेलगायत आवश्यक ठानेका अन्य आरोहणसम्बन्धी जिम्मेवारी दिन सक्नेछ", व्यवस्थामा राखिएको छ।

यस व्यवस्थाले पर्वतारोहण क्षेत्र असन्तुष्ट हुने, विकल्पविहीन अवस्था सिर्जना हुने र त्यसको प्रत्यक्ष असर नेपालको पर्यटन उद्योगमा पर्ने सांसदहरूको भनाइ छ । समितिका सभापति तुलसाकुमारी दाहालले विसं २०३५ को ऐन र नयाँ विधेयकबीचको अन्तर गम्भीर रहेको स्वीकार गर्दै मन्त्रालयसँग थप स्पष्टता माग गर्नुभयो।रासस

# 'स्वदेशी स्रोतसाधनको प्रयोग गरेर निर्वाचनका कार्यक्रम सञ्चालन भइरहेका छन्'

काठमाण्डु । निर्वाचन आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले विदेशी सहयोगबिना, स्वदेशी स्रोतसाधनको अधिकतम प्रयोग गरेर निर्वाचनका कार्यक्रम सञ्चालन भइरहेका बताउनुभएको छ।

मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत तथा प्रदेश र जिल्लाका निर्वाचन अधिकारीका लागि आयोजित दुईदिने अभिमुखीकरण कार्यक्रम समापन समारोहलाई सोमबार यहाँ सम्बोधन गर्दै उहाँले निर्वाचनका लागि कर्मचारीको सेवासुविधा कटौती गर्नुपर्ने अवस्था नभएको स्पष्ट पार्नुभयो ।निर्वाचनको मिति घोषणा भइसकेपछि विधि र प्रविधि परिवर्तन गर्न नमिल्ने कार्यवाहक प्रमुख आयुक्त भण्डारीले बताउनुभयो । यो अभ्यास अन्तरराष्ट्रिय निर्वाचन कानुनविपरीत हुने उहाँले जानकारी दिनुभयो।

"निर्वाचनको मिति घोषणा भइसकेपछि विधि र प्रविधि परिवर्तन गरेर निर्वाचन हुँदैन, यो अन्तरराष्ट्रिय निर्वाचन कानुनको मान्यता विपरीत हो", कार्यवाहक प्रमुख आयुक्त भण्डारीले भन्नुभयो।



आचारसंहिता अनुगमन, निर्वाचन कार्यालयको व्यवस्थापन, शान्ति-सुरक्षा तथा गलत र भ्रामक सूचना नियन्त्रण गर्नु आयोगका लागि प्रमुख चुनौती रहेको उहाँले बताउनुभयो । यस विषयमा आयोग सचेत र सक्रिय रहेको उहाँले उल्लेख गर्नुभयो। आचारसंहिता अनुगमनको सन्दर्भमा आयुक्त भण्डारीले विगतबाट पाठ सिक्दै सुधारका उपाय खोज्न थालिएको बताउनुभयो। निर्वाचन कार्यालयको स्थानबारे उहाँले सबै निर्वाचन कार्यालय सदरमुकाममा राख्ने विषय आयोगको एकल निर्णयले सम्भव नहुने जानकारी गराउनुभयो । शान्ति-सुरक्षाका विषयमा सरकारसँग समन्वय आवश्यक हुने कार्यवाहक प्रमुख आयुक्त भण्डारीको भनाइ छ । सरकारसँगको समन्वयमा शान्ति सुरक्षाको व्यवस्थापनमा काम भइरहेको जानकारी उहाँले गराउनुभयो।

अभिमुखीकरणमा करिब १२० जना मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको सहभागिता थियो। काठमाडौँसँगै चितवन, विराटनगर र नेपालगञ्ज गरी चार स्थानका ७७ जिल्लाकै मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतलाई अभिमुखीकरण गरिएको आयोगका प्रवक्ता नारायणपसाद भट्टराईले जानकारी दिनुभयो।रासस

# सुशासन र समृद्धिका लागि स्वजागरण कार्यक्रम

काठमाण्डु। प्रधानमन्त्री सुशीला कार्कीको उपस्थितिमा बुधबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, सिंहदरबारमा सुशासन र समृद्धिका लागि स्वजागरण कार्यक्रम सम्पन्न भएको छ।

त्यस अवसरमा मन्त्रीगण, प्रधान सेनापतिलगायत विभिन्न सुरक्षा निकायका उच्च अधिकारी, मुख्य सचिव तथा सचिव, विभागीय प्रमुख, निजी क्षेत्रका प्रतिनिधिहरुको उपस्थिति थियो। कार्यक्रममा जीवन विज्ञानका संस्थापक एलपी भानु शर्माले स्वजागरणसम्बन्धी प्रवचन दिनुभएको थियो।

प्रधानमन्त्री कार्कीले स्वजागरण अभियानले नैतिकता, सदाचारिता र सेवाभावयुक्त जनशक्ति निर्माण गरी मुलुकमा सुशासन स्थापनामा सघाउ पुग्ने विश्वास व्यक्त गर्नुभयो। विभिन्न कालखण्डमा मुलुकमा भएका विविध सामाजिक-राजनीतिक आन्दोलनहरू तथा जेनजी पुस्ताको सदाचार र सुशासनको मागलाई ध्यानमा राख्दै अब स्वजागरणलाई सबै तहमा संस्थागत गरी दैनिक जीवनको हिस्सा बनाउनु अपरिहार्य भएको प्रधानमन्त्रीले बताउनुभयो।

प्रधानमन्त्रीको सचिवालयका अनुसार "स्वजागरण केवल आध्यात्मिक अभ्यास मात्र होइन, यो आन्तरिक रूपमा व्यक्तिलाई खुसी र शान्त रहन सिकाउने र बाह्य रूपमा जिम्मेवार, कर्तव्यनिष्ठ र समृद्ध समाज निर्माणमा सहयोग पुर्‍याउने प्रयोगात्मक जीवन पद्धति हो।

स्वजागरणले पहिले आफूलाई व्यवस्थित, अनुशासित र सचेत बनाउन सिकाउँछ।त्यसपछि परिवार, समाज र राष्ट्रप्रति जिम्मेवार बन्न प्रेरित गर्दछ। स्वजागृत व्यक्तिले अधिकार मात्र खोज्दैन, आफ्नो कर्तव्य के हो भन्ने प्रश्न आफैँसँग गर्छ", प्रधानमन्त्री कार्कीले भन्नुभएको थियो। रासस

# लोकतन्त्रको उत्तम विकल्प निर्वाचन होः मन्त्री श्रेष्ठ

लेखनाथ । महिला बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री श्रद्धा श्रेष्ठले लोकतन्त्रको उत्तम विकल्प निर्वाचन भएकाले सबै राजनीतिक दल आगामी फागुन २१ गते हुने निर्वाचनमा सहभागी हुनुपर्नेमा जोड दिनुभएको छ।

युनाइटेड क्लब पोखरा महानगरपालिका-१० ले सोमबारदेखि आगामी माघ ११ गतेसम्म पोखराको अमरसिंह चौरमा आयोजना गरेको १४औँ सस्करणको पोखरा महोत्सवको सोमबार उद्घाटन गर्दै मन्त्री श्रेष्ठले तोकिएको मितिमा निर्वाचन हुने भएकाले सबै दल उत्साहकासाथ लाग्नुपर्ने बताउनुभयो।

उहाँले यस्ता महोत्सवले स्थानीयस्तरको आर्थिक गतिविधि चलायमान हुनुको साथै पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो। सौन्दर्यले भरिपूर्ण पोखराको सुन्दरतालाई बिग्रन नदिन पोखराबासीहरू संरक्षण र प्रवर्द्धन अभियानमा लाग्नुपर्नेमा मन्त्री श्रेष्ठले जोड दिनुभयो।

गण्डकी प्रदेशका सरकारका स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकले महोत्सवबाट प्राप्त मुनाफाले शिक्षा, स्वास्थ्य, पर्यटन, खेलकुदलगायत क्षेत्रको विकासमा सहयोग गर्दै आएको क्लब पोखरामा उदाहरणीय बनेको बताउनुभयो। यस्ता महोत्सवले आर्थिक गतिविधिलाई चलायमान मात्र नभई विभिन्न जातजाति, समुदायबीच एकताको भावनालाई मजबुत बनाउने धारणा राख्नुभयो। साथै यसले स्थानीय कला, संस्कृतिको संरक्षणमा समेत मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो।

'युवाको जाँगर राष्ट्र निर्माणको आधार' भन्ने मूल नाराका साथ सोमबारदेखि सुरु भएको महोत्सवको मुनाफाबाट क्लबले वार्षिक रूपमा शिक्षा, स्वास्थ्य, खेलकुद र पर्यटन प्रवर्द्धनका क्षेत्रमा खर्च गर्दै आएको जनाएको छ। साथै यस वर्ष पोखरामा चिडियाखाना निर्माणको योजना बनाइएको क्लबले जनाएको छ।

महोत्सवको मुनाफाबाट क्लबले पोखरा र आसपासका क्षेत्रमा रहेका २० वटा सामुदायिक विद्यालयमा छात्रवृत्ति



अक्षयकोष स्थापना गरी गरीब तथा विपन्न वर्गका विद्यार्थीलाई छात्रवृत्ति दिनुका साथै ग्रामीण क्षेत्रमा निशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्दै आएको क्लबका अध्यक्ष लोकबहादुर थापाले दिनुभयो । दुई सातासम्म सञ्चालन हुने उक्त महोत्सवबाट रु एक करोड ५१ लख ७५ हजार आम्दानी र रु एक करोड २३ लाख ६० हजार खर्च हुने अनुमान गरिएको छ। थापाका अनुसार २५० स्टल रहने उक्त महोत्सव दुई लाख दर्शकले अवलोकन गर्ने अनुमान गरिएको छ।

प्रकाश सपुत, बद्री पङ्गेनी, शान्तिश्री परियार, रवि कार्की, समीक्षा अधिकारी, अर्जुन सापकोटा, प्रिती आले, प्रकाश दुतराज, अस्मिता अधिकारी, शान्तारानीपरियार,सम्झनालामिछानेलगायत राष्ट्रियस्तरका कलाकारको प्रस्तुति रहने महोत्सव प्रचारप्रसार संयोजक दिनेश सुनारले दिनुभयो । यसअघि पोखराका विभिन्न भागबाट स्थानीय भेषभूषामा निस्केको झाँकीसहितको र्‍याली महोत्सव स्लथमा पुगेको थियो।रासस

# चीनको व्यापार अधिशेष ऐतिहासिक उचाइमा

एपी

हङकङ । चीनको व्यापार अधिशेष सन् २०२५ मा करिब १२ खर्ब अमेरिकी डलरको ऐतिहासिक रेकर्डमा पुगेको सरकारी तथ्याङ्कले देखाएको छ। बुधबार सार्वजनिक गरिएको विवरणअनुसार संयुक्त राज्य अमेरिकामा निर्यात सुस्त भए पनि अन्य क्षेत्रीय र अन्तर्राष्ट्रिय बजारमा निर्यात विस्तार हुँदा समग्र अधिशेष उल्लेखनीय रूपमा बढेको हो ।चिनियाँ भन्सार प्रशासनका अनुसार सन् २०२५ मा चीनको कुल निर्यात ५.५ प्रतिशतले बढेर ३७ खर्ब ७० अर्ब डलर पुगेको छ । यस अवधिमा आयात भने घटेर २५ खर्ब ८० अर्ब डलरमा सीमित रह्यो । यसअघिको वर्ष सन् २०२४ मा चीनको व्यापार अधिशेष नौ खर्ब ९२ अर्ब डलरभन्दा केही बढी थियो। डिसेम्बर महिनामा चीनको निर्यात डलरको आधारमा अघिल्लो वर्षको तुलनामा ६.६ प्रतिशतले वृद्धि भएको देखिएको छ, जुन अर्थशास्त्रीहरूको अनुमानभन्दा राम्रो र नोभेम्बरको ५.९ प्रतिशतको वार्षिक वृद्धिदरभन्दा उच्च हो । सोही महिनामा आयात पनि उल्लेख्य रूपमा बढ्दै नोभेम्बरको १.९ प्रतिशतको तुलनामा ५.७ प्रतिशतले वृद्धि भएको छ।



चीनको व्यापार अधिशेषले नोभेम्बरमै पहिलो पटक १० खर्ब डलरको सीमालाई पार गरेको थियो । गत वर्षको पहिलो ११ महिनामै व्यापार अधिशेष १० खर्ब ८० अर्ब डलर पुगेको तथ्याङ्कले देखाउँछ ।व्यापारिक घर्षण र भूराजनीतिक तनावका बाबजुद पनि सन् २०२६ मा निर्यातले चीनको अर्थतन्त्रलाई टेवा दिइरहने अर्थशास्त्रीहरूको अनुमान छ । बिएनपी परिबासकी प्रमुख चिनियाँ अर्थशास्त्री ज्याकलिन रोङले सन् २०२६ मा पनि निर्यातले आर्थिक वृद्धिको प्रमुख चालकको भूमिका खेल्ने अपेक्षा कायमै रहेको बताउनुभएको छ।

अमेरिकामा राष्ट्रपति डोनाल्ड ट्रम्प पुनः सत्तामा फर्किएपछि चीन र संयुक्त राज्यबीचको व्यापार युद्ध चर्किँदै जाँदा अमेरिकी बजारतर्फ चीनको निर्यात गत वर्षको अधिकांश समय घट्दो रह्यो । सन् २०२५ मा अमेरिका तर्फको निर्यात करिब २० प्रतिशतले घटेको देखिन्छ। यद्यपि दक्षिण अमेरिका, दक्षिणपूर्वी एसिया, अफ्रिका र युरोपका अन्य बजारमा निर्यात विस्तार हुँदा उक्त गिरावट धेरै हदसम्म सन्तुलनमा आएको छ। आँकडाअनुसार सन् २०२५ मा अफ्रिकातर्फ चीनको निर्यात २६ प्रतिशतले बढेको छ। दक्षिणपूर्वी एसियाली देशहरूमा १३ प्रतिशत, युरोपेली सङ्घ (इयु) मा ८ प्रतिशत र ल्याटिन अमेरिकामा ७ प्रतिशतले निर्यात वृद्धि भएको छ । विश्लेषकहरूका अनुसार कम्प्युटर चिप्स, विद्युतीय उपकरणहरू तथा ती उत्पादनमा प्रयोग हुने सामग्रीहरूको बलियो विश्वव्यापी मागले चीनको निर्यातलाई समर्थन गरेको छ । यसका साथै गत वर्ष चीनको कार निर्यातमा पनि उल्लेख्य वृद्धि देखिएको थियो ।बलियो निर्यात प्रदर्शनले चीनको अर्थतन्त्रलाई वार्षिक करिब ५ प्रतिशतको आधिकारिक वृद्धिदर लक्ष्य नजिक पुर्‍याउन मद्दत गरेको छ। तर सस्तो चिनियाँ वस्तुहरूको बाढीले स्थानीय उद्योगहरूलाई असर गर्न सक्ने चिन्ताका कारण केही मुलुकहरूमा चेतावनी र चासो पनि बढेको छ।

चिनियाँ भन्सार प्रशासनका उपमन्त्री वाङ जुनले सन् २०२६ मा चीनले 'गम्भीर र जटिल' बाह्य व्यापार वातावरणको सामना गरिरहेको बताउनुभयो। तथापि उहाँले चीनको विदेशी व्यापारका आधारभूत संरचना अझै बलियो रहेको स्पष्ट पार्नुभयो ।अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) का प्रमुखले गत महिना चीनलाई आर्थिक असन्तुलन समाधान गर्न, घरेलु माग र लगानीलाई प्रोत्साहन गर्दै निर्यातमा अत्यधिक निर्भरताबाट बाहिर निस्कन सुधारको गति तीव्र बनाउन आग्रह गर्नुभएको थियो।

चीनमा लामो समयदेखि चलिरहेको रियल स्टेट क्षेत्रको मन्दीले उपभोक्ताको विश्वास र घरेलु मागलाई अझै प्रभावित गरिरहेको छ । अत्यधिक ऋण लिँदा धेरै डेभलपरहरू डिफल्टमा गएपछि यस क्षेत्रको समस्या गहिरिएको हो ।चिनियाँ नेताहरूले उपभोक्ता र व्यवसायको खर्च वृद्धि आर्थिक नीतिको केन्द्रमा राखेका छन् । पछिल्ला महिनाहरूमा सरकारले ट्रेड-इन अनुदान कार्यक्रम ल्याएर उपभोक्तालाई नयाँ, ऊर्जा-कुशल घरेलु उपकरण र सवारी साधन खरिद गरी पुराना मोडेल प्रतिस्थापन गर्न प्रोत्साहन गरेको छ । तर यी उपायहरूको प्रभाव अहिलेसम्म सीमित देखिएको छ।

बिएनपी परिबासकी रोङका अनुसार घरेलु मागको वृद्धि सन् २०२६ मा पनि सुस्त नै रहने सम्भावना छ । उहाँले विशेषगरी उपभोक्ता वस्तुहरूका लागि वित्तीय अनुदान कार्यक्रमहरू गत वर्षको तुलनामा कमजोर देखिएको उल्लेख गर्नुभयो।

फ्रान्सेली लगानी बैंक नाटिक्सिसका वरिष्ठ अर्थशास्त्री ग्यारी एनजीले सन् २०२६ मा चीनको निर्यात करिब ३ प्रतिशतले मात्र बढ्ने अनुमान गर्नुभएको छ। यो सन् २०२५ को ५.५ प्रतिशतभन्दा कम हो । आयात वृद्धिदर सुस्त रहने सम्भावनासँगै चीनको व्यापार अधिशेष यस वर्ष पनि १० खर्ब डलरभन्दा माथि रहने उहाँको अपेक्षा रहेको छ ।रासस

# सूर्य नेपाल इस्टर्न ओपन सुरू

## नेपाल नम्बर एक गल्फर निरजलाई ३ स्ट्रोकको अग्रता

टुडे समाचारदाता

धरान। सूर्य नेपाल गल्फ टुर २०२५-२६ अन्तर्गत दोस्रो प्रतियोगिता सूर्य नेपाल इस्टर्न ओपनको पहिलो दिन नेपाल नम्बर एक प्रो गल्फर निरज तामाङ ६-अन्डर ६४ को उत्कृष्ट स्कोरमा शीर्षस्थानमा रहन सफल भएका छन्। निरजले टंक बहादुर कार्की र बलभद्र राईलाई १८ होलको समाप्तीमा ३ स्ट्रोकको अग्रता बनाएका छन्। ३-अन्डर ६७ को स्कोर बनाएका टंक र बलभद्र संयुक्तरुपमा दोस्रो स्थानमा रहेका छन्। १-अन्डर ६९ को स्कोरमा दुई पुर्व नम्बर एक गल्फर शुक्र बहादुर राई र भुवन नगरकोटी तथा दुई एमेच्योर खेलाडी प्रकृत तामाङ र राहुल विश्वकर्माले संयुक्तरुपमा चौथो स्थान बाँडे। यस्तै इभन-पार ७० को स्कोर बनाएका रवि खड्का, जयराम श्रेष्ठ र सुमन परियार पहिलो दिनको समाप्तीमा संयुक्तरुपमा आठौं स्थानमा रहेका छन्।




धरान गल्फ क्लबमा डिफेन्डिङ च्याम्पियन निरजले सानदार सुरूवात गर्ने क्रममा दोस्रो होलमा बोगी प्रहार गरे। यसपछि भने तेस्रो, पाँचौं, छैटौं र नवौं होलमा बर्डीको सफलतामा फ्रन्ट नाइन ३-अन्डर ३३ खेले। यसपछि १२औं, १३औं, १६औं र १८औं होलमा एक-एक सट बचाए। १५औं होलमा बोगी खेप्दै ब्याक नाइन ३-अन्डर ३१ मा सकाए। टंकले भने फ्रन्ट नाइन १-अन्डर ३५ मा पुरा गर्ने क्रममा दोस्रो होलमा एक सेट खेर फाले। आठौं र नवौं होलमा लगातार दुई बर्डी प्रहार गरे। यसपछि १४औं र १८औं होलमा एक-एक सट बचाएका उनले ब्याक नाइन बोगीरहित २-अन्डर ३२ खेले।

धरानका भेट्रान प्रो बलभद्रले बोगी रहित फ्रन्ट नाइन खेल्ने क्रममा तेस्रो र सातौं होलको बर्डीले २-अन्डर ३४ को नतिजा निकाले। १०औं होलमा बोगी प्रहार गर्दा १५औं र १८औं होलको बर्डीले ब्याक नाइन १-अन्डर ३३ मा सकाए। एमेच्योरतर्फ राहुल र प्रकृत १-अन्डर ६९ सहित संयुक्तरुपमा शीर्षस्थानमा रहेका छन्। राम तामाङ १-ओभर ७१ सहित तेस्रो स्थानमा रहे।

सूर्य नेपाल प्रा.लि.को प्रायोजनमा तीन दिनसम्म चल्ने ५४ होलको प्रतिस्पर्धामा कुल पुरस्कार राशि १० लाख ५० हजार रुपैयाँ रहेको छ। प्रतियोगिताको उपाधि विजेताले १ लाख ७० हजार रुपैयाँ प्राप्त गर्नेछन्। उपविजेताले १ लाख २५ हजार र तेस्रो स्थान हासिल गर्ने खेलाडीले १ लाख रुपैयाँ पुरस्कार पाउनेछन्। शीर्ष १८ स्थान सम्म रहने खेलाडीहरूले नगद पुरस्कार प्राप्त गर्नेछन्। प्रतियोगितामा ३० जना व्यावसायिक खेलाडी तथा ह्यान्डिक्याप ५ वा सोभन्दा कम भएका २२ एमेच्योर खेलाडीले उपाधिको लागि दाबेदारी प्रस्तुत गरेका छन्। ३६ होलको खेलपछि कट लागु हुनेछ। जसअनुसार शीर्ष १८ व्यावसायिक खेलाडी र सोहि कटमा पर्ने एमेच्योरहरू अन्तिम चरणमा प्रवेश गर्नेछन्।

प्रतियोगिताको समापन माघ ३ गते शनिबार प्रो-एम प्रतियोगितासँगै हुनेछ। प्रो-एम इभेन्टमार्फत एमेच्योर गल्फरहरूले व्यावसायिक खेलाडीसँग एउटै टिममा खेल्ने अवसर पाउनेछन्। जसले प्रतियोगितालाई थप आकर्षक बनाउने अपेक्षा गरिएको छ।सूर्य नेपाल गल्फ टुर २०२५-२६ मा कुल आठ प्रतियोगिता समावेश छन्। जसको समग्र पुरस्कार राशि ८० लाख रुपैयाँ रहेको छ। नेपालको प्रमुख व्यावसायिक गल्फ सर्किटका रूपमा स्थापित यो टुरले यस वर्ष पनि प्रतिस्पर्धात्मक र रोमाञ्चक खेल प्रस्तुत गर्ने अपेक्षा गरिएको छ।

# आइसिई हिरासतमा आप्रवासी मृत्यु बढ्दै




एएफपी

न्युयोर्क । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको नेतृत्वकालमा अमेरिकी अध्यागमन तथा भन्सार प्रवर्तन निकाय (आइसिई) का हिरासत केन्द्रहरूमा आप्रवासीहरूको मृत्यु बढ्दो क्रममा रहेको तथ्याङ्कले देखाएको छ। जनवरी ७ मा मिनियापोलिस, मिनेसोटामा प्रदर्शनकारी रेनी निकोल गुडमाथि भएको घातक गोलीकाण्डपछि आइसिईले प्रयोग गर्दै आएको टकरावपूर्ण रणनीति पुनः सार्वजनिक बहसको केन्द्रमा आएको छ।

तर आइसिईले आफैँ सार्वजनिक गरेको विवरणले अध्यागमन हिरासत केन्द्रहरूमा राखिएका व्यक्तिहरूका लागि ती स्थानहरू अझै जोखिमपूर्ण र कहिलेकाहीँ घातकसमेत बन्ने गरेको देखाएको छ । एजेन्सीले जारी गरेको प्रेस विज्ञप्तिअनुसार सन् २०२६ को सुरुआती केही दिनमै हिरासतमा रहेका धेरै व्यक्तिको मृत्यु भएको खुलासा गरिएको छ । यो अवस्था त्यही समयपछि आएको हो, जब सन् २०२५ मा आइसिई हिरासतमा आप्रवासी कैदीहरूको मृत्यु दुई दशककै उच्च स्तरमा पुगेको थियो र हिरासतमा राखिने व्यक्तिको सङ्ख्या तीव्र गतिमा बढेको थियो।

आइसिईको तथ्याङ्कअनुसार डिसेम्बर २०२५ को अन्त्यसम्म ६८ हजारभन्दा बढी वयस्कहरू आइसिई हिरासतमा थिए । यो सङ्ख्या डिसेम्बर २०२३ मा करिब ३६ हजार मात्रै रहेको थियो, जसले छोटो अवधिमै हिरासतमा रहेकाहरूको सङ्ख्या झन्डै दोब्बर भएको देखाउँछ।

सन् २०२६ को सुरुआतदेखि अहिलेसम्म आइसिईको हिरासतमा रहँदा कम्तीमा चार जनाको मृत्यु भइसकेको एजेन्सीले जनाएको छ। यी सबै मृत्यु वर्षको पहिलो १० दिनभित्र भएका हुन्। जनवरी ९ र १० को अवधिमा मात्र तीन जनाको मृत्यु भएको घोषणा गरिएको थियो । मृतकहरू सबै पुरुष थिए, जसको उमेर ४२ देखि ६८ वर्षबीच रहेको बताइएको छ । तीमध्ये दुई जना होन्डुरसका नागरिक, एक जना क्युबाली र एक जना कम्बोडियाली नागरिक थिए।

आइसिईका अनुसार दुई जनाको मृत्यु 'मुटुसम्बन्धी स्वास्थ्य समस्या' का कारण भएको थियो भने बाँकी दुई घटनाको स्पष्ट कारण उल्लेख गरिएको थिएन । पछिल्ला घटनामध्ये एउटा मात्रै 'अनुसन्धान अन्तर्गत' भनेर सूचीबद्ध गरिएको छ ।सन् २०२५ लाई आइसिई हिरासतमा रहेका आप्रवासीहरूका लागि पछिल्ला २० वर्षकै सबैभन्दा घातक वर्षका रूपमा लिइएको छ । उक्त वर्ष अध्यागमन हिरासत केन्द्रहरूमा राखिएका कम्तीमा ३० जनाको मृत्यु भएको थियो । यो सङ्ख्या सन् २००४ मा आइसिई स्थापना भएपछिको सबैभन्दा उच्च हो।

सन् २०२५ को मृत्यु सङ्ख्याले बाइडेन प्रशासनकाल (सन् २०२१-२०२५) को सम्पूर्ण अवधिमा आइसिई हिरासतमा रेकर्ड गरिएका कुल मृत्यु सङ्ख्याभन्दा पनि बढी प्रतिनिधित्व गरेको छ । आइसिईका प्रतिवेदनहरूका आधारमा अमेरिकी अध्यागमन वकिल सङ्घले सङ्कलन गरेको तथ्याङ्कअनुसार ती चार वर्षमा हिरासतमा रहँदा जम्मा २६ जनाको मृत्यु भएको थियो।

बाह्य पर्यवेक्षक र मानवअधिकार संस्थाहरूले आइसिई हिरासत केन्द्रहरूमा बन्दीहरूले पाउने चिकित्सा उपचारको स्तरप्रति गम्भीर चिन्ता व्यक्त गर्दै आएका छन्। अमेरिकन सिभिल लिबर्टीज युनियन (एसिएलयु) ले सन् २०२४ मा सार्वजनिक गरेको प्रतिवेदनमा आइसिई हिरासतमा भएका ९५ प्रतिशत मृत्यु उचित हेरचाह उपलब्ध गराइएको भए रोक्न सकिन्थ्यो भन्ने निष्कर्ष निकालिएको थियो।

उक्त प्रतिवेदन सार्वजनिक अभिलेख अनुरोधमार्फत प्राप्त हजारौँ पृष्ठ कागजातको अध्ययनका आधारमा तयार पारिएको थियो । यसमा सन् २०१७ देखि २०२१ को अवधिमा आइसिई हिरासतमा भएका मृत्युहरूको विस्तृत विश्लेषण गरिएको थियो । ती कागजातहरूको समीक्षा गर्ने चिकित्सा विज्ञहरूले गलत वा अनुपयुक्त उपचारका साथै अत्यधिक ढिलाइ भएको चिकित्सा सेवाका व्यापक प्रमाणहरू फेला पारेका थिए।

> आइसिईका प्रतिवेदनहरूका आधारमा अमेरिकी अध्यागमन वकिल संघले सङ्कलन गरेको तथ्याङ्कअनुसार ती चार वर्षमा हिरासतमा रहँदा जम्मा २६ जनाको मृत्यु भएको थियो ।

# जापानमा फेब्रुअरीमा मध्यावधि चुनाव घोषणा गर्ने तयारी

एएफपी

टोकियो । जापानकी प्रधानमन्त्री साने ताकाइचीले बुधबार सत्तारूढ दलका वरिष्ठ अधिकारीहरूलाई बलियो जनसमर्थनको फाइदा उठाउँदै मध्यावधि आम चुनाव घोषणा गर्ने आफ्नो योजनाबारे जानकारी दिने तयारी गर्नुभएको मिडिया रिपोर्टहरूले जनाएका छन्।

ताकाइची गत अक्टोबरमा जापानको पहिलो महिला प्रधानमन्त्रीका रूपमा नियुक्त हुनुभएको हो। हाल उहाँको मन्त्रिपरिषद्ले करिब ७० प्रतिशतको उच्च अनुमोदन दर प्राप्त गरेको छ। तर सत्तारूढ गुटसँग संसद्को शक्तिशाली तल्लो सदनमा न्यून बहुमत मात्रै रहेकाले उहाँको महत्त्वाकांक्षी नीतिगत एजेन्डा अघि बढाउन चुनौती उत्पन्न भएको छ।

जापानी व्यापार दैनिक निक्केई सिम्बुनले सरकार तथा लिबरल डेमोक्रेटिक पार्टी (एलडिपी) का अज्ञात स्रोतहरूलाई उद्धृत गर्दै बुधबारको बैठकमा ताकाइचीले जनवरी २३ मा तल्लो सदन विघटन गर्ने आफ्नो मनसायबारे पार्टीका वरिष्ठ अधिकारीहरूलाई जानकारी गराउने बताएको छ। यस कदमले सत्तारूढ दलको सिट सङ्ख्या बढाउने लक्ष्यसहित आकस्मिक आम चुनावको बाटो खोल्ने जनाइएको छ।

सार्वजनिक प्रसारणकर्ता एनएचकेले पनि ताकाइचीले आफ्नो योजनाबारे वरिष्ठ अधिकारीहरूसँग छलफल गर्न बैठक समन्वय गरिरहनुभएको जानकारी दिएको छ। टेलिभिजन असाहीका अनुसार एलडिपीका प्रभावशाली नेताहरू र गठबन्धन साझेदार जापान इनोभेसन पार्टीका सदस्यहरूसँगको बैठक बुधबार ढिलो हुने अपेक्षा गरिएको छ।

सरकारका प्रमुख प्रवक्ता मिनोरु किहाराले यस विषयमा प्रतिक्रिया जनाउन अस्वीकार गर्दै यो 'प्रधानमन्त्रीले गर्ने निर्णय' भएको मात्र बताउनुभएको छ ।यदि ताकाइचीले नियमित संसद् सत्रको सुरुआतको दिन अर्थात जनवरी २३ मा तल्लो सदन विघटन गर्नुभयो भने आम चुनावको सम्भावित मिति फेब्रुअरी ८ मा हुने विभिन्न जापानी सञ्चारमाध्यमहरूले रिपोर्ट गरेका छन्। संसद् विघटन र चुनावबीचको समय छोटो राखेर आगामी आर्थिक वर्षको बजेट विधेयकमाथि हुने संसदीय बहसमा चुनावको प्रभाव न्यून राख्ने उहाँको रणनीति रहेको योमियुरी पत्रिकाले जनाएको छ।

ताकाइचीको मन्त्रिपरिषद्ले अप्रिल २०२६ देखि सुरु हुने वित्तीय वर्षका लागि एक हजार २२३ खर्ब येन (करिब सात खर्ब ६८ अर्ब अमेरिकी डलर) को बजेट स्वीकृत गरिसकेको छ। उहाँले मुद्रास्फीति नियन्त्रण गर्न र विश्वको चौथो ठूलो अर्थतन्त्रलाई स्थायित्व दिन यो बजेटलाई सकेसम्म चाँडो संसद्बाट पारित गराउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।



ताकाइची अल्पसङ्ख्यक सरकारको प्रमुखका रूपमा निर्वाचित हुँदा पछिल्ला केही वर्षमा जापानको पाँचौँ प्रधानमन्त्री बन्नुभएको थियो। उहाँको नेतृत्वमा एलडिपी र गठबन्धन साझेदार जापान इनोभेसन पार्टीले नोभेम्बरमा तीन सांसद एलडिपीमा सामेल भएपछि तल्लो सदनमा पुनः बहुमत हासिल गरेको हो। यद्यपि माथिल्लो सदनमा सत्तारूढ गुट अझै अल्पसङ्ख्यकमै रहेको छ।

मिडियाका अनुसार ताकाइचीले ठूलो बहुमत प्राप्त भएमा थप 'सक्रिय' वित्तीय खर्चसम्बन्धी आफ्नो एजेन्डा कार्यान्वयन गर्न सजिलो हुने र चीनसँगको कूटनीतिक गतिरोध तोड्न पनि सहयोग पुग्ने अपेक्षा राख्नुभएको छ।

# हाफ म्याराथनको उपाधि गुरुङलाई

दमौली। व्यास नगरपालिका-६ बाह्रबिसे युवा क्लबले बुधबार आयोजना गरेको व्यासगुफा-गलेखामकोट अल्ट्रा हाफ म्याराथनको उपाधि आँबुखैरेनीका सनम गुरुङले जित्नुभएको छ। चौतीस धावकलाई पछाडि पार्दै व्यास-३ व्यास गुफादेखि व्यास-६ गलेखामकोटसम्मको २१ किलोमिटर दूरीको म्याराथनमा गुरुङ प्रथम हुनुभएको हो।




म्याराथनमा शुक्लागण्डकी नगरपालिकाका टोपबहादुर कुमाल द्वितीय र भानु नगरपालिकाका आदित्य जिसी तृतीय हुनुभएको छ । विजेतालाई क्रमशः रु ३५ हजार, रु २५ हजार र रु १५ हजार पुरस्कार प्रदान गरिएको क्लबका अध्यक्ष ज्ञानबहादुर गुरुङले जानकारी दिनुभयो । दुई धार्मिक तथा पर्यटकीय स्थल व्यासगुफा र गलेखामकोटलाई खेलकुदको माध्यमबाट जोड्ने र दुवै ठाउँको पर्यटन प्रवर्द्धन गर्ने लक्ष्यसहित हाफ म्याराथन गरिएको उहाँले जानकारी दिनुभयो । व्यासका नगर प्रमुख वैकुण्ठ न्यौपानेले खेलकुदले दुई ठाउँको धार्मिक पर्यटन प्रचारप्रसारमा सहयोग पुग्ने धारणा राख्नुभयो।

उहाँले भन्नुभयो, "व्यास गुफा महत्वपूर्ण धार्मिकस्थल हो, गलेखामकोट धार्मिक र ऐतिहासिक हिसाबले महत्वपूर्ण कोट हो, त्यसको विकास र प्रवर्द्धनका लागि जुटेका छौं।" म्याराथनले गलेखामकोटसम्म भावनात्मक हिसाबले सम्बन्ध जोड्न सहयोग पुगेको बताउँदै नगरप्रमुख न्यौपानेले गलेखामकोटको थप प्रचारर्प्रसार गर्न सबै पक्ष लाग्नुपर्नेमा जोड दिनुभयो। नगरपालिकाले माघ १६ गते मानुङकोटदेखि पुलिमराङसम्म अल्ट्रा म्याराथन आयोजना गर्न लागेको बताउँदै नगरप्रमुख न्यौपानेले खेललाई पर्यटनसँग जोडेर जानुपर्ने धारणा राख्नुभयो।

व्यास-६ का वडाध्यक्ष एवं नगर खेलकुद विकास समितिका अध्यक्ष जीवन गुरुङले गलेखामकोटलाई पर्यटकीय हिसावले विकास गर्ने उद्धेश्यसहित म्याराथन आयोजना गरिएको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "यसले भोलिका दिनमा व्यास-६ लाई अगाडि बढाउन सहयोग पुग्नेछ । यसलाई पर्यटकीय हिसावले विकास गर्न सकिए स्थानीयको आर्थिक सवलीकरणमा टेवा पुग्नेछ।"

यसैबीच क्लबले विहीबारदेखि वडा स्तरीय भलिबल प्रतियोगितासमेत आयोजना गरेको छ । भलिबल प्रतियोगितामा विजेतालाई रु ४० हजार, ट्रफी र मेडल तथा उपविजेतालाई रु २५ हजार, ट्रफी र मेडल प्रदान गरिनेछ। यस्तै सेमिफाइनल पुग्ने दुई टोलीलाई जनही रु १० हजार पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ।

गलेखामकोट समुन्द्री सतहबाट एक हजार ३०० मिटर उचाइमा अवस्थित छ । यहाँबाट जिल्लाकै व्यास नगरपालिका, शुक्लागण्डकी नगरपालिका र लमजुङको मध्यनेपाल नगरपालिकाका केही भाग देख्न सकिन्छ । पृथ्वीराजमार्ग अन्तर्गत कन्टारबाट पश्चिम लागेपछि पुगिन्छ पर्यटकीय स्थल गलेखामकोट-कन्टारदेखि साँगे हुँदै पुगिने गलेखामकोट सदरमुकाम दमौलीदेखि नजिक रहेर पनि ओझेलमा परेको ठाउँ हो।

आधाजसो पक्की र आधाजसो कच्ची सडक हुँदै पुगिने यस ठाउँमा सडकको असुविधाका कारण पर्यटक कम पुग्ने गरेका छन् । कुनै बेला मगर राजाले समेत राज्य गरेको यस ठाउँ ओझेलमा परेपछि स्थानीयवासी यसको प्रवर्द्धनमा जुटिरहेको वडाध्यक्ष गुरुङको भनाइ छ।

यहाँबाट सदरमुकामको दमौली, शुक्लागण्डकी नगरपाकिालस्थित थप्रेक, व्यास नगरपालिकास्थित कलेस्ती, सिसाघाट, लमजुङको भोर्लेटार, सोतीपसल, दुइपिप्ले, कास्कीको फेवाताल, बेगनास ताल तथा विभिन्न ठाउँको रमणीय दृश्य देख्न सकिन्छ।

गलेखामकोटमा नेवार समूदायको बाहुल्यता छ । गलेखामकोटमा भ्युटावर समेत बनेको छ। यहाँ विसं २०७६ सालमा रु १६ लाख ५० हजारको लागतमा भ्युटावर निर्माण गरिएको थियो । तीन तलाको दृश्यावलोकन स्तम्भबाट एकैपटकमा २० भन्दा बढी पर्यटकले दृश्यावलोकन गर्न मिल्नेछ । यहाँबाट कास्कीको फेवाताल, माछापुच्छे, धवलागिरी, अन्नपूर्ण, मनास्लु लगायतका हिमश्रृङ्खला देख्न सकिन्छ।

गलेखामकोट बाइसे चौबीसे राज्यको पालामा चक्रधारी राजाले शासन गरेको ठाउँ हो । यहाँ रहेको कोटभैरव मन्दिरमा दशैंका बेला विशेष पूजाआजा हुने गरेको छ । बडादशैंको नवमीको दिन मन्दिरमा पञ्चबली दिने प्रचलन रहेको स्थानीयवासी मनिता गुरुङले जानकारी दिनुभयो । मन्दिरमा राना जातिले पूजारी र ब्राम्हण जाति पुरोहितको रुपमा काम गर्दै आएका छन् ।रासस

# खेलकुद क्षेत्रका चुनौती सम्बोध गर्न 'पेसएक्स स्पोटर्स'

काठमाण्डु। नेपाली खेलकुद क्षेत्रको विकासमा देखिएका चुनौती सम्बोधन गर्ने उद्देश्यले 'पेसएक्स स्पोटर्स' कार्यक्रम घोषणा गरिएको छ। सो कार्यक्रमका बारेमा जानकारी दिन बुधबार आयोजित पत्रकार सम्मेलनमा संस्थाको संस्थापक अध्यक्ष सङ्गीता कर्णले खेलकुदलाई शिक्षा, जीवनशैली र राष्ट्रिय विकासको अभिन्न अङ्गका रूपमा स्थापित गर्ने उद्देश्यले कार्यक्रम सार्वजनिक गरिएको जानकारी दिनुभयो।

"प्रतिभावान् खेलाडीको पहिचान गरी उनीहरूको शारीरिक, मानसिक र नैतिक विकास गर्दै स्थानीय तहबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरसम्म पुग्ने स्पष्ट मार्ग निर्माण गर्नु संस्थाको मुख्य उद्देश्य हो", अध्यक्ष कर्णले भन्नुभयो। 'पेसएक्स स्पोटर्स'लाई प्रशिक्षण केन्द्रमा सीमित नराखी खेलाडी, विद्यालय, समुदाय, निजी क्षेत्र तथा खेलकुदसँग सम्बन्धित निकायलाई जोड्ने साझा मञ्च कारूपमा विकास गर्ने लक्ष्य लिइएको उहाँको भनाइ छ।

'पेसएक्स स्पोटर्स'अन्तर्गत प्रतिभा पहिचान र विकास, खेलाडीको समग्र विकास, विद्यालय तथा कलेज खेलकुद, कार्यस्थल आधारित खेलकुद तथा स्वास्थ्य कार्यक्रम, प्रतियोगिता तथा सामुदायिक संलग्नतालगायत गतिविधि सञ्चालन गरिनेछ ।रासस

# 'वादी समुदायको न मेटियो जातीय विभेद, न फेरियो जीवन'

कञ्चनपुर । डडेल्धुराको नवदुर्गा गाउँपालिका-५ ढोंणको त्यो कलिलो उमेर, जतिबेला पदम राना वादी मात्र १७ वर्षका थिए । उहाँभित्र एउटा ठूलो विद्रोहको बीउ पलाइसकेको थियो । त्यो विद्रोह केबल अभावविरुद्ध मात्र थिएन, त्यो त शताब्दीऔँदेखि आफ्नो समुदायमाथि लादिएको अपमान र अछूतको बिल्लाविरुद्ध पनि थियो ।

आज ५५ वर्षको उमेरमा कञ्चनपुरको कृष्णपुर नगरपालिका-२ गुन्यालफाँटामा बसेर अतित नियाल्दा पदमलाई लाग्छ-समय धेरै फेरियो, व्यवस्था फेरियो, देशमा गणतन्त्र पनि आयो तर वादी समुदायको अवस्था जहाँको त्यहीँ छ । उहाँ भन्नुहुन्छ, "न त हामीमाथि हुने जातीय विभेद मेटियो, न त जीवन नै फेरियो ।" पहाडमा रहँदा उहाँका बुबाले गाउँका साहुको घरमा हलो जोत्नुहुन्थ्यो । हलो जोतेबापत पाइने थोरै चामल, दाल र नूनले परिवारको प्राण धानिएको थियो । नयाँ लुगा र मीठो खान पाउनु उहाँहरूका लागि सपनाजस्तै थियो । "साहुले दिएका पुराना र फाटेका कपडामै हाम्रो वर्ष बित्थ्यो", पदम विगत सम्झँदै भन्नुहुन्छ ।

घरबासका लागि थोरै जग्गा भए पनि त्यसले जीवन धान्न सक्दैनथ्यो । फुर्सदको समयमा पदमका बुबाले कुमालेको काम गर्नुहुन्थ्यो । माटोबाट सुल्पा, हुक्का र गाग्री बनाएर गाउँ-गाउँ डुली खलोमा बेच्नु वादी समुदायको पुर्ख्यौली पेसा थियो । त्यसबाट आउने थोरै अन्न (खलो) ले घरको अतिरिक्त खर्च टारिन्थ्यो । तर गरिबीभन्दा पनि गहिरो पीडा सामाजिक विभेदको थियो । कथित उपल्लो जातका व्यक्तिहरूले छोएको पानी खान त परको कुरा, झुक्किएर छुन पुग्दा पनि 'छोइछिटो' हालेर अपमान गर्थे । "मान्छे भएर पनि मान्छेलाई यस्तो व्यवहार किन ? "यही प्रश्नले पदमको बाल मनलाई सधैँ घोचिरहन्थ्यो ।

विभेद र अभाव सहन नसकी २०४५ सालतिर पदमका बुबाले साहुको हलो छाडेर परिवारसहित तराई झर्ने निधो गर्नुभयो । माटोको काम गरेर जम्मा गरेको अन्न बेचेर केही रकमलाई बाटो खर्च बनाएर उहाँहरू कञ्चनपुर पुग्नुभयो । कहाँ बस्ने ठेगान थिएन । अन्ततः पूर्व-पश्चिम राजमार्गको गर्जमुनीमा सानो झुपडी बनाएर बस्ने निधो भयो । त्यहाँ पदमको परिवार एक दशकसम्म बस्यो । पछि वन अतिक्रमणकारी भनेर त्यस ठाउँबाट भगाइयो । सानै उमेरमा आमा बितेकाले पदमको पालनपोषण मावलीमा भएको थियो । तराई झर्ने बेला मात्र बुबाले उहाँलाई साथमा ल्याउनु भएको थियो । बस्दै आएको ठाउँबाट भगाइएपछि पदम बुबासँगै काम खोज्दै भारत पस्नुभयो ।

भारतको मुम्बईमा मजदूरी गर्दै गर्दा बाल्यकालमा भोगेको छुवाछूतको पीडाले झनै पोल्न थाल्यो । उहाँ प्रवासी नेपालीहरुको सङ्गठन 'नेपाली एकता समाज' मा आबद्ध हुनुभयो । त्यहाँ हुने राजनीतिक बहस, दलित र उत्पीडित समुदायमाथि हुने शोषण र त्यसविरुद्धको सङ्घर्षका कुराले उहाँलाई नयाँ बाटो देखायो । त्यही बेला नेपालमा माओवादी जनयुद्ध शुरु भइसकेको थियो । "थिचोमिचोमा परेका समुदायको वास्तविक मुक्ति जनयुद्धबाट मात्र सम्भव छ भन्ने कुराले मलाई तान्यो," उहाँ भन्नुहुन्छ । विवाह भइसकेको अवस्थामा पनि पदमले २०५५ सालमा प्रवासबाटै आन्दोलनमा होमिने निधो गर्नुभयो । श्रीमतीलाई सुटुक्क पहाड पुऱ्याएर कसैले थाहा नपाउने गरी भारत फर्किनुभयो ।



भारतबाट सिधै उहाँ घरपरिवारलाई थाहा नै नदिई रोल्पाको मोर्चामा सामेल हुनुभयो । जनमुक्ति सेनामा आबद्ध भएका पदमले आफ्नो जीवनका ऊर्जावान् वर्षहरू युद्धकै मैदानमा खर्चिनुभयो । उहाँ सेक्सन कमान्डर हुँदै कम्पनी भिसीसम्म हुनुभयो । उहाँ रोल्पाका विकट पहाडदेखि तराईका फाँटसम्म मुक्तिका गीत गाउँदै र बन्दुक बोक्दै हिँडेको युद्ध लडेको सम्झना गर्नुहुन्छ । उहाँभित्र एउटै सपना थियो–एउटा यस्तो नयाँ नेपाल, जहाँ कसैले कसैलाई जातको आधारमा हेप्न नपाओस् र कसैले भोकै बस्नु नपरोस् । लामो सङ्घर्षपछि देशमा शान्ति प्रक्रिया सुरु भयो ।

पदम 'स्वेच्छिक अवकाश' लिएर जनमुक्ति सेनाबाट बाहिरिनुभयो । अवकाशपछि पाएको थोरै रकमले उहाँले कृष्णपुरको गुन्यालफाँटामा केही जग्गा किनेर सानो घर बनाउनुभयो । उहाँलाई लाग्यो, अब जीवनले नयाँ मोड लिनेछ तर नियतिले उहाँलाई फेरि ठग्यो । २०६४ सालमा वनहरा नदीमा आएको बाढीले उहाँको घरजग्गा सबै बगायो । एकै रातमा उहाँ फेरि सुकुम्बासी बन्नुभयो । अहिले पदम दुई कठ्ठा जग्गामा 'जनता आवास' कार्यक्रमबाट पाएको केही रकम र छोराले भारतमा मजदूरी गरेर कमाएको पैसा थपेर बनाइएको सानो घरमा बस्नुहुन्छ तर जीवनको साँझ-बिहानको छाक जुटाउने सङ्घर्ष भने अझै सकिएको छैन । "मुक्तिका लागि लामो समय आन्दोलनमा लागियो तर अझै पनि खाना जुटाउनकै समस्या छ," उहाँ पीडा पोख्नुहुन्छ ।

पदमका लागि देशमा आएको लोकतान्त्रिक गणतन्त्र केबल शब्दमा मात्र सीमित छ । "राजनीतिक परिवर्तन भयो, सरकार फेरियो तर वादीको उत्थान कहिल्यै प्राथमिकतामा परेन," उहाँ गुनासो गर्नुहुन्छ । उहाँ भन्नुहुन्छ, "वादी समुदाय सिमान्तकृत भएकै कारण कुनै पनि दलको समानुपातिक सूचीमा समेत पर्दैनन्, वादीको समस्या वादीकै प्रतिनिधिलाई मात्र थाहा हुन्छ, गैरवादीले त्यो पीडा बुझ्न सक्दैनन् ।"

पहिलेको तुलनामा प्रत्यक्ष छुवाछूत केही कम भए पनि वादी समुदायको अवस्था अझै कहालीलाग्दो छ । चिसो मौसममा चिसो भूइँमा बोरा बिछ्याएर सुत्नुपर्ने धेरै बाध्यता छ । वादी समुदायबाट उच्च शिक्षा हासिल गरी सरकारी रोजगारीमा पुग्ने अझै कोही छैन । बदलिँदो समयसँगै युवाहरूले परम्परागत पेसा छाडे पनि उहाँहरूको गन्तव्य फेरि पनि भारतकै मजदूरी बनेको छ । आफूले भोगेको यो कथा केवल एक व्यक्तिको कथा होइन, यो नेपालको परिवर्तनकारी आन्दोलनमा होमिएका हजारौँ सिमान्तकृत योद्धाहरूको साझा व्यथा भएको पदम बताउनुहुन्छ । "जसको मुक्तिका लागि लड्यौँ, जसले मुक्तिका सपना दिए, उहाँहरु सत्तामा पुगे, तर हामी अझै त्यही चिसो भूइँमा छौँ," पदमको यो भनाइले वर्तमान राजनीतिको एउटा नमिठो तस्बिर झल्काउँछ ।

"अहिले देश फेरि निर्वाचनको सँघारमा छ तर म जस्ता योद्धाहरूको प्रश्न अझै अनुत्तरित छ, पदम भन्नुहुन्छ, "हाम्रो वास्तविक मुक्ति कहिले हुन्छ ? के वादी समुदाय सधैँ 'दोस्रो दर्जा' को नागरिक भएरै बस्नुपर्ने हो ?" उहाँ भन्नुहुन्छ, "वादीको उत्थानका लागि राजनीतिक निर्णय गर्ने तहमा वादीकै प्रतिनिधित्व हुनुपर्छ,नत्र हाम्रा लागि यो गणतन्त्र केवल 'आकाशको फल' मात्र रहिरहनेछ ।" पदम जस्तै गुन्याल फाँटाका ६० घरधुरीका वादी समुदायको समस्या मिल्दोजुल्दो छ । "हाम्रो पुस्ताका युवाहरू दरवान, कुल्ली र जोखिमपूर्ण सुरुङको काम गर्न भारत जान बाध्य छन्" रत्ना वादीले भन्नुभयो, "स्वदेशमा अवसर छैन, बिहान खाएर साँझ के खाने भन्ने चिन्ता रहेको छ ।"

गुन्यालफाँटाकै दुरा कुमाल भन्नुहुन्छ, "पहिले नाचगान गरेर माग्ने चलन थियो त्यो छाड्यौं तर परम्परागत माटोको काम छाड्दा जीवन झन् कठिन भयो ।" दत्त कुमाल शिक्षा नै मुख्य समस्या भएको बताउनुहुन्छ । "छात्रवृत्ति कक्षा दोहोऱ्याउनेलाई नदिँदा बालबालिका बीचमै विद्यालय छाड्न बाध्य छन्," उहाँको भनाइ छ । उहाँका अनुसार संविधानले छुवाछूतलाई अपराध मानेको छ । दलित उत्थानका लागि नीति, कार्यक्रम र आयोग छन् तर ती व्यवहारमा प्रभावकारी देखिँदैनन् ।

वादी समुदाय अझै भूमिहीन, अशिक्षित र रोजगारीविहीन छ । धेरै परिवार पूर्व-पश्चिम राजमार्गको छेउ, नदी किनार, जङ्गल आसपास बस्न बाध्य छन । त्यस्ता ठाउँहरू जोखिमपूर्ण रहेका छन् । "नदी छेउमै घरहरु हुँदा बाढीले जग्गा कटान गरी जग्गा बगाउने डर हुन्छ, अधिकांश परिवारको सुरक्षित आवास नहुँदा आगलागी हुने डरले सताउने गरेको छ" वादीलगायतका दलित समुदायका लागि वकालत गर्दै आउनुभएका अधिकारकर्मी शिवी लुहार भन्नुहुन्छ,, "तर राज्यले त्यसलाई 'विपद्' भन्दा पनि 'समस्या' का रूपमा हेर्दा समस्या छ, वादी समुदायलाई जग्गाको अझैसम्म स्वामित्व नदिंदा आज जहाँ सुते, भोलि त्यहाँ बस्न पाइन्छ कि पाइँदैन भन्ने अनिश्चित छ ।" उहाँ भन्नुहुन्छ, "वादी समुदायले सडक आन्दोलननै गरेर राज्यसँग धेरै माग गरे, जमिन, बास, रोजगारी र शिक्षा तर उहाँहरूका आवाज सधैँ कमजोर मानिए । सम्झौता गरिए, कार्यक्रम घोषणा भए तर कार्यान्वयनमा उहाँहरू फेरि छुटदै आएका छन् ।"

वादी समुदायका व्यक्तिहरुसँग नागरिकता भए पनि नागरिक सरह अधिकार प्रयोग गर्न नपाएकोमा उहाँ चिन्ता व्यक्त गर्नुहुन्छ । "वादी समुदायले हरेक निर्वाचनमा मतदान गर्छन् तर निर्णय प्रक्रियामा उहाँहरूको स्थान छैन" उहाँ भन्नुहुन्छ । "हेरक राजनीतिक परिवर्तनमा मुक्तिका लागि लड्यौँ, उहाँहरु सत्तामा पुगे," श्याम कुमाल भन्नुहुन्छ "हामी अझै चिसो भूइँमै छौँ ।" देश फेरि निर्वाचनको सँघारमा छ तर आफूहरुका प्रश्न अनुत्तरित रहेको उहाँ बताउनुहुन्छ । उहाँ माग छ–वादी समुदायको वास्तविक उत्थानका लागि निर्णय गर्ने तहमा वादीकै प्रतिनिधित्व अनिवार्य छ ।

अझै पनि वादी समुदायका बस्तीका अधिकांश परिवारसँग सुरक्षित बासको अभाव, शौचालय नहुनु, पानीको समस्या र सामाजिक हिंसाको डरले सधैँ सताइरहन्छ । "हामी भाग्न चाहँदैनौँ, बस्न चाहन्छौँ," वादी समुदायका अगुवाहरु भन्नुहुन्छ, "तर बस्न दिएको कसले छ र ? हामीलाई संविधान प्रदत्त अधिकार चाहिएको छ, त्यसको कार्यान्वयन चाहेका छौँ, अन्य नागरिक सरहको जीवनयापनको खोजीमा छौँ ।"रासस

# नेप्से परिसूचकमा झिनो अङ्कको सुधार

काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा झिनो अङ्कको सुधार देखिएको छ । बुधबार नेप्से परिसूचक एक दशमलव ५२ अङ्कले बढेर दुई हजार ६४१ दशमलव ४३ को विन्दुमा कायम भएको हो ।

बुधबार ३२० कम्पनीको एक करोड २५ लाख चार हजार ९७० कित्ता शेयर ७२ हजार ६७१ पटक खरिदबिक्री हुँदा रु छ अर्ब २० करोड ९४ लाख ३८ हजार ९०६ दशमलव ३७ को कारोबार भएको नेप्सेले जनाएको छ ।

बुधबारको कारोबारमा विकास बैंक शून्य दशमलव शून्य एक, वित्त दुई दशमलव ५५, होटल तथा पर्यटन शून्य दशमलव ३१, जलविद्युत् शून्य दशमलव शून्य सात, लगानी शून्य दशमलव ११, म्युचुअल फण्ड शून्य दशमलव शून्य आठ, निर्जीवन बिमा शून्य दशमलव ३८ र व्यापार समूह शून्य दशमलव ६७ प्रतिशतले बढेको छ । अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ शून्य दशमलव शून्य आठ, जीवन बिमा शून्य दशमलव शून्य एक, उत्पादन तथा प्रशोधन शून्य दशमलव ४१, लघुवित्त शून्य दशमलव शून्य पाँच र अन्य समूह शून्य दशमलव १३ प्रतिशतले घटेको छ ।

सुपर मादी हाइड्रोपावर लिमिटेडको शेयर मूल्य बुधबार सबैभन्दा बढी नौ दशमलव ९४ प्रतिशतले बढेको छ भने सबैभन्दा बढी आइसिएफसी फाइनान्स लिमिटेड डिबेन्चर-२०८८ तीन दशमलव ३० प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा बुधबार सबैभन्दा बढी राधी विद्युत् कम्पनी लिमिटेडको रु २६ करोड २४ लाख चार हजार १८४ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने दोर्दीखोला जलविद्युत् कम्पनी लिमिटेडको सबैभन्दा बढी छ लाख ७१ हजार ११८ कित्ता शेयर खरिदबिक्री भएको छ ।रासस

# ताल-सिमसार क्षेत्रमा प्रजाति विविधता घट्यो

गण्डकी । पोखरा उपत्यकाका ताल-सिमसार क्षेत्रमा चराको संख्या बढ्दा प्रजाति विविधता घटेको पाइएको छ ।

टाइगर माउन्टेन पोखरा लज र पोखरा पन्छी समाजका तर्फबाट संयुक्त रुपमा गरिएको जलपन्छी गणनाको बुधबार सार्वजनिक गरिएको नतिजाले सन् २०२५ को तथ्याङ्कसँग तुलना गर्दा यस वर्ष कूल चराको जनसंख्या १० दशमलव दुई प्रतिशतले वृद्धि भए पनि चराको प्रजाति विविधता १३ दशमलव दुई प्रतिशतले घटेको पाइएको छ ।

एसियाली जलपन्छी गणना पोखराका क्षेत्रीय संयोजकद्वय झलक चौधरी र मनशान्त घिमिरले विज्ञप्तिमार्फत पोखरा उपत्यकाका ताल तथा सिमसार क्षेत्रमा सन् २०२६ को जनवरी ९ मा सम्पन्न गणनाबाट नतिजा सार्वजनिक गर्नुभएको हो । क्षेत्रगत रूपमा यहाँको रूपमा तालमा प्रजाति संख्या र चराको जनसंख्या दुवैमा वृद्धि भएको पोखरा पन्छी समाजका अध्यक्ष घिमिरेले जानकारी दिनुभयो ।

मैदी तालमा पनि प्रजाति सङ्ख्या बढ्नुका साथै चराको संख्या वृद्धि भएको पाइएको जनाउँदै उहाँले ती क्षेत्रहरूमा आवास अवस्था अपेक्षाकृत अनुकूल रहेको सङ्केत गरेको बताउनुभयो । उहाँका अनुसार दिपाङ, गुन्दे र खास्टेजस्ता क्षेत्रमा चराको प्रजाति तथा जनसंख्यामा उल्लेखनीय गिरावट देखिएको छ । विशेषगरी दिपाङ तालमा चराको जनसंख्या करिब ५९ प्रतिशतले घट्नु संरक्षण दृष्टिले चिन्ताजनक मानिएको छ ।

फेवा ताल अझै पनि सबैभन्दा धेरै चराको बासस्थान बनेको भए पनि यहाँ प्रजाति विविधता घट्दै गएको तथ्याङ्कले दीर्घकालीन संरक्षण, जलाशय व्यवस्थापन र मानवीय गतिविधि नियन्त्रणमा थप ध्यान दिनुपर्ने देखिएको उहाँले बताउनुभयो ।

प्रजाति विविधता घट्दै जानु र कूल चराको संख्या बढ्नुले केही सीमित प्रजाति ठूलो संख्यामा केन्द्रित भइरहेको अवस्था देखाउने जनाउँदै उहाँले यसका कारणमा आवासको एकरूपता, जलाशयको अवस्था, मानवीय दबाब तथा मौसमी प्रभाव प्रमुख कारक रहेको बताउनुभयो ।

अध्ययनले दिपाङ, गुन्दे र खास्टे ताल क्षेत्रमा आवास सुधार, नियमित अनुगमन र संरक्षणमुखी कार्यक्रम आवश्यक रहेको उल्लेख गर्दै घिमिरेले रूपा तालमा अपनाइएका संरक्षण अभ्यासलाई अन्य ताल-सिमसार क्षेत्रमा पनि विस्तार गर्न सकिने बताउनुभयो ।रासस

# किसानलाई सखरखण्ड खन्नेदेखि बिक्रीका लागि भ्याइ नभ्याइ

घोराही । यहाँको देउखुरी राप्ती नदी उकास जमिन, पाँगो बलौटे माटो । बिहान पुसको चिसो सिरेटोको बेवास्ता नराखी किसान फरुवा चलाउँदै सखरखण्ड निकाल्न व्यस्त छन् । कोही सखरखण्ड खन्दै, कोही भने टिप्दै र थुपार्दैछन् भने कोही बजार पठाउनका लागि बोरामा भर्दैछन् । घरका परिवारले मात्र नभ्याउने भएपछि अन्य कामदार लगाएर किसान सखरखण्ड खनिरहेका छन् ।

राजपुर गाउँपालिका-३ खरदरियाका किसान रामछोर यादव समयमै खनेर बजारमा पुर्याउन सके राम्रो मुनाफा हुने भएकाले किसानले सखरखण्ड खन्दै बिक्री गर्ने काम गरिरहेको बताउनुभयो । तीन बिघा जमिनमा सखरखण्डखेती गर्नुभएका यादवले एक बिघामा रोपेको करिब ३५ क्विन्टल सखरखण्ड बिक्री गरिसकेको बताउनुभयो । दुई बिघा जमिनमा रोपेको सखरखण्ड खन्ने काम भइरहेको छ, खन्न सके सखरखण्ड लिन व्यापारी रोपेको ठाउँमै आउने गरेका छन्, बिक्रीका लागि कुनै समस्या छैन, उहाँ भन्नुहुन्छ ।

व्यापारीलाई भनेको समयमा समान दिइसक्नुपर्छ । करिब डेढ लाख रुपैयाँको सखरखण्ड बिक्री गरिसक्नुभएका यादव यो वर्ष एक सय क्विन्टल बढी उत्पादन भए रु तीन लाख ५० हजारसम्मको बिक्री हुने बताउनुहुन्छ । उहाँका अनुसार सेतो सखरखण्ड प्रतिकिलो रु ४० देखि ४५ र रातो सखरखण्ड रु ४५ देखि ४९ मा बिक्री भइरहेको छ । अन्य कृषि बालीको तुलनामा कम मिहिनेत र लगानीमै राम्रो आम्दानी लिन सकिने भएपछि धेरै किसानले पछिल्लो समय सखरखण्ड खेती गरेका सोही ठाउँका अर्का किसान धर्मप्रसाद यादव बताउनुहुन्छ ।

माघेसङ्क्रान्तिमा सखरखण्ड खाने चलन रहेकाले बजारमा यसको व्यापार बढ्दै गएको सोही ठाउँका अर्का किसान सीता यादव बताउनुहुन्छ । यो समयमा राम्रो बिक्री हुने भएकाले आम्दानी पनि मनग्य हुने उहाँको भनाइ छ । रासस

## श्री माध्यमिक विद्यालय बसविट्टी
### जनकपुरधाम-२२, धनुषा
### पोखरीको ठेक्का सम्बन्धि सुचना

**प्रकाशित मिति २०८२/०९/२८**

यस श्री मा.वि. बसविट्टी, जनकपुरधाम-२२, धनुषाको वि.व्य.स. बैठकको निर्णय अनुसार विद्यालयको भोगाधिकारमा रहेको पोखरी (वशिष्ठ मुनि) मा माछा पालन गर्न सिलबन्दी बोल-पत्र (गोप्य टेन्डर) द्वारा ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले तपशिलको शर्तहरु अनुसार लिन चाहने इच्छुक व्यक्तिहरुको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपशिलका शर्तहरू**

१. न्यूनतम कवोल अंक रु. ३८,५०,१५५/- (रु. अड़तिस लाख पचास हजार एक सय पचपन्न मात्र) ।
२. बोलपत्र खरिद वा जम्मा गर्ने मिति २०८२/०९/२८ गते देखि २०८२/१०/१२ गते सम्म रहनेछ ।
३. बोलपत्र खरिद तथा दर्ता गर्न सक्ने छ । विद्यालय खुलेको दिन समय विहान १०:३० बजे देखि दिउँसो ४:०० बजे सम्म रहने छ । तर मिति २०८२/१०/१२ गते अन्तिम दिन दिउँसो १:३० बजेसम्म मात्र ।
४. कवोल अंकको ५% धरौटी वापत र वैदेशिक नागरिकको लागि १०% निर्धारण गरिएको छ ।
५. बोलपत्र खुल्ने मिति २०८२/१०/१२ गते सोमबार दिउँसो ३:०० बजे पछि खेलिनेछ ।
६. ठेक्का अवधि चलनपूर्जी लिएको अवधि देखि ५ वर्षको हुनेछ ।
७. अन्य शर्तहरु विद्यालयले प्रकाशित गरिएको सुचना वमोजिम रहनेछ ।
८. अन्य जानकारीका लागि सम्पर्क नं. ९७६४७५५८५५ (प्र.अ.) र ९८४४११८०४६ (अध्यक्ष, वि.व्य.स.)

**प्रधानाध्यापक**

## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय हरिवन, सर्लाहीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८२/१०/०१ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक
दोस्रो पटक प्रकाशित मिति : २०८२/०५/०२ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक
प्रथम पटक प्रकाशित मिति : २०८१/१२/१२ गतेको कान्तिपुर राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८१/१०/१३ को कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरी मिति २०८१/१२/१२ को कान्तिपुर राष्ट्रिय दैनिक पत्रिका र दोस्रो पटक मिति २०८२/०५/०२ मा जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएकोमा उक्त सूचनामा तोकिएको मितिभित्र बैंकको नियमानुसार प्राप्त हुनुपर्ने न्यूनतम गोप्य शिलबन्दी बोलपत्रहरु प्राप्त हुन नआएकोले/बोलपत्र पर्न नआएकोले पुनः तेस्रो पटक यो सूचना प्रकाशित गरि इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

सर्लाही जिल्ला, सासपुर गा.वि.स. वडा नं. १ स्थित रजिष्टर्ड कार्यालय रहि औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा ५, औद्योगिक व्यवसाय नियमावली २०७६ को नियम ४ बमोजिम प्रदेश सरकार, (प्रदेश नं. २) उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय मलंगवा, सर्लाहीमा मिति २०६६/०८/१६ रोज ३ गते दर्ता नं. ३९०६/०६६/०६७ तथा आन्तरिक राजश्व कार्यालय जनकपुरमा मिति २०६६/१०/२० मा स्थायी लेखा नम्वर (PAN) ३०३८४७८८३ अन्तर्गत दर्ता कायम भएको **मदन बाबा ईटा उद्योग** ।

**व्यक्तिगत जमानतकर्ताको विवरण**

| | |
|---|---|
| १. ठगा चौधरी कल्वारको नाति, सुकेसर चौधरी कल्वारको छोरा, सर्लाही जिल्ला, कौडेना गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ३ बस्ने **सुरेन्द्र चौधरी** (ना.प्र.नं. ५९८२३०२०, जारी मिति २०५६/१०/२४, जि.प्र.का. सर्लाही) । | २. सुकेसर चौधरी कल्वारको बुहारी, सुरेन्द्र चौधरीको पत्नी, सर्लाही जिल्ला कौडेना गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ३ बस्ने **सुनिता देवी** (ना.प्र.नं. १९३०३०/१२२, जारी मिति २०६३/११/०२, जि.प्र.का. सर्लाही) । |
| ३. सुकेसर चौधरी कल्वारको नाति, सुरेन्द्र चौधरीको छोरा, सर्लाही जिल्ला, कौडेना गा.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ३ बस्ने **सुबोध चौधरी** (ना.प्र.नं. १९-०१-७६-०८०८१, जारी मिति २०७६/०६/२३, जि.प्र.का. सर्लाही) । | ४. उतिम चौधरीको नाति, ठगा चौधरी कल्वारको छोरा, सर्लाही जिल्ला, कौडेना गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ३ बस्ने **सुकेसर चौधरी कल्वार** (ना.प्र.नं. १९९०३०/३४, जारी मिति २०६४/०९/२३, जि.प्र.का. सर्लाही) । |
| ५. ठगा चौधरी कल्वारको बुहारी, सुकेसर चौधरी कल्वारको पत्नी, सर्लाही जिल्ला, कौडेना गा.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ३ बस्ने **सोनावत्ति देवी कलवार** (ना.प्र.नं. ४९७८०३०५, जारी मिति २०४४/१२/०९, जि.प्र.का. सर्लाही) । | ६. धर्मलाल चौधरीको नाति, राजदेव चौधरीको छोरा, सर्लाही जिल्ला, सासापुर गा.वि.स/उ.म.न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ३ बस्ने **सन्तोष चौधरी** (ना.प्र.नं. १९३०९१/२६८, जारी मिति २०६३/१०/२९, जि.प्र.का. सर्लाही) । |
| ७. राजदेव चौधरी कल्वारको बुहारी, सन्तोष चौधरीको पत्नी, सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ३ बस्ने **उर्मिला देवी चौधरी** (ना.प्र.नं. १९-०२-७७-०००४१, जारी मिति २०७७/०४/०४, जि.प्र.का. सर्लाही) । | ८. रामघारी चौधरीको नाति, धर्मलाल चौधरीको छोरा, सर्लाही जिल्ला, कौडेना गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ३ बस्ने **राजदेव चौधरी कल्वार** (ना.प्र.नं. ४९७८१४६९, जारी मिति २०४४/१२/१०, जि.प्र.का. सर्लाही) । |
| ९. धर्मलाल चौधरीको बुहारी, राजदेव चौधरी कल्वारको पत्नि, सर्लाही जिल्ला, कौडेना गा.वि.स./न.पा. वडा नं. ८ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ३ बस्ने **कोशिला देवी** (ना.प्र.नं. ४९७८२४३१, जारी मिति २०४४/१२/१९, जि.प्र.का. सर्लाही) । | |

**धितोको विवरण**

१. सुकेसर चौधरी कल्वार (ना.प्र.नं. १९९०३०/३४, जारी मिति २०६४/०९/२३, जि.प्र.का. सर्लाही) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सर्लाही जिल्ला, साविक कौडेना पञ्चायत वडा नं. २ नक्सा सीट नं. २ ख हाल सर्लाही जिल्ला, कौडेना गा.पा. वडा नं. ३ स्थित कि.नं. १६३ को क्षेत्रफल ०-०-११-५ (बिघा) बमोजिमको जग्गा एवं सो मा जडित सम्पूर्ण लिगलिगापात समेत ।
२. मदन बाबा ईटा उद्योगको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivable) उपर हाइपोथिकेशन सुरक्षण ।

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८२/१०/१५ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय हरिवन, सर्लाहीमा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/१०/१६ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय हरिवन, सर्लाहीमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट बोलपत्र खोलिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै वा अन्य वित्तिय माध्यम मार्फत तोकिएको खातामा जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिकृत कर्जा असुली विभाग तथा शाखा कार्यालय हरिवन, सर्लाहीमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank
शाखा कार्यालय : हरिवन, सर्लाही
फोन नं. ०४६-५३०४७४
Website : www.siddharthabank.com

# नगरप्रमुखसहित ८ जनाविरुद्ध भ्रष्टाचार मुद्दा



**टुडे समाचारदाता**

मलंगवा । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सर्लाहीको बलरा नगरपालिकामा सञ्चालित एक तालिम कार्यक्रममा व्यापक अनियमितता भएको ठहर गर्दै नगर प्रमुख रामशंकर प्रसाद कुशवाहासहित ८ जनाविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

आर्थिक वर्ष २०८०/८१ मा 'किशोरीहरूको लागि खेलौना बनाउने तालिम' शीर्षकमा सञ्चालन गरिएको कार्यक्रम ३० दिन चल्ने भनिए पनि वास्तविक रूपमा जम्मा ५ दिनमै सकिएको पाइएको छ। तालिम पूरा नगरी झुट्टा बिल-भर्पाई, नक्कली प्रतिवेदन र सहभागीहरूको कीर्ते हस्ताक्षर तयार गरी ३ लाख ८२ हजार ५३ रुपैयाँ भुक्तानी गरिएको आयोगको अनुसन्धानबाट खुलेको हो ।

आयोगका अनुसार राष्ट्रिय विधि विज्ञान प्रयोगशालामा गरिएको परीक्षणले तालिम सहभागीहरूको हस्ताक्षर समेत नक्कली रहेको पुष्टि गरेको छ। आयोगले अनियमिततामा संलग्न रहेको भन्दै मेयर कुशवाहासँगै वडा अध्यक्ष मनोज मोहनकुमार सिंह, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत सुशील कुमार साह, योजना शाखा प्रमुख उदयकुमार साह र सहायक लेखापाल राजकुमार महतोलाई प्रतिवादी बनाएको छ ।


त्यसैगरी, तालिम सञ्चालन गर्ने संस्था शान्ति विकास कल्याण केन्द्रका अध्यक्ष सविन्द्र नारायण साह, सदस्य उमेशकुमार पासवान र जाजुल मिया कवारी पनि मुद्दामा तानिएका छन् ।

आयोगले उनीहरूमाथि ३ लाख ८२ हजार ५३ रुपैयाँ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐनअनुसार कैद तथा बिगो बराबरको जरिवाना सजायको माग दाबी गरेको छ। आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार विशेष अदालतमा मुद्दा दायर गरिएको हो ।

# मधेशमा १० मध्ये ४ मा कुपोषण

**टुडे समाचारदाता**

जनकपुरधाम । अन्नको भण्डार भनिने मधेश प्रदेश कुपोषणमा देशको दोश्रो स्थानमा रहेको तथ्यांकले देखाएको छ । मधेश स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०२२ ले कुपोषणमा कर्णालीपछि दोस्रो स्थानमा मधेस प्रदेश रहेको देखाइएको छ।




नेपाल राष्ट्र बैंकको प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन, २०८१/८२ मा कृषि उत्पादनमा धनी मानिएका मधेस प्रदेश कृषि उत्पादन अघिल्लो वर्षको तुलनामा १०.२६ प्रतिशत वृद्धि भई ६६ लाख एक हजार ७४२ मेट्रिक टन पुगेको दाबी गरिएपनि मधेस प्रदेशका बालबालिकामा कुपोषण विकराल बनेको भनिएको छ।

मधेसका बालबालिकामध्ये प्रत्येक १० जनामध्ये चार बालबालिका कुपोषित छन् । यसको अर्थ हरेक १०० जनामध्ये ४० बालबालिका कुनै न कुनै प्रकारको कुपोषणको सिकार भएका छन् । मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत प्रादेशिक अस्पताल जनकपुरधामको पोषणगृहको तथ्यांक अनुसार वर्सेनि १५० देखि २५० जना बालबालिका कुपोषणका कारण अस्पताल भर्ना हुने गरेको छ । तीमध्ये अधिकांशमा क्षयरोगको समस्यासमेत देखिने गरिएको छ।

मधेश प्रदेशका ग्रामीण भेगमा मात्रै नभई सहरी क्षेत्रका शिक्षित परिवारका बालबालिकामा समेत कुपोषणको समस्या देखिएको छ । मधेसका गरिब परिवार खान नपाएर अनि धनीहरू चाहिँ खान नजानेर कुपोषणको सिकार भएको मधेस प्रदेशको स्वास्थ्य निर्देशनालयका स्वास्थ्य निरीक्षक तथा पोषण फोकल पर्सन विनोद यादवको भनाई छ।

मधेसका बालबालिका कुपोषणले ग्रस्त हुनुमा मधेसमा व्याप्त बालविवाह पनि कारण हो । मधेसमा करिब ४२ प्रतिशत किशोरीको १८ वर्ष नपुग्दै विवाह हुने गरेको छ । यसले किशोरीहरूको गर्भधारणमा जटिल समस्या देखिने गरेको प्रदेश नीति तथा योजना आयोगको दिगो विकास लक्ष्यउन्मुख मधेस पार्श्वचित्र, २०८२ मा देखाइएको छ।

मधेस प्रदेशको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको २०८२ सालको तथ्यांक अनुसार उमेरगत आधारमा मधेसमा पुड्कोपन २९ प्रतिशत छ, जबकि देशको समग्र पुड्कोपन २५ प्रतिशतमा सीमित छ।

विश्व स्वास्थ्य संगठनका अनुसार शिशु जन्मँदाको उचाइ कम्तीमा ४५ देखि ५० सेन्टिमिटर, शिशुको उमेर एक वर्ष पुग्दा २५ सेन्टिमिटर थप हुनुपर्ने, दोस्रो वर्षमा १२.५ र तेस्रो, चौथो तथा पाँचौं वर्षमा क्रमशः सातदेखि नौ सेन्टिमिटरका दरले बढ्दै जानुपर्छ।

कुपोषण न्यूनीकरणका लागि मधेस प्रदेशका जनकपुरधाम, राजविराज र वीरगञ्जमा पोषण पुनःस्थापना केन्द्र नै खोलिएको छ । ती केन्द्रमा आउनेको संख्या हेर्दा मधेसी समाजमा पोषणका दृष्टिले गरिब र धनी परिवारबीच खासै फरक देखिँदैन । दुवैथरी परिवारका बालबालिका पोषण केन्द्रमा आउने गरेको छ। केन्द्रका अनुसार धेरै अभिभावकमा शिशुहरूलाई के कस्ता खानेकुरा कसरी दिने भन्ने चेतनाको अभावले प्रदेशमा कुपोषितको संख्या बढ्दै गएको हो।

मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानको पोषण पुनःस्थापना केन्द्रकी प्रबन्धक किरण यादवका अनुसार शिशुलाई पोषणयुक्त खानेकुरा दिनुको साटो बजारमा पाइने पत्रु खाना दिइने गरिएकाले मधेसमा कुपोषणको प्रमुख समस्याको रुपमा देखिएको छ।

उनी भन्छिन्, "पोसिलो खाना नदिने, बजारमा पाइने जथाभाबी खाना दिने गरिएकाले पनि मधेसमा कुपोषण विकराल बनेको छ, धनी र गरिबी दुवैथरी परिवारमा आहारविहारबारे ज्ञानको कमी पनि छ, त्यसको मारमा धेरै बालबालिका परेका छन्।"

पोषण पुनःस्थापना केन्द्रको तथ्यांक अनुसार आर्थिक वर्ष २०७९/८० मा १८६ जना बालबालिका कुपोषणका कारण केन्द्रमा भर्ना भएका थिए। २०८०/८१ मा २१६ जना भर्ना भएका थिए भने २०८१/८२ मा २०८ जना भर्ना भएका थिए।

मधेस प्रदेशमा पाँच वर्षमुनिका २९ प्रतिशत बालबालिकामा पुड्कोपन, २७ प्रतिशतमा कम तौल, १० प्रतिशतमा ख्याउटेपना र ५१ प्रतिशतमा रक्तअल्पता रहेको स्वास्थ्य विज्ञान प्रतिष्ठानको अध्ययनले देखाएको छ। मधेस प्रदेशका प्रजनन उमेरका महिलामा रक्तअल्पताको समस्या अझ गम्भीर देखिन्छ। त्यहाँका १५ देखि ४९ वर्ष उमेरसमूहका ५२ प्रतिशत महिला रक्तअल्पताबाट पीडित छन्।

मधेस प्रदेशमा वार्षिक करिब एक लाख ४० हजार बालबालिका जन्मिने गरेका छन् । तीमध्ये पाँच वर्षमुनिको बाल मृत्युदर प्रति एक हजारमा ४३ जना रहेको मधेस प्रदेशको दोस्रो आवधिक योजनामा उल्लेख छ। मधेसमा शिशु मृत्युदरको मुख्य कारण नै कुपोषण हुने गरेको मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठान प्रादेशिक अस्पतालको बालविभाग प्रमुख डा. वैद्यनाथ ठाकुरको भनाई छ।

उनका अनुसार सामान्य खालको कुपोषण भए खानपानमा सुधार गर्न भन्दै घर पठाउने गरिएको छ। कडा खालको भए अस्पतालमै भर्ना गरेर उपचार गरिन्छ। कुपोषणले बालबालिकामा मुटु, श्वासप्रश्वास, निमोनिया, रक्तअल्पता, मस्तिष्कको विकासलगायत समस्या देखिने गरिएको हो।

शिशुमा मात्र होइन, प्रजनन उमेरसमूहका महिलामा रगतको कमी दर सन् २०१९ मा ४०.८ प्रतिशत थियो। तर, सन् २०२४ मा त्यो बढेर ५२.४ प्रतिशत पुगेको छ । त्यस्तै, बालबालिकामा रगतको कमी ५०.६ प्रतिशत रहेको सरकारी तथ्यांक छ।

मधेस प्रदेशमा कृषि कर्म गर्नेमध्ये ४३ प्रतिशत परिवारलाई आफ्नो कृषि उत्पादनले वर्षभरि खान अपुग रहेको तथ्यांकले देखाउंछ। राष्ट्रिय कृषि गणना, २०७८ अनुसार मधेसमा सात लाख ३८ हजार ३४० कृषक परिवारमध्ये ४३ प्रतिशत परिवारलाई आफ्नो उत्पादनले वर्षभरि खानाको जोहो गर्न समस्या छ।

देशको कुल जनसंख्यामध्ये ६१ लाख १४ हजार ६०० जना अर्थात् ११ लाख ५६ हजार ७१५ परिवार बसोबास गर्ने मधेस प्रदेशमा सात लाख ३८ हजार ३४० अर्थात् ६३.८ प्रतिशत परिवार कृषक छन् । यी परिवारले प्रदेशका आठ जिल्लामा चार लाख ९२ हजार ४९७ हेक्टरमा कृषि कार्य गर्ने गरेका छन् । प्रदेशका कुल कृषकमध्ये ५७ प्रतिशतलाई मात्रै आफ्नै कृषि उत्पादनले वर्षभरि खान पुग्ने गरेको कृषि गणना, २०७८ मा उल्लेख छ।

मधेसमा अरू प्रदेशको तुलनामा सबैभन्दा बढी तीन लाख ८४ हजार ५५३ हेक्टरमा धानबाली र दुई लाख ४७ हजार ६०९ हेक्टरमा गहुँ र ३३ हजार ७१९ हेक्टरमा मकै उत्पादन हुन्छ । तर, यही प्रदेशमै बालबालिका कुपोषणको सिकार हुनु दुःखदायी रहेको सरोकारवालाहरुको भनाई छ।

मधेस प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव एवं बालरोग विशेषज्ञ डा. प्रमोद यादव पछिल्लो समय अधिकांश बालबालिकाका बुवा वैदेशिक रोजगारीमा गएका कारण पनि तिनका छोराछोरीको हेरचाहमा समस्याले कुपोषणको समस्या देखिएको बताउँछन् । उनी भन्छन्, 'बुवा विदेशमा, आमा घरायसी र खेतीपातीको काममा हुँदा छोराछोरी उचित आहारविहारबाट वञ्चित हुने भएकाले प्रायः परिवारमा कुपोषणको समस्या बढेको हो।'

# स्वास्थ्य कर्मचारीहरु आन्दोलित

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको डाक्नेश्वरी नगरपालिकाका स्वास्थ्यका कर्मचारीहरु जनप्रतिनिधिसँग मिलेर प्रमुख प्रशासकीय अधिकृत विजयकुमार मण्डलले लुट मच्चाएको भन्दै आन्दोलित भएका छन् ।

उनीहरूले मंगलबार प्रमुख प्रशासकीय अधिकृत मण्डललाई ज्ञापन-पत्र बुझाउँदै गैरकानुनी कार्य अविलम्व रोक्न दुई दिनको अल्टिमेटम समेत दिएका छन् ।

'पालिकालाई भ्रष्टाचारको अखडा नै बनाइसकेका छन्, भ्रष्टाचारमा नसघाइदिँदा स्वास्थ्य चौकीमा ६ महिनासम्म औषधि नै दिएका छैनन्,' स्वास्थ्य चौकी तरहीका सिनियर अहेब अधिकृत उमेशकुमार साहले भने, 'औषधिको माग फारम भर्दा पहिला नै बुझिलिएको भरपाइ गर्न भन्छन्, हामीले अस्वीकार गर्दा अनाहकमा दुःख दिइरहेका छन् ।'

अहिले मानसिक तनाब दिनका लागि सामूहिक रुपमै १२ वटा स्वास्थ्य चौकीका प्रमुखलाई मनपरी ढंगले सरुवा गरिदिएको उनले बताए ।

'स्वास्थ्य शाखाका सह-संयोजक महेशकुमार पण्डितमार्फत २ दिनको कार्यक्रम गराउँदा पनि १ दिनमै सकाउँछन्,' उनले भने, 'त्यस विषयमा गुनासो गर्दा पूर्वाग्रही व्यवहार गरिरहँदा स्वास्थ्य चौकी नै बन्द गर्नुपर्ने अवस्था आइसकेको छ ।'



स्वास्थ्य चौकी कविलासाका सिनियर अहेब अधिकृत मो.जाकिर हुसैनले चौकीमा औषधि नहुँदा सेवाग्राहीबाट पनि गाली सुन्नुपर्ने बाध्यता खेप्दै आएको बताए। 'स्वास्थ्य जस्तो संवेदनशिल क्षेत्रमा पनि कमिसन खोज्ने परिपाटीले स्वास्थ्यकर्मीलाई गाली खानुपर्छ,' उनले भने, 'अब पनि रबैया नसुधारे बाध्य भएर कामकाज ठप्प पार्छौं ।'

आन्दोलित १२ जना स्वास्थ्यकर्मीले कर्मचारीको स्तरवृद्धि कार्यमा भइरहेको लेनदेन, पहुँचका आधारमा मूल्यांकन तथा मनपरी ढंगले गरिएको सामूहिक सरुवा प्रक्रिया रोक्नुपर्ने माग गरे । माग सम्बोधन नभए आगामी निर्वाचनमा पनि नखट्ने उनीहरूले चेतावनी समेत दिए ।

प्रमुख प्रशासकीय अधिकृत मण्डलले कर्मचारीले लगाएका भ्रष्टाचारको आरोप निराधार रहेको बताए। 'सरुवा नियमसम्मत छ र सोहीअनुसार नै भएको हो,' उनले भने, 'औषधि खरिद प्रक्रियामा समय लागेकाले स्वास्थ्य चौकीमा पूर्ति हुन सकेन, अब छिट्टै पूर्ति गर्छौं ।'

नगर प्रमुख रामलखन मलाहले स्वास्थ्यका कर्मचारीले झूटो आरोप लगाइरहेको दाबी गरेका छन् । 'जनगुनासोपछि उनीहरूलाई फेरबदल गरेका हौं, खासै दूरी पनि छैन,' उनले भने, 'तर, वेमतलवमा झूटा आरोप लगाएर विवाद गर्न खोजिएको हो ।'

# मुख्यन्यायाधिवक्ताले गरे शपथ ग्रहण

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका नवनियुक्त मुख्यन्यायाधिवक्ता डा. सुनिल रंजन सिंहले बुधवार पद तथा गोपनीयताको शपथ ग्रहण गरेका छन् ।

उच्च अदालत जनकपुरधामका मुख्य न्यायाधीश टेक नारायण कुवँरले प्रदेश प्रमुखको कार्यालयमा आयोजित एक समारोहका बीच डा. सिंहलाई शपथ ग्रहण गराएका हुन् ।



मधेश प्रदेशका प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णको उपस्थितिमा सम्पन्न शपथ ग्रहण समारोहमा प्रदेश सरकारका उच्च अधिकारीहरू तथा कानुनी क्षेत्रका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । शपथपछि डा. सिंहले संविधान र कानूनको पालना गर्दै प्रदेश सरकारको तर्फबाट कानुनी परामर्श र बहसलाई प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरे ।

उनले न्यायिक प्रक्रिया सुदृढ गर्दै सुशासन र विधिको शासनलाई प्राथमिकतामा राख्ने बताए । प्रदेश प्रमुखको कार्यालयले जारी गरेको विज्ञप्ति अनुसार शपथ ग्रहणसँगै डा. सिंहले औपचारिक रूपमा मुख्य न्यायाधिवक्ताको जिम्मेवारी सम्हालेका छन् ।

# अद्यावधिकका लागि निवेदन



**टुडे समाचारदाता**

जनकपुरधाम । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र जनता समाजवादी पार्टी (नेपाल)ले एकीकृत पार्टीको विवरण अद्यावधिकका लागि निर्वाचन आयोगमा निवेदन दिएका छन् ।

एकीकरणपछि जसपा नेपालले विवरण अद्यावधिकका लागि आयोगमा निवेदन दिएका हुन् । आयोगको कानुन तथा राजनीतिक दल व्यवस्थापन महाशाखाले निवेदन प्राप्त भएको जानकारी दिएको छ ।

गत आइतबार मात्रै जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव र लोसपा अध्यक्ष महन्थ ठाकुरबीच एकीकरण सम्झौता भएको थियो । एकीकरणपछि पार्टीको नाम जसपा नेपाल नै राखिएको छ । पार्टीको चुनाव चिह्न छाता राखिएको छ ।

नवगठित पार्टीको संरक्षकमा महन्थ ठाकुर र अध्यक्षमा उपेन्द्र यादव रहेका छन् । दुई पार्टी एक भएपछि लोसपाले समानुपातिकतर्फ दिएको उम्मेदवारी फिर्ता लिएको छ । लोसपाका नेताहरूलाई उम्मेदवारी फिर्ता लिन लगाएर जसपाको समानुपातिक सूचीमा राखिएको छ ।

# ७ हजार क्विन्टल बढी धान खरिदियो

**टुडे समाचारदाता**

वीरगञ्ज । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड वीरगन्ज शाखाले दैनिक औसत ३ सय ५० क्विन्टल धान खरिद गरिरहेको छ ।

शाखा प्रमुख पंकज झाका अनुसार बुधबारसम्म ७ हजार ७ सय क्विन्टल धान खरिद गरिसकिएको छ । शाखाले यस वर्षदेखि नै टोकन प्रणालीबाट किसानको धान खरिद गर्न थालेकामा वितरित २ सय ७५ टोकनमध्ये बुधबारसम्ममा २ सय ४ टोकनबाट धान खरिद भइसकेको छ। शाखाले किसानलाई ४० क्विन्टल धान खरिदको दरले टोकन वितरण गरेको छ ।

लक्ष्यअनुरुप टोकन लगेका किसानले धान नल्याए वैकल्पिक व्यवस्थाका लागि थप एक दर्जन किसानलाई टोकन वितरण गरिएको बताउँदै झाले टोकन पाएका किसानबाट लक्ष्यअनुरुप धान नआए प्रतीक्षा सूचीमा रहेका किसानबाट धान खरिद गरिने जानकारी दिएका छन् ।



शाखामा पर्सा, बारा र रौतहट जिल्लाबाट समेत किसानले धान बिक्री गर्न ल्याएका छन् । यस वर्ष शाखाले १० हजार क्विन्टल धान खरिदको कोटा पाएको छ । टोकन लगेका किसानबाटै यति परिमाणमा धान खरिद हुने सम्भावना छ । माघको पहिलो सातासम्म धान खरिद गर्ने योजना शाखाको छ ।

यस वर्ष पनि शाखाले सोना मन्सुली धान मात्र खरिद गरिरहेको छ । सोना मन्सुली धानको समर्थन मूल्य संघीय सरकारले प्रतिक्विन्टल ३ हजार ६ सय २८ रुपैयाँ ३३ पैसा निर्धारण गरेकाले शाखाले पनि सोही मूल्यमा खरिद गरिरहेको छ ।

# निर्वाचनका लागि कर्मचारी विवरण माग

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश निर्वाचन कार्यालय जनकपुरधामले प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि धनुषा जिल्लाका सबै सरकारी तथा सम्बन्धित कार्यालयसँग कर्मचारी विवरण माग गरेको छ ।

प्रदेश निर्वाचन अधिकारी रोम बहादुर महतद्वारा जारी पत्रअनुसार प्रतिनिधिसभा सदस्य निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०८२ को दफा ४ को उपदफा २ र ३ बमोजिम निर्वाचनमा खटाउन सकिने जनशक्तिको विवरण संकलन गर्न लागिएको छ ।

त्यसका लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, सरकारी स्वामित्व वा नियन्त्रणमा रहेका संस्था, सरकारी अनुदानमा सञ्चालित संस्था, विश्वविद्यालय तथा सामुदायिक विद्यालयमा कार्यरत कर्मचारीको विवरण उपलब्ध गराउन निर्देशन समेत दिइएको छ । पत्रमा तोकिएको ढाँचाअनुसार अनुसूची-१ र अनुसूची-२ मा कर्मचारी विवरण भरी पाँच दिनभित्र प्रदेश निर्वाचन कार्यालय धनुषामा पठाउन अनुरोध गरिएको छ । प्रदेश निर्वाचन कार्यालयका अनुसार आवश्यक ढाँचा कार्यालयको आधिकारिक फेसबुक पेजबाट डाउनलोड गर्न सकिने व्यवस्था गरिएको छ । संकलित विवरण ई-मेलमार्फत पठाउन भनिएको छ । निर्वाचनको पूर्वतयारीअन्तर्गत जनशक्ति व्यवस्थापनलाई प्रभावकारी बनाउन कर्मचारी विवरण संकलन प्रक्रिया सुरु गरिएको प्रदेश निर्वाचन कार्यालयको भनाइ छ। कार्यालयले सबै सम्बन्धित निकायलाई समयमै विवरण उपलब्ध गराउन आग्रह गरेको छ।

प्रदेश निर्वाचन कार्यालयले 'स्वतन्त्र र निष्पक्ष निर्वाचनः राष्ट्रको गौरव' भन्ने नारासहित निर्वाचन तयारीलाई व्यवस्थित बनाइरहेको जनाएको छ।



मतदान गर्ने अधिकारको प्रयोग गरौं ।

- लोकतान्त्रिक शासन व्यवस्थामा मतदानको प्रक्रियामार्फत शासनमा सहभागी होऔं ।
- मतदानको समयमा विवेकको प्रयोग गरौं ।
- मतदान गरेर नागरिकको अधिकार र कर्तव्य निर्वाह गरौं ।
- जनतामा निहित सार्वभौमसत्ताको प्रयोग गरौं ।
- निर्वाचनको माध्यमबाट शासन व्यवस्थालाई वैधता प्रदान गरौं ।
- असल, विवेकशील, गतिशील र दुरदर्शी नेतृत्व चयन गरौं ।
- सुशासन कायम गरौं र सुशासनका लागि निरन्तर खबरदारी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८